# विद्रोही प्राज्ञ : प्रेमा शाह

(जीवनी)

नई प्रकाशन
२०५२

# विद्रोही प्राज्ञ प्रेमा शाह

नरेन्द्रराज प्रसाई

प्रकाशक : **नइ प्रकाशन**
पोस्टबक्स : ११४४१, काठमाडौं (नेपाल)
टेलिफोन : ४७७१४५५, ४७७०५८०
Email : nai.com.np@gmail.com
website : www.nai.com.np
संशोधक : उपेन्द्र सुवेदी तथा लवप्रसाद भण्डारी
आवरण फोटो : प्रेमा शाह
आवरण फोटो सौजन्य : जल शाह
पृष्ठ फोटो सौजन्य : डा. कञ्चनजङ्घा प्रसाई
साजसज्जा : के.के. कर्माचार्य
मुद्रक : ऋचा अफसेट प्रेस
नइ कृतिमाला : १३७
© सुरक्षित, २०७५ साल (2018)
ISBN: 978-9937-509-56-5
Biography of Prema Shah by Narendra Raj Prasai

'विद्रोही प्राज्ञ : प्रेमा शाह' पढिन्जेल मैले आफूलाई प्रेमा शाहकै युगमा पुऱ्याएँ । यस कृतिले प्रेमाको सर्वपक्षीय व्यक्तित्वको यथार्थ चित्रण गर्नुका साथै उच्चतम् मूल्याङ्कन गरिदिएको छ । नरेन्द्रराज प्रसाईको जीवनी लेखनशैली औपन्यासिक हुनाले प्रेमाको जीवनमा तलमाथि घटेका सुखद र दु:खद (उज्याला र अँध्यारा) घटनाहरूमा समेत माधुर्य थपिएको छ ।

**• काशीनाथ तमोट**

मेरी आमाबारे नरेन्द्र मामाले यति व्यापक खोज र अनुसन्धान गरेर 'विद्रोही प्राज्ञ : प्रेमा शाह' लेख्नुभएको छ, यसबारे वर्णन गर्ने अहिले मसँग कुनै शब्द छैन । पढ्दै जाँदा मेरी आमालाई मैले यस कृतिभित्रै देखिरहें, उहाँ मसँगै हुनुहुन्छ भन्ने मलाई भान भइरह्यो । मेरो जीवनको सर्वस्व मेरी आमाको अभावमा मलाई जुन रिक्तताले घेरेको छ त्यसमा यस कृतिका अक्षरअक्षरले मेरी आमाको झल्को दिइरहेको मैले पाएँ । सूक्ष्म, गहन र पारदर्शी ढङ्गले सरल र सहज भाषाशैलीमा लेखिएको 'विद्रोही प्राज्ञ : प्रेमा शाह' मेरी आमा विषयको एउटा पूर्ण सालिक हो, जसमा सास मात्र छैन ।

**• जल शाह**

'विद्रोही प्राज्ञ : प्रेमा शाह' पढुन्जेल मैले प्रेमा शाहलाई भेटेका ती दिनहरू झलझली सम्झिरहें । एकै बैठकमा मैले यो पुस्तक पढी सिध्याएँ, जसले यसको रोचकता देखाउँछ । यो जीवनीकृति नरेन्द्रराज प्रसाईको जीवनीलेखनको सिद्धहस्तताको प्रमाण हो ।

**• डा.ध्रुवचन्द्र गौतम**
(आख्यानपुरुष)

नरेन्द्रराज प्रसाईले धेरै कुराको सन्धान गरेर 'विद्रोही प्राज्ञ : प्रेमा शाह' लेख्नुभएको छ । प्रसाईले यस कृतिमा नेपाली साहित्यकी एक त्यस्ती सशक्त स्रष्टाबारे गहन र विषद् व्याख्या गरिदिनुभएको छ जसलाई नेपाली साहित्यका विविध विधामा बहुमूल्य योगदान गर्ने विशिष्ट प्रतिभाका रूपमा स्मरण गरिन्छ ।

**• पुरुषोत्तम बस्नेत**

आधुनिक नेपाली आख्यानका विकासयात्रामा सांस्कृतिक मानवशास्त्र र आदिमतापरक मानवीय संवेदनाहरूलाई पनि कथ्यका रूपमा प्रयोग गरेको देखिन्छ । यस्ता संवेदनालाई अन्तरकथ्यका रूपमा व्यक्त गर्ने आख्यान स्रष्टामध्ये प्रेमा शाहको अग्रणी भूमिका छ । उनको जीवनयात्रा र सिर्जनक्रमको विकासलाई अध्ययनको केन्द्रीय विषय बनाई नरेन्द्रराज प्रसाईले प्रेमा शाहलाई व्यापक पृष्ठाधारमा उभ्याएका छन् ।

'विद्रोही प्राज्ञ : प्रेमा शाह' नेपाली जीवनीसाहित्यको परम्परामा जहाँ एक नवीन मूल्यवत्तापूर्ण प्राप्तिका रूपमा स्थापित हुन आएको छ त्यहीँ प्रेमा शाहको साहित्यको अध्ययन परम्परामा पनि मौलिक र प्रामाणिक प्राज्ञिक प्राप्तिका रूपमा गहकिलो उपलब्धि बन्न गएको छ ।

**• प्रा.राजेन्द्र सुवेदी**

नरेन्द्रराज प्रसाईको जीवनीलेखनमा खोज र सूचनाशीलतासँगै शैलीसौरभ र प्राय: संज्ञानका आधिकारिकतासँगै तीव्र भावज्वार पनि हुने कारणले उहाँबाट जतिको जीवनी लेखियो ती सबै प्रामाणिक रूपमा रहे र उहाँका परवर्ती क्रमिक जीवनीरचना साहित्यिक रम्यतासमेतका कारणले विशेष स्थापित भए । जीवनीलेखनको सानदार शैलीगत सौष्ठव र गद्यलेखनका गौरवशाली प्रतिमानको प्रस्तुति गर्ने सीपका प्राप्तिका धनी प्रसाईद्वारै प्रेमा शाहको पनि जीवनी लेखिनु जीवनीसाहित्यको विस्तारका लागि थप अर्को विशिष्ट उपलब्धि मान्न सकिन्छ ।

अकस्मात् उदाएकी अत्यन्त सुन्दर र महान् स्रष्टा प्रेमा शाह त्यस युगकी एउटी सशक्त र अजर, अमर साधक हुन् । नेपाली साहित्यकी एउटी विशिष्ट स्रष्टा प्रेमा शाहको जीवनी अर्का अनुभवी र सिद्धहस्त जीवनीकार नरेन्द्रराज प्रसाईबाट लेखिनु अत्यन्तै गौरवी विषय हुँदै हो । त्यसमाथि शाह मेरी मन परेकी एक अब्बल स्रष्टा तथा विद्यार्थी र प्रसाई पनि चाखिलो सोधखोजको र सुन्दर प्रस्तुतिका मिठासको सहवरणका सिर्जनसामर्थ्यले गर्दा मेरा प्रिय र कुशल जीवनीकार भएका कारण मलाई 'विद्रोही प्राज्ञ : प्रेमा शाह' कृतिप्रति आफू झन् नजिक भएको अनुभूति भएको छ ।

**• प्रा.डा.वासुदेव त्रिपाठी**
(महासमालोचक)

# विषयसूची

**(क) प्रकाशकीय** • ९
**(ख) जलपत्र (लेखकीय)** • ११
**(ग) जलपत्र (प्रतिक्रिया)** • २१

१. प्रेमा शाहको जन्म • ३१
२. प्रेमा शाहको शिक्षा • ३४
३. प्रेमा शाहको चर्चा र प्रभाव • ४०
४. प्रेमा शाहसँग पुरुष आकर्षण • ४५
५. प्रेमा शाह र पुरुषोत्तम बस्नेतको प्रेम • ५३
६. प्रेमा शाहको विवाह • ६८
७. प्रेमा शाहद्वारा तमोटलाई चिठीहरू • ७९
८. प्रेमा शाहको यौन चिन्तन • १०५
९. प्रेमा शाहका कृति र प्रेमापथ • १११
१०. प्रेमा शाहको 'एउटै सम्भोग' • १२३
११. प्रेमा शाहको जागिर • १३३
१२. प्रेमा शाहको उत्तरार्ध र जल शाह • १४०

- **सन्दर्भस्रोत** • १४४
- **लेखक परिचय** • १४६

# प्रकाशकीय

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशनको स्थापना भएको हो । नेपाली भाषा संसारप्रतिको साधनाहेतु जन्मेको नइ प्रकाशन वसुधैव कुटुम्बकम्को आदर्शमा आबद्ध छ । नइ प्रकाशनले परम्परागत सांस्कृतिक मूल्य, मान्यता र धारणालाई सदैव शिरोपर गर्दै आएको छ । देशदेशान्तरका प्रतिभाको सम्मान गर्नु यस संस्थाको अर्को प्रमुख उद्देश्य रहेको छ ।

नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुदलगायत अन्य विविध क्षेत्रका प्रतिभाको खोजी र तिनीहरूको अर्चनामा नइ प्रकाशन अग्रसर छ । यस संस्थाबाट बेलामौकामा विभिन्न सांस्कृतिक कार्यहरूका अतिरिक्त विविध ग्रन्थमालाहरूको पनि प्रकाशन भइरहेको छ ।

नइ प्रकाशन विशुद्ध नेपाली मूल्य, मान्यता र धारणालाई अङ्गीकार गर्दै नेपाली प्रतिभाका सिर्जनात्मक कौशललाई सुन्दर एवम् सुरुचिपूर्ण ढङ्गले प्रस्तुत गर्नसमेत अग्रसर छ । जगत्मा जन्मेर जीवन चलाउन जमजमाउने हरेकले जन्मभूमिको जयगानमा आफूलाई समर्पित गर्नु नै उसको पुनीत कर्तव्य पनि हो । यसै सन्दर्भमा वाङ्मयसेवा पनि राष्ट्रसेवाको महत्त्वपूर्ण कडी हो भन्ने भावनाले यो संस्था उत्साहित छ ।

नइ प्रकाशनको प्रस्तावनामा उल्लिखित उद्देश्यअनुरूप विविध कार्यक्रम र योजनामुताबिक प्रस्तुत कृति पनि प्रकाशनमा आएको हो ।

नरेन्द्रराज प्रसाईको नेपाली भाषासाहित्यमा सङ्गठनात्मक शैली र सिर्जनात्मक कार्य बराबरी मानिन्छ । प्रसाईको सिर्जनात्मक लेखनकार्यमध्ये जीवनीलेखनलाई मुख्य रूपमा लिइन्छ । प्रसाईद्वारा लिखित तथा सम्पादित साढे छ दर्जनजति कृतिमध्ये दुई दर्जनभन्दा बढी जीवनीकृति प्रकाशित भइसकेका छन् भने सात सय वटाभन्दा बढी फुटकर लेख र जीवनी प्रकाशनमा आइसकेका छन् ।

नेपाली भाषासाहित्यका विशिष्ट प्रतिभाको नाउँ 'प्रेमा शाह' हो । प्रेमा शाह नेपाली भाषाको कविता, कथा, उपन्यास तथा नाटक लेखनकी नारीचुली हुन् । नेपाली भाषामा यौनसाहित्य लेखनका माध्यमबाट सर्वोच्च स्थान ओगट्ने स्रष्टाको नाउँ पनि प्रेमा शाह नै हो । सानै उमेरमा ठूलो प्रसिद्धि प्राप्त गर्ने शाह यौनसाहित्यका सिद्धहस्त, अग्रणी र प्रेरक नाउँ मानिन्छ । कुनै एउटा समयको फेरोमा नेपाली साहित्यमा प्रेमा शाहको धेरै नै चहलपहल थियो । अथवा खास गरेर २०२० सालदेखि २०२७ सालसम्म जताततै प्रेमा शाहकै मात्र चर्चा चल्ने गर्थ्यो । त्यतिखेरका प्राय: सभासम्मेलनहरूमा समेत प्रेमा शाहको उपस्थितिलाई रौनक, आकर्षण र भव्यताका रूपमा हेरिन्थ्यो । उनी त्यस युगकी एउटी शक्तिशाली नारी स्रष्टा मानिन्थिन् । त्यस्ती वीराङ्गनाको जीवनी जनमाझ पुऱ्याउन वाञ्छनीय भएर नै 'विद्रोही प्राज्ञ : प्रेमा शाह' लाई प्रस्तुत गरिएको हो ।

नरेन्द्रराज प्रसाईकृत **विद्रोही प्राज्ञ : प्रेमा शाह**नामक कृति प्रकाशित गर्न पाउनु नइ प्रकाशनका लागि एउटा विशेष गौरवको अवसर भएको छ ।

• *नइ प्रकाशन*

# जलपत्र

## (लेखकीय)

प्रिय भान्जी जल शाह !

प्रेमा दिदीको स्वर्गारोहणको लगत्तै टेलिफोनमा तिमी र म सँगसँगै रोएका थियौं । त्यस बेला म अमेरिकैमा हुँदा पनि तिमी भएको ठाउँसम्म आउन सकेको थिइनँ । दिदी त गइन् तर यति छिट्टै दिदीले हामीलाई छाडी जान्छिन् भन्ने मलाई विश्वासै थिएन । त्यसैले मेरो मन धेरै दिनसम्म अँध्यारो नै भइरह्यो ।

तिम्री आमाले मलाई कति माया गर्थिन् ! उनी मसँग मनका कुरा गर्थिन्, उनी मसँग माइती र मावलीका कुरा गर्थिन् र उनी मसँग जिन्दगानीका कुरा गर्थिन् । उनी मसँग कुरा गरेर थाक्तिनथिइन्; किनभने तिम्री आमाका कुरा धेरै थिए । त्यसैले टेलिफोनमा पनि हाम्रो कुरा भइरहन्थ्यो ।

बीस वर्षअघिको कुरा हो, एक पटक मेरो घरमा आउँदा उनले एउटा फूलको बुके लिएर आएकी थिइन् । अनि त्यस फूलको बुके उनले हामी नइलाई सँगै राखेर दिएकी थिइन् । उनले दिएको फूलको बुकेमा कुनकुन रङको फूल थियो; तिमीलाई सम्झना छ ? त्यसमा राता, सेता र पहेँला रङका गुलाफहरू थिए ।

'दिदी यो पहेँलो गुलाफ कति राम्रो छ है ।' त्यस बखत इन्दिराले दिदीसँग फूलको बयान गरेको पनि म सम्झने गर्छु ।

'यो बुकेमा फूलको रङ जलले छानेकी हुन् ।' त्यस बेला प्रेमा दिदीले जबाफका क्रममा भनेकी थिइन् ।

प्रेमा दिदीको कत्रो सान, कत्रो मन र कत्रो इच्छा ! कसैको घरमा जाँदा राणाको ढर्रा र ठकुरीको शैली उनीमा जीवितै थियो । उनको व्यक्तित्वको चमक एकातिर विशिष्ट थियो भने अर्कातिर उनको मान्छेप्रतिको व्यवहार नै सुगन्धित फूलझैं थियो । उनको त्यही गुणका कारणले म पनि उनीसँग गलेको थिएँ र म पनि उनका पछिपछि लागिरहें ।

प्रेमा दिदीको लेखनमा शक्ति थियो । उनका समकालीन पुस्ता र त्यसअघिपछिका स्रष्टाले त्यसै बेला भन्ने गर्थे प्रेमा शाह अन्तर्राष्ट्रिय स्तरकी स्रष्टा हुन् । तर उनको त्यस्तो शक्तिशाली प्रतिभाको जति प्रयोग हुनुपर्थ्यो त्यति भएको देखिएन । उनमा भएको अजस्र प्रतिभाको स्रोत भनेजस्तो ढङ्गबाट खुल्न सकेन । उनमा भएको प्रतिभाको मुहान उनीभित्रै गुम्सियो र क्रमशः सुक्तै गयो र सुक्यो ।

२०५८ सालतिरको कुरा हो; प्रेमा दिदीले मलाई भनेकी थिइन्, 'म एउटा उपन्यास लेख्तै छु ।' तर दिदीको त्यो उपन्यास पनि मैले देख्न पाइनँ, भान्जी !

प्रिय जल !

प्रेमा दिदीले नलेखेपछि उनको जीवनकथा म लेख्छु भनेर मैले तिमीलाई भनेको थिएँ नि, लेखें । 'विद्रोही प्राज्ञ : प्रेमा शाह' को सम्पूर्ण पाठ पढेपछि तिमीलाई लाग्ला 'यो मामाले मेरी आमाको यौन (Sex) को प्रसङ्गलाई चाहिँ किन यति धेरै अघि सारेको होला ?' तर यसलाई तिमीले असजिलो रूपमा नलिनू । 'यौन' आफैंमा खराब, बेइज्जती र असभ्य कुरा हुँदै होइन । 'यौन' त ईश्वरको साक्षात् स्वरूप हो । 'यौन' भनेको 'जान्नेहरूका लागि श्रीखण्ड' नै हो । त्यसैले प्रयोक्ताको औकातको हिसाबले मात्र 'यौन' को मूल्याङ्कन हुन सक्छ । सृष्टिको अनुपम

वरदान नै 'यौन' हो । दिव्य चक्षु खुलेका मनुष्यका लागि प्रेमको परिपूर्णता पनि 'यौन' नै हो । 'यौन' अनुभूतिको सागर हो । प्रयोक्ताको दृष्टिबिन्दुका आधारमा, प्रयोक्ताको ग्रहणशीलताका आधारमा 'यौन' को महत्ता कतै चुलिन्छ र कतै विकृतिको पराकाष्ठामा पुगेर पनि नाङ्गिन्छ । प्रेमा दिदीभित्र विद्वताको गहिरो कुवा छताछुल्ल थियो । उनको विदुषी चिन्तनले हरेक विषय र वस्तुप्रतिको उनको दृष्टिकोण विराट् थियो । त्यसैले प्रेमा दिदीले मानवीय जीवनको अमूल्य निधि 'यौन' का केस्राकेस्रा केलाउने हिम्मत गरेकी थिइन् । प्रेमा दिदीले रोजेको यौनसाहित्य उनको दर्शन हो । त्यही दर्शनमा आबद्ध हुँदा नै उनले 'पहेँलो गुलाफ' जस्तो शाश्वत कृति लेखिन् । साथै 'एउटै सम्भोग' नै पनि उनको यौनचिन्तनको निष्कर्ष हो ।

प्रेमा दिदीले जुन समयमा 'यौन' (Sex) लाई आफ्नो लेखनको मूल विषयवस्तु अर्थात् दर्शनका रूपमा रोजिन् । त्यस समयका लागि त्यो ठूलो चुनौती नै थियो । त्यतिखेर पुरुषहरूले नै पनि लुकीलुकी अँध्यारो कुनामा मात्र 'यौन' का कुरा गर्ने र एकान्तमा बसेर यौनका किताब पढ्ने चलन थियो । त्यस युगमा एउटी मस्त युवतीले सार्वजनिक समारोहमा खुल्लेआम 'यौन' का बारेमा कविता वाचन गर्नु भनेको आश्चर्य, अनौठो र ठूलै साहसको कुरा थियो ।

सबैलाई थाहा भएकै कुरा हो, 'यौन' बाट कोही भाग्न सक्तैन । चराचर जगत् सञ्चालन गर्ने, गराउने 'यौन' सर्वोपरी शक्ति भएको सबैलाई जानकारी छ । तर पनि प्राणीमध्ये मानिस नै सभ्यताका खातिर 'यौन' कार्य त लुकेर गर्छ नै ! तर मानिसले 'यौन' का कुरा पनि लुकेरै गर्छ । यही लुकाएर राखिएको खुल्ला सत्य 'यौन' का कुरा प्रेमा दिदीले खुलेर गरिदिइन् । त्यस बेला त्यस्तो साहसी कदम चाल्नु भनेको परम्परा र आदर्शका विरुद्धको विद्रोह थियो । यसै कारण जोडिनाले प्रेमा दिदी विद्रोही प्राज्ञका रूपमा स्थापित भइन् ।

जल नानी !

स्त्री जातिको एक पटक विवाह भइसकेपछि उक्त विवाह गरिएको पुरुष जस्तोसुकै नामर्द, नालायक वा व्यभिचारी भए पनि उक्त स्त्रीले सोही पुरुषलाई देवतुल्य मानेर उसैसँग आजीवन जीवन बिताउनुपर्छ भन्ने त्यस युगको मान्यता थियो । तर त्यस्तो तुच्छ मान्यतालाई प्रेमा दिदीले आफ्ना पैतालाको धूलो छर्किदिइन् । अनि जानेर होस् या नजानेर होस् उनका विचारमा पुरुषहरूले नै थप्पडी मार्न थाले । त्यसपछि सामाजिक मान्यताबाट पनि उनले आफू एक्कै चोटि शिखर पुगेको गौरवीबोध गरिन् । उनी यौन अथवा भनौं सेक्स साहित्यकी सफल स्रष्टाका रूपमा देखा परिन् ।

प्रेमा दिदी लेखनमा मात्र होइन आफ्नो जीवन परिचालनका लागि पनि आफ्नो प्रवर्तक आफैं बन्न चाहन्थिन् । त्यसैले उनले प्रथम लोग्ने आफ्ना लागि अनुपयुक्त ठहर गरिन् । किनभने उक्त पुरुष उनको स्वाभिमानका लागि बेमेल थिए । सो कुराको ज्ञात भएपछि उनले ती पुरुषलाई सजिलैसँग त्यागिदिइन् । यो कार्य पनि त्यस युगका लागि सानो विद्रोह थिएन । औपचारिक रूपमा उनी एउटै लोग्नेसम्ममा पनि अडिनन् । उनले फेरि अर्को लोग्ने छानिन् । साथै ती लोग्नेमान्छे पनि उनका लागि उपयुक्त नभएपछि उनलाई पनि त्यागिदिइन् । यसरी पितृसत्तात्मक समाजमा एउटी स्त्रीद्वारा गरिएको यस प्रकारको क्रियाकलाप पनि त्यस युगका लागि निकै ठूलो विद्रोह थियो ।

अर्को कुरा नेपाली साहित्यमा वर्चस्व भएको आवरणीय साहित्यिक मैदानमा यौनलाई खुल्ला रूपमा मुखरित गर्नु त्यस युगका लागि प्रेमा शाहको ठूलै साहसिक कदम थियो । साहित्यिक जगत्मा एउटी युवतीले सेक्सबारे खुलेरै लिखित र मौखिक प्रस्तुति गर्नु प्रेमाको विशेष विद्रोह थियो ।

प्रिय भान्जी !

प्रेमा दिदीले यथार्थवादी धाराको जीवन बाँचिन् । समाजले उनका लागि गाडेको कीलाको वरिपरि घुमेर पशुतुल्य जीवन बिताउन पनि उनलाई मन्जुर थिएन । अस्तित्ववादकी अनुसारिणीको सग्लो नाउँ नै प्रेमा शाह थियो । त्यसैले प्रेमा दिदीले आफ्नो जीवन आफ्नै ढाँचामा बिताउन मन पराइन् । यसै क्रममा उनले कति रगत बगाइन् वा पसिना बगाइन् त्यसको नालीबेली उनले सायद तिमीबाहेक कसैसँग कहिल्यै कहिनन् । सदा सर्वदा शिर ठाडो गरेर, मधुर मुस्कानका साथ समाजसामु देखा पर्ने उनको व्यक्तित्वका सामु जोकोही धेरैबेर उभिन पनि सक्तैनथे ।

प्रिय जल !

अब रह्यो प्रेमा दिदीका दुई पतिको कुरा ! हामी हिन्दूहरूले महाभारतको कथा पढेका छौं, त्यसबारेको चलचित्र पनि हेरेका छौं । पाँच पति भएकी द्रौपदी पनि हाम्रै समाजकी आराध्या देवी छिन् । हाम्रै देशका कुनैकुनै भेगमा अहिले पनि बहुपति प्रथा छँदै छ । पितृसत्तात्मक समाजद्वारा बहुपत्नी प्रथा स्वीकार्य र बहुपति प्रथा हटाइएको हो । मातृसत्तात्मक हालीमुहालीमा पुरुष पीडित हुनु र पितृसत्तात्मक हालीमुहालीमा स्त्री प्रताडित गरिनु पनि खासै अनौठो कुरा होइन; यो त सत्ताको खेल मात्र न हो । त्यसैले प्रेमा दिदीका जीवनमा आइपरेका यी तथ्यहरू पनि गौण हुन् । भगवान् र भगवती मानिएकाहरूको त यौनजीवन (Sex life) स्वतन्त्र अथवा भनौं छाडा थियो भने हामी त उनीहरूकै अनुकम्पाबाट जन्मेका मानव न हौं ।

जल !

यौन (Sex) लाई मानवीय जीवनको अति प्रिय, अति आवश्यक र अति गौरवशाली शक्ति पनि मानिन्छ । विशिष्ट यौन समागमका विविध भङ्गीमा प्रदर्शन गरिएका मूर्ति र चित्रहरू

हामीले पूजा गर्ने मन्दिरका टुँडालहरूमा समेत देख्न सक्छौं । प्राचीन कालदेखि नै यौनका यी विविध गतिविधिहरू सार्वजनिक रूपमा प्रस्तुत गरिँदै आइयो । यसबाट पनि के बुझ्न सकिन्छ भने हाम्रो परम्परा, धर्म र संस्कृतिले पनि यौनलाई उच्चस्तरीय सम्मान दिएको छ । यी विविध यथार्थबाट के बुझ्न जरुरी छ भने सेक्स मानवीय जीवनको घृणित, अवाञ्छित र फोहोरी खेल नभएर यो एउटा पवित्र सिर्जनात्मक र कलात्मक शैली हो । अझ शास्त्रीय अर्थको खोजी गर्ने हो भने यौनक्रिया परमतत्त्व प्राप्तिकै अर्को एउटा शाश्वत पथ पनि हो ।

प्रिय नानी !

एकछिनलाई हामी धर्म र संस्कृतिका कुरा पनि छाडिदिऊँ । मानवीय सामाजिक, पारिवारिक, मानसिक र जैविक आवश्यकता पूरा गर्ने क्रममा एउटा पुरुषबाट धोका पाएपछि अर्को पुरुषको चयन गर्नु आफैंमा त्यस्तो विवादको विषय पनि होइन । प्रेमा दिदीले पनि एक पटकको वैवाहिक छललाई अर्को पटक सच्याउन खोजेकी मात्र थिइन् । तर दोस्रो पटकको उनको जीवनसाथी भनाउँदाले पनि उनको भावनासँग नराम्रोसँग खेल्ने काम गरेका थिए । एउटा धोकापछि अर्को धोका पाएपछि प्रेमा दिदीले आफ्नो जीवन आफ्नी छोरी अथवा भनौं तिमीमा समर्पण गरेकी थिइन् । प्रेमा दिदीको जीवनको तिर्खा मेटाउने कारणले नै होला दिदीले तिम्रो नाउँ नै 'जल' राखिदिइन् । वास्तवमा 'जल' सिँचेर नै हुनुपर्छ निरस हुनुपर्ने ७३ वर्षीय प्रेमा दिदीको जीवन रसिलो रह्‍यो । त्यसैले प्रेमा दिदीको व्यक्तित्वका विविध पाटामा देखा परेका विशिष्ट कोटीका विशेषताहरूमा रम्नुको साटो अनावश्यक टीकाटिप्पणीमा रुमलिनु आवश्यक छ जस्तो मलाई लाग्दैन ।

प्रिय भान्जी !

मैले २०६३ सालमा नै 'नारीचुली' मा प्रेमा दिदीबारे पनि बीउ छरेको थिएँ । अहिलेको मेरो 'विद्रोही प्राज्ञ : प्रेमा शाह' त्यसैको

ऋाङ्गिएको स्वरूप हो । तिम्री आमासँगको वातचितका आधारहरूलाई आड बनाएर पनि मैले यो कृति जनमाऋ ल्याएको छु ।

'दिदी म हजुरको जीवनी लेख्छु', एक पटक मैले प्रेमा दिदीसमक्ष यो प्रस्ताव राखेको थिएँ । उनले हाँस्तै मलाई उत्तर दिएकी थिइन्, 'म मेरो आत्मकथा लेख्छु अनि तिमीले त त्यो पढ्नैपर्छ ।' हामी दिदीभाइबीच यो संवाद भएको वर्षौंवर्ष बितिसक्यो । खै त उनको आत्मकथा ! अरूहरूले उनको जीवन कसरी पढ्ने; खोई ?

प्रिय भान्जी ! के दिदीले आत्मकथा लेखेर थन्क्याएकी छिन् र ? मलाई लाग्छ, लेखेकी छैनन् । पछि लेखेकी भए त मैले पनि सुइँको पाउन सक्थेँ होला । उनले आत्मकथा लेख्तै लेखिनन् । तर यति हो मलाई दिदीले उनको जीवनकथाका धेरै प्रसङ्ग भनिसकेकी थिइन् । धेरै दिनको कुरा रह्यो, कति मैले बिर्सें र कति सम्झेँ । जेजे भए तापनि सबै जोडघटाउ गरेर मैले उनको जीवनी तयार गरेँ । अहिले मलाई पछुतो पनि लागिरहेको छ, भान्जी ! यदि मैले उनको जीवनकालमा नै उनको जीवनी लेखेको भए मलाई कति सजिलो हुन्थ्यो । दिदीकै मुखबाट मैले उनको सारा जीवन्त कथा सुन्न पाउने थिएँ । अनि मैले लेखेको उनको सिङ्गो जीवनीको किताब देखेरै उनी कति रमाउने थिइन् होला ! मेरो बीस वर्षजतिको साधनाको फल 'नारीचुली' हेरेर प्रेमा दिदी खुसी भएको म सम्झन्छु । 'कस्तो राम्रो किताब !' दिदीले 'नारीचुली' मा छापिएको सुनौलो अक्षर सुमसुम्याएर भनेको कुरा मलाई त अहिले भर्खर जस्तो पो लाग्छ ।

प्रिय जल !

प्रेमा दिदी पूर्ण मानव थिइन् । प्रेमा दिदी स्त्रीमा हुनुपर्ने सम्पूर्ण सुन्दरताले परिपूर्ण र भरिपूर्ण थिइन् । उनको स्वभाव पनि नरम र मायालु थियो । प्रेमा दिदी विदुषी हुनाका साथसाथै कुलघरान र सुसंस्कारले सुसज्जित थिइन् । प्रेमा दिदी इमानदार थिइन् । तर यति हुँदाहुँदै पनि उनको जीवनमा स्त्रीका लागि प्रकृतिले नै आवश्यक

मानेको औपचारिक जैविक पुरुषको अभाव रह्यो । प्रेमा दिदीको जीवनमा हरेक पटक उनका जैविक अन्तरङ्ग साथीहरूले नै छल गरे । एउटी नारीका लागि उसको अन्तरङ्ग ठहऱ्याइएको पुरुषबाट छल गरिनु भनेको ठूलो घात हो । तर यस्ता घातकसँग पनि सशक्त रूपमा नै पौंठेजोरी खेलेर, ती अन्यायी मानवलाई पराजित गरी तिनैलाई नै जग बनाएर प्रेमा दिदीले आफूलाई साहित्यको गजुर बनाइन् । जस्तोसुकै परिस्थितिसँग पनि सामना गरेर अघि बढ्ने विराङ्गनाको नाउँ नै हो– 'प्रेमा शाह ।'

मानवीय जीवन पनि अचम्मैको हुन्छ । साहित्यिक संसारमा आवाद प्रेमा दिदीको नश्वर संसारमा भने उनको निजी घर भएन, परिवर्तित हुने स्थायी थर भएन । तर त्यति हुँदाहुँदै पनि उनले आफूलाई सदा गतिवान् राखिन् । उनको जीवनमा उनी सग्लो, सुन्दरी र विशिष्ट कोटीकी नारी भएर पनि तिमीबाहेक उनले केही पाइनन् । जीवनको उत्तरार्धमा 'जल' र 'जल' ले अवतरण गराएकी 'कलश' नै उनको सम्पूर्ण जीवनको प्राप्ति मानेर उनी तृप्त भइन् । उनी यसैमा रमाइन् । उनको संसार जल र कलशमा नै आबद्ध भयो ।

प्रिय नानी जल !

नेपाली भाषासाहित्यमा गुणात्मक कृतिकी सर्जक प्रेमा शाहलाई उनैका कृतिले सुरक्षित राखिदिएको छ । थोरै समय लेखेर पनि सधैं बाँच्ने काम उनैले गरेर गएकी छिन् । नेपाली साहित्याकाशमा प्रेमा शाह भन्नु एउटा सशक्त स्रष्टाको नाउँ मानिन्छ । यौनसाहित्यले उनी ऊन् शिखरमा पुगिन्, उनको यौनसाहित्यमा समाज र व्यक्तिको चित्रण मात्र थिएन, एउटा उँचो दर्शन पनि थियो । त्यही यौनदर्शनका कारण उनको साहित्यमा बेग्लै आकाशको स्थापना भयो । खास गरेर उनको एउटा कविताले उनी सधैं तातो स्रष्टा भइरहिन् :

'आऊ मलाई सम्भोग गर ।'

प्रेमा दिदीको सबैभन्दा चर्चित कविता भनौं 'म सूर्यसँग सम्भोग गर्छु' भन्ने कविताले नेपाली साहित्याकाशमा भनेजस्तो गरी फुल्न पाएन । किनभने त्यस कविताको लिपि उनले पनि राखिनन् र अरूले पनि उनले वाचन गरेको कविता टिपेर जस्ताको तस्तै राखिदिएनन् । अनि त्यस कविताले अधुरै र अप्रकाशितै भएर रहनु पर्‍यो । तर पनि कति जीवन्त छ, यो कविता ! कति शाश्वत छ, यो कविता ! अनि कति प्रिय छ, यो कविता ! किनभने यो कविता एकातिर 'सम्भोग' ले दिने आनन्दतर्फ लक्षित छ भने अर्कातिर पृथ्वी र सूर्यका बीच दैनिक हुने समागमको खुलासामा पनि कवयित्री प्रेमा शाह अघि सरेकी छिन् । प्राकृतिक सत्य उद्घाटित भएको हुनाले पनि यस कविताले स्रोतालाई मुग्ध पारेको हुनुपर्छ भन्ने मलाई लागेको छ ।

प्रिय जल !

मैले 'विद्रोही प्राज्ञ : प्रेमा शाह' लेखैं । तिम्री आमाका जिन्दगानीका सुस्केरा लेखें । तिम्री आमाका खुसी र चोटका प्रसङ्ग पनि मैले भेटेसम्म लेखें । तिम्री आमाले धेरैलाई आफ्नो बनाउन खोज्दा उनी एक्लो परेको घटना पनि मैले लेखें । वास्तवमा तिम्री आमा मनकारी थिइन् । उनी आफूले खाइनखाई अरूलाई खुवाउने गर्थिन् । मैले सुनेको पनि थिएँ– उनले जागिरको पैसा थापेका दिन उनी दुवै हातले उडाउने गर्थिन् । उनका अघि गरिबगुरुवा उभिए भने उनको तलब त्यतै पनि बाँडचुँड हुने गर्थ्यो । तर उनले चाहिं कहिले मागेर खाइनन् । बरु उनी भोकै बस्थिन्, खाली पेट सुत्थिन् र पुराना र फाटेका लुगा लगाएर हिंड्थिन् । भनौं प्रेमा दिदी स्वाभिमानकी एउटा सक्कली नमुना पनि थिइन् ।

मैले 'विद्रोही प्राज्ञ : प्रेमा शाह' मलाई लेख्न मन लागेकाले लेखैं । दिदीकै स्नेह, आत्मीयता र विश्वास पाएको थिएँ र दिदीबाट मेरा कानमा खसेका कुरा नै मैले लेखैं । साथै तिमीलाई सम्झेर पनि

मैले तिम्री आमाको जीवनी लेखेँ । तिम्रो मप्रतिको स्नेह र विश्वासमा पनि मैले यो कृति लेखेँ । कति अधुरा कुरा तिमीबाटै टिपेर पनि मैले लेखेँ । साथै तिम्री आमासँग नजिक रहेका व्यक्तिहरू खोजीखोजी उनीहरूका दृष्टिकोण पनि केलाएर, चालेर र निफनेर मैले यसै कृतिमा प्रस्तुत गरेको छु । तिम्री आमा, तिमी र अरू पनि स्रोत जम्मा गरेर मैले यस कृतिलाई जनमाऊ ल्याएको हुँ ।

जल नानी !

तिम्री माइजू अथवा भनौं मेरी पुरोधिका इन्दिराका कारणले पनि मैले आफ्नो जीवनीलेखन यात्रा बढाएँ र 'विद्रोही प्राज्ञ : प्रेमा शाह' तिमी र पाठकलाई समर्पण गर्न पाएँ । यस कुरामा मलाई अझ थप गौरव लागेको छ ।

तिमीलाई माया गर्ने तिम्रो मामा

(नरेन्द्रराज प्रसाई)

# जलपत्र

**(प्रतिक्रिया)**

जल शाहलाई चिठीमार्फत 'विद्रोही प्राज्ञ : प्रेमा शाह' को भूमिका मैले ७ जुन २०१८ मा फेसबुकको मेरो गृहपृष्ठअन्तर्गत राखेको थिएँ । त्यसै चिठीमा आधारित कमेन्ट (टिप्पणी) हरूमध्ये केही विशिष्ट कोटिका कमेन्ट पनि थिए । अनि ती सिर्जना डिजिटलमा मात्र सीमित रहे भने एक दिन बिलाएर जान पनि सक्छन् । त्यसैले ती कमेन्टहरूमध्ये साहित्य, कला, शिक्षा तथा संस्कृतिका क्षेत्रमा विशिष्टता हासिल गरेका मेरा मान्यजन र प्रियजनका अमर वाणी मैले यसै कृतिमा प्रस्तुत गरेको छु ।

**• अप्सरा दाहाल**

नरेन्द्रराज प्रसाई सर ! हजुरले जल शाहलाई लेख्नुभएको चिठीले मेरो मथिङ्गलमा धेरै परिवर्तन आयो । यौन (Sex) विषयमा यति मर्यादित र घतलाग्दो लेख मैले पढेकै रहेनछु ।

**• उमा कार्की**

हजुरले जललाई लेखेको यौन (Sex) मैले दोहोऱ्याईदोहोऱ्याई पढेँ, झक्कास लाग्यो । यो चिठी पढेपछि मैले यौन (सेक्स) का विषयमा धेरै कुरा जानेँ । यौन भन्ने विषय कति शुद्ध र पवित्र रहेछ तर यसलाई भल्गर बनाइँदै आएको छ । सेक्स ईश्वर भगवान्को देन रहेछ र हो पनि; कति राम्ररी प्रस्टियो सेक्सबारेको विचारधारा ।

उँचो प्रेमा शाहलाई झन् उँचो बनाइदिनुभयो, उहाँ पनि त्यस्तै महान् हुनुहुँदो रहेछ । कतै शब्दको कन्जुस्याइ पनि छैन, हजुरले सफा दिलले लेख्नुभएको छ । चिठी पढेर एउटी वीराङ्गना प्रेमा शाहसँग मलाई खुबै श्रद्धा पलायो ।

**• डा. ऋषिराम शर्मा**

नरेन्द्रराज प्रसाईका कलममा जादु छ : पाठकलाई आफ्नो रचनाको मादकताले लट्ठ्याउने; मदहोसका साथ रचनाको अन्त्यसम्म डोऱ्याउनेछ । उनका कलमले छुँदा ढुङ्गा देउता बन्छ भने माटो गजुर !

प्रसाईले पारिजातलाई छोए उनी 'पारिजातको जीवनकथा' मा पुष्पित भइन्; उनले वाङदेललाई छोए उनको 'वाङदेलको जीवनयात्रा' मार्फत जीवन र कलाको सुवास फैलियो । उनले महाकवि देवकोटालाई छोए 'देवकोटाको जीवनशैली' ले उनलाई मरणोपरान्त पुनर्जीवन प्रदान गऱ्यो । उनले लेखेको भानुभक्त आचार्यको जीवनवृत्तले दुई सय वर्षअघिका भानुभक्तलाई सत्य, निष्ठा तथा जीवन्तताको कसीमा चामत्कारिक शैलीमा अवतरित गरायो !

प्रसाईले प्रेमा शाहलाई र उनको यौन (Sex) जीवनको रहस्यमय पाटोलाई यसरी छोइदिए कि यौनका गुप्त, कुरूप र अश्लीलताका मानक गर्लम्मै ढले र यौन (Sex) खुल्ला, सुन्दर र श्लील भएर उपस्थित भयो ।

सलाम छ, नरेन्द्रराज प्रसाईलाई प्रेमा शाहको जीवनका आन्तरिक यथार्थहरूमार्फत कैयौं प्रेमा शाहका मनका भाका गाइदिएकोमा । यस पत्रसाहित्यमार्फत स्वर्गीय प्रेमा शाहलाई यस धर्तीमा पुनर्जीवन प्रदान गरिदिने सिर्जनात्मक जीवनीलेखनका शीर्ष स्रष्टा प्रसाईलाई बधाई छ ।

• **प्रा. कपिल अज्ञात**

यौनलाई मानव जीवनको अमूल्य निधि सम्झेर यसको महत्त्वमाथि सुन्दर प्रकाश पारिएको पत्रात्मक निबन्धले मनलाई निकै तरङ्गित तुल्यायो । प्रेमा शाहले बेथितिमा पनि आफूलाई गतिवान् राखिन्, उनी यौनसाहित्यले शिखरमा पुगिन् र उनले प्राकृतिक सत्य उद्घाटन गरिन् । सुन्दर अभिव्यक्तिले नारी विद्रोहको मनमोहक वर्णन गर्दै बेजोड तर्कद्वारा नरेन्द्रराज प्रसाईले कथ्यको पुष्टि गरेको मैले पाएँ । पत्रको माध्यमबाट प्रस्तुत गरिएको यौनबारेको यो उत्कृष्ट लेखन हो ।

• **जल शाह**

मेरी आमाको यौनसाहित्य र जीवनका सम्बन्धमा नरेन्द्र मामाले लेखेको चिठी मैले रुँदै पढेँ । 'आऊ मलाई सम्भोग गर' भनेर लेखेको कविताको भावनालाई बोक्न सक्ने विद्वान् नरेन्द्र मामालाई मेरी आमाले धेरै माया र विश्वास गर्नुहुन्थ्यो । हो रहेछ, नरेन्द्र मामाको लेखाइमा ठूलो शक्ति र जादु रहेछ भन्ने थाहा भयो मलाई पनि । त्यसैले आमाले मामाको कुरा धेरै गर्नुहुँदो रहेछ, अहिले बुझ्दै छु म । मेरी आमालाई जीवित पारेर सम्मान र श्रद्धा गर्नुभएकोमा धन्यवाद ! Love you mama !

• **डा. झमक घिमिरे**

यौन या सेक्स सबै मान्छेमा हुन्छ । यसलाई अभिव्यक्त गर्ने शैली आआफ्नै हुन्छ । तर यसलाई अधिकांश नेपालीहरूले समस्याको रूपमा बुझ्छन् । यसलाई फोहोरी कुरा ठान्छन् । यो प्रकृतिको अनुपम वरदान हो भन्ने कुराको पुष्टि साहित्यकार नरेन्द्रराज प्रसाईले प्रेमा शाहको कथा, उनको जीवन र मनोविज्ञानलाई खोतलेर गरेका छन् ।

• **नरबहादुर दाहाल**

प्रेमा शाहको नाम भारतका धेरै नेपाली लेखकहरूले सुनेका छन् । उनको 'पहेँलो गुलाफ' साथै अन्य कथाहरू

पढ्नेहरू पनि केही होलान् । तर उनीसित भेटेर वातचित गर्ने सौभाग्य धेरै कम्तीले पाए होलान् । तपाईंको प्रेमा शाहमाथिको खोजपूर्ण लेखले धेरैलाई प्रेमा शाहको नजिक ल्याउनेछ । कुनै पनि लेखकहरूको कृति पढेपछि पाठकहरूमा लेखकहरूबारे पनि जान्ने जिज्ञासा रहन्छ । यस चिठीले प्रेमा शाहलाई चिनाउन ठूलो सहयोग गरेको छ ।

नेपाली नारी लेखकहरूमा प्रेमा शाह अत्यन्त सुन्दरी थिइन् । उनीसित मेरो परिचय केदारमान व्यथितको नेपाली साहित्य संस्थानद्वारा आयोजित प्रथम साहित्य सेमिनार झापामा भएको थियो ।

केही वर्षपछि प्रेमा शाह र मलाई लेखक रमेश विकलले उहाँको घर काठमाडौं, आरुबारीमा बोलाउनुभएको थियो र हामी सँगै गएका थियौं; साथमा उनी एक जना केटी जयन्तीलाई लिएर आएकी थिइन् । त्यस दिन हामीले रमेश विकलको घरमा खाना खाएर दिनभरि रमाइलो गरेका थियौं । अब ती दिन सम्झनामा मात्र रहेका छन् । आज न प्रेमा शाह छिन् न रमेश विकल छन् ।

**• प्रा.डा. प्रेम खत्री**

नरेन्द्र भाइ जस्तो सिद्धहस्त जीवनीकारको कलमबाट निसर्त उब्जेको जलपत्रले प्रेमा शाहको योग्यता र क्षमताको कदर मात्र गरेको छैन; यसले पाठकलाई प्रेमाको सेक्स दर्शनबारे पनि विशद ज्ञान दिएको मलाई अनुभूति भयो । हेर्दा पारिवारिक परिवेशमा रहेका आफन्तलाई थामथुम पार्न लेखिएको पत्र वा कतै काल्पनिक पात्रलाई त लेखेको होइन भन्ने पनि लाग्न सक्छ । तर जल शाह वास्तविक पात्र हुन् र यो जलपत्र आलेख (भूमिका) मात्र नभई प्रेमा शाहको यौन साहित्यमाथिको स्तरीय र सभ्य खुराकबारेको पूर्वसूचना पाठकलाई दिइएको समेत बुझिन्छ । म नरेन्द्र भाइको यही किताब पढ्ने प्रतीक्षामा छु ।

**• भगवती बस्नेत**

यौन (Sex) लाई अश्लीलताको पराकाष्ठा मान्ने हाम्रो समाजमा नरेन्द्र दाइले यौनका विषयमा जल शाहलाई सुन्दर र श्लील चिठीमार्फत यौन के हो भन्ने दर्शन प्रस्तुत गरिदिनाले यौन साहित्य विधाकै उचाइ बढेको मैले महसुस गरेकी छु । दाइको यथार्थवादी लेखनकी म फ्यान पनि हुँ ! दाइले लेखेको 'पारिजातको जीवनकथा' र 'देवकोटाको जीवनशैली' मैले पढेका कृति हुन् । आहा कति मिठास छ, दाइको लेखनमा ! नरेन्द्र दाइको अन्वेषणकलादेखि गीतलेखनसम्मको अविरल यात्रा मेरा लागि प्रेरणा पनि हो । दाइको कार्यशैली मलाई त चमत्कारी नै लाग्छ । नेपाली भाषासाहित्यमा गुणात्मक कृतिकी सर्जक प्रेमा शाहलाई दाइले पुनः जीवित गरिदिनुभएको छ । 'विद्रोही प्राज्ञ : प्रेमा शाह' मा उहाँको बारेमा अरू बढी जान्ने, बुझ्ने अवसर मिल्नेछ भन्ने मलाई लागेको छ ।

**• प्रा.डा. महादेव अवस्थी**

'विद्रोही प्राज्ञ : प्रेमा शाह' लेखेर नरेन्द्रराज प्रसाईले आफैं निर्माण गरेको र गरिरहेको नेपाली जीवनी साहित्यको महलमा फेरि एक अर्को भव्य प्रकोष्ठ थप्नुभयो । यस रचना प्रकोष्ठले नेपाली साहित्यको परम्परामा प्रेमा शाहले गरेको सिर्जनात्मक विद्रोहको महत्त्व र मूल्यमाथि प्रकाश पार्नुका साथै एक स्रष्टाको जीवन किन गौरवशाली हुन्छ भन्ने ज्ञानज्योति पनि जगाउनेछ । यसले नेपाली साहित्यका पारखी र शोधार्थीहरूलाई पनि एक महान् स्रष्टाका जीवनीगत कार्यकलाप र उसका साहित्यिक कृतित्वका बीच रहने सहसम्बन्धको अध्ययन गर्ने प्रेरणा दिनुसँगसँगै पथप्रदर्शन पनि गराउनेछ भन्नेमा म विश्वस्त छु ।

**• माया ठकुरी**

नेपाली साहित्यको प्राङ्गणमा आफ्नो एउटा छुट्टै पहिचान बनाउन सफल साहित्यकारको नाउँ हो– 'प्रेमा शाह' । उनले यौनलाई

घृणाले होइन, प्रेमले व्याख्या गरेकी छिन् । उनले सूर्यलाई सम्बोधन गरेर 'आऊ मलाई सम्भोग गर' प्रतीकात्मक रूपमा जीवनलाई एउटा कलात्मक रूप दिन खोजेकी होलिन् ।

यौन (Sex) सँग संसारको निरन्तरताको सम्बन्ध जोडिएको छ । यो प्रकृतिको अनुपम उपहार हो । यसलाई कुरूप र सुन्दर देख्नु मानिसको मानसिक विचारमा निर्भर पर्छ । प्रेमा शाह त्यो कठिन मार्गकी यात्री थिइन् जसले आफ्ना विचार र यात्रालाई शक्तिशाली कलमको सहयोगले अघि बढाइन् ।

प्रेमा शाहजस्ती जागरूक र साहसी लेखिका अझ धेरै वर्षसम्म जीवित रहेर लेखनलाई निरन्तरता दिन नसक्नु दुख्खको कुरा हो ।

• **प्रा.डा. मोहन लोहनी**

नरेन्द्रराज प्रसाईको तर्कसङ्गतको बौद्धिक उपचारद्वारा गरिएको यौन (Sex) सम्बन्धी विचारले मलाई प्रभावित पारेको छ । दक्षिण एसियामा हालसम्मै प्रतिबन्धित र घृणित मानिने 'यौन' लाई तपाईंले निकै सुन्दर तरिकाले प्रस्तुत गर्नुभएको छ ।

• **प्रा.डा. रामप्रसाद उप्रेती**

प्रेमा शाह र यौन (Sex) साहित्यलाई यति सुन्दर र यति गहिरो परिभाषा र बडवा दिएर लेखिएको प्रसङ्ग मैले पढेको थिइनँ ।

नरेन्द्रराज प्रसाईले लेखिसकेपछि जीवनी जीवन्त भइहाल्ने भयो; त्यसमाथि सेक्ससम्बन्धी चट्किलो मसलामा राजसी चटनी थपेर अर्को बेजोडको कृति प्रकाशनमा आउने भयो । कृतिकी नायिका प्रेमा शाहकी छोरी चलचित्रजगत्की नायिका जल शाहलाई लेखेको चिठी पढ्दै जाँदा मेरो त मन पनि रसाउँदै गयो । भान्जीलाई मामाले लेखेको यौन र साहित्यसम्बन्धी चिठी पनि यस्तो कारुणिक, सार्थक, रोमाञ्चक र घतलाग्दो हुँदो रहेछ भन्ने पनि बुझियो ।

**• विन्द्या सुब्बा**

प्रेमा शाह एक युगान्तकारी नेपाली नारी लेखक हुन्, लेखकका रूपमा फरक दृष्टिभङ्गी र जीवनदर्शन भएकी एक अनन्य नारी पनि । उसै गरी नरेन्द्रराज प्रसाई एक अनन्य नारीवादी लेखक हुन् । प्रसाईले प्रेमा शाहप्रति आफ्ना मान्यता र मूल्याङ्कनका कारण एउटी स्रष्टा नारीलाई उनको अधिकारभरिको सही स्थान खोजेर स्थापित गरिदिएका छन् । सन्दर्भ प्रेमा शाहमा जल शाहलाई लेखिएको यो पत्र आफैंमा एक उत्कृष्ट सिर्जना भएको छ ।

इच्छा भएर पनि आफूले कहिल्यै भेट्न नसकेकी प्रेमा शाहबारे धेरै थप कुरा जान्न पाएँ; नरेन्द्रजीलाई असीम बधाई ।

**• विष्णुमाया विभू**

हाम्रो धर्म, सस्कृतिले समेत उच्च स्थान दिएको भए तापनि यौन (Sex) का विषयमा अझैसम्म खुल्न नसकिरहेको र यौनलाई 'अश्लील अनि असभ्य' ठान्ने हाम्रो समाजको सन्दर्भमा नरेन्द्र दाइको यस लेखनले यौनको साँघुरो परिभाषा र यसलाई बुझ्ने सङ्कुचित नेपाली दृष्टिकोणलाई सम्पूर्ण रूपले बदलिदिएको छ ।

दुई आत्माको मिलनसँगै प्रेमको पारिलो घाममा समाहित दुई शरीरको सङ्गम हो यौन, फूल र बास्नाजस्तै, फल र रसजस्तै । त्यसैले 'यौन असभ्य होइन प्रेमको पूर्णता हो' भनेर हजुरले सेक्सको भावलाई निकै सुन्दर शैलीमा प्रस्तुत गरिदिनुभएको छ ।

नरेन्द्र दाइको लेखनीमार्फत नेपाली यौनसाहित्यकी सफल स्रष्टा, साहसी व्यक्तित्व र कोमल मनकी धनी युगान्तकारी साहित्यिक विभूति प्रेमा शाहलाई पुनर्जीवित गरेर उहाँलाई वर्तमान तथा भावी पिँढीका माझमा समेत चिन्ने र चिनाउने हजुरबाट जुन योगदान भएको छ त्यसको जति नै प्रशंसा गरे पनि कम नै हुन्छ ।

नरेन्द्र दाजु ! हजुरको लेखनमा त्यो कलात्मक शक्ति छ जुन मैले आजसम्म अन्त प्राय: कतै भेटेकी छैन । स्वदेशमा मात्र नभएर

संसारभरि नै नेपाली साहित्यको बीउ छरी त्यसैको मलजल र गोडमेलमा अहोरात्र समर्पित हजुर नेपाली साहित्य इतिहासको धरोहर हुनुहुन्छ, नेपाल र नेपालीको गौरव हुनुहुन्छ ।

हजुरका सबै ऐतिहासिक कृतिहरू जस्तै 'विद्रोही प्राज्ञ : प्रेमा शाह' ले पनि नेपाली साहित्यको इतिहासमा आफ्नो छुट्टै पहिचान र उच्च स्थान राख्नेछ भन्ने मैले पूर्ण विश्वास लिएकी छु ।

**• डा. सिर्जना शर्मा**

प्रिय दाइ ! हजुरले नेपाली साहित्याकाशका ताराहरूलाई शब्दमालामा उनेर सदैव हाम्रा सन्ततिका लागि सुरक्षित तुल्याउने महत् कार्यलाई निरन्तरता यसरी नै दिँदै जानुहोस् । यो पत्रात्मक लेख त मलाई कविताजस्तै लाग्यो । हृदयसंवेद्य कविता ! सुन्दर अभिव्यक्ति ! कवितात्मक शैलीले दङ्ग परेँ म त । अझ विषय पनि उत्तिकै जटिल र संवेदनशील रहेछ । तर मर्यादित भाषामा सत्यको उजागर सुन्दर भएको छ यहाँ । यो लेख पढ्दा त म आफूले आफैँलाई जल शाह नै ठानेछु । मैले मेरो देश, काल, परिस्थिति चटक्क बिर्सेर हजुरले सम्बोधन गरेकी जल म आफैं भएजस्तो मलाई अनुभव पो भयो । यसर्थ पढिसकेपछि पो म रुसङ्ग बनेछु । सेक्सको बारेमा ओशोको 'सम्भोग से समाधीकी ओर' भन्ने प्रवचनपछि यसरी सुन्दर शैलीमा व्यक्त गरिएको अभिव्यक्ति दिने हजुर मेरा लागि दोस्रो व्यक्तित्व हुनुहुन्छ । यसर्थ हजुरको यो लेखद्वारा शाश्वत सत्य (Universal truth) को म धेरै नजिक पुगेको मलाई अनुभव भएको छ ।

विद्रोही प्राज्ञ : प्रेमा शाह

# प्रेमा शाहको जन्म

प्रेमा शाहको जन्मकुण्डलीमा लेखिएअनुसार उनी संवत् २००१ साल साउन १३ गते शुक्रबार जन्मेकी थिइन् । तर पनि उनको जन्म संवत् २००२ साल असार १६ गते शुक्रबार भएको भन्ने बेहोराको लिखत हुँदै आएको छ । यिनको जन्म वीरगन्जको श्रीपुरमा भएको थियो । यिनको चिनाको नाउँ गिरिराजलक्ष्मी शाह थियो ।

पूर्णेन्द्रविक्रम शाह तथा अम्बिका शाहका शशी राणा, प्रेमा शाह, शारदा अधिकारी र पुनम बोहरा गरी चार जना छोरी अनि एउटा छोरा पुरनविक्रम शाह जन्मेका थिए । प्रेमा शाहको जन्म भएपछि यिनलाई चाहिं बुबा र आमाको न्यानो काखबाट अलग्याइएको थियो । अर्थात् उनी जन्मेको चौध दिनमा नै उनलाई वीरगन्जबाट मावलीघर ललितपुर जिल्लाको पुलचोक ल्याइएको थियो ।

प्रेमा शाह शिशुकालमा नै मावलीको एकाधिकार भएकी थिइन् । अथवा भनौं उनी मावलीकी सम्पत्ति बनेकी थिइन् । उनका मावलीपट्टिका हजुरबुबा विज्ञानशमशेर जबरा त्यति बेला सेनाका रथी अथवा भनौं जर्नेल थिए । जनरल राणाकै पालन र पोषणमा प्रेमाको शिशुकाल बितेको थियो; बाल्यावस्था र किशोरवय पनि राणाकै निगरानीमा बितेको थियो ।

प्रेमा शाहलाई पृथ्वीमा अवतरण भएको १४ दिनदेखि नै धाईआमा तुलसीदेवी कोइरालाका काखमा राखिएको थियो । उनकी धाईआमा पनि तरुनी थिइन्; तर प्रेमालाई संरक्षण दिने काममा नै

उनी पनि चौबीसै घण्टा नवशिशुसँगै समर्पित थिइन् । वास्तवमा प्रेमाकी धाईआमा यिनकी सर्वस्व नै थिइन् । प्रेमालाई सम्झना भएका बेलादेखिको सन्दर्भ केलाउने हो भने तुलसीदेवीबाट उनीउपर कहिले पनि लटरपटर या खेलाँची भएन । बरु उनको मन, वचन र कर्म सधैंभरि प्रेमाउपर नै झाङ्गिएको थियो । त्यसै सन्दर्भमा प्रेमाले आफ्नो डायरीमा पनि लेखेकी थिइन्, 'मैले मेरी आमाको दूध चुसिनँ । मेरी बुबू धाईआमा तुलसीदेवी नै मेरी आमाको रूपमा मैले पाएँ । अरूहरूका बारे मलाई उचनीच केही शब्द पनि ओकल्नु छैन । तर यतिचाहिँ मैले भन्नुपर्ने हुन्छ– मेरी धाईआमा नै मेरो जीवनकी साक्षात् देवी थिइन् ।'

प्रेमा शाहलाई मावलीघरमा अत्यन्तै चिज गरेर राखिएको थियो । उनकी धाईआमालगायत मावलीघरका सबैले उनको रेखदेख गर्थे । सबैले उनीउपर प्रेम गर्थे । त्यसैले उनको जीवनको पूर्वार्धमा उनलाई समय बिताउन प्राकृतिक वातावरण थियो । त्यहाँ उनले अन्य केही कठिनाइ नै झेल्नुपरेको थिएन । मानौं मामाघर नै उनको मातृगृह थियो, पितृगृह थियो । अथवा भनौं त्यो घरै उनको निजी घर थियो । त्यतिन्जेलसम्म पनि उनलाई आफूलाई जन्म दिने आमा तुलसीदेवी नै हुन् भन्ने बोध थियो ।

प्रेमा शाहका लागि उनकी धाईआमा तुलसीदेवी कोइराला निकै श्रद्धेय थिइन् । उनले छोरी जललाई लगेर पनि आफ्नी धाईआमा चिनाएकी थिइन् । त्यस बखत प्रेमाले जललाई भनेकी थिइन्, 'मेरो राम्रो बन्दोबस्त भएपछि म मेरी बुबूआमाको संरक्षणका लागि सकेको बन्दोबस्त गरिदिन्छु ।' तर प्रेमाको जीवनमा त्यो दिन कहिल्यै आउन सकेन । भनौं दैवले उनको इच्छा पूरा गरिदिएनन् ।

प्रेमा शाहलाई मामाघरमा नै खेल्ने र पढ्ने सारै राम्रो व्यवस्था गरिएको थियो । त्यस घरमा उनका लागि हरेक कुरामा निकै राम्रो प्रबन्ध गरिएको थियो । मावलीघरमा नै उनको पढाइलेखाइका लागि

विविध विषयका गुरुजनहरूको उपस्थिति हुने गर्दथ्यो । यसै प्रसङ्गमा उनले भनेकी थिइन्– 'प्रत्येक मान्छेको मामाघर त हुन्छ तर मेरो मामाघर कहिल्यै मामाघर भएन; त्यही घर नै मेरै घरसरि थियो । म जति नै अभागी भए तापनि त्यस हिसाबमा मलाई आफू सधैं भाग्यमानी लागिरहें ।'

# प्रेमा शाहको शिक्षा

प्रेमा शाहलाई मामाघरमा बसेर पढ्न निकै राम्रो व्यवस्था थियो । उनले मावलीघरमा नै कखरा पढिन् । ठूलो वर्णमाला र साधारण लेखापढी पनि उनले त्यहीं सिकिन् । उनलाई पढाउन मामाघरमै अलगअलग विषयका बेग्लाबेग्लै शिक्षक नियमित रूपमा आउने गर्थे । घरमा राम्ररी पढ्न र लेख्न जानेपछि यिनलाई पाटन हाईस्कुलको बिहानको समूहमा एकै चोटि छैटौं कक्षामा भर्ना गरिएको थियो ।

स्कुल जाँदा पनि प्रेमा शाह शृङ्गारपटार गरेर जान्थिन् । उनलाई आफ्नो शरीरको सौन्दर्यप्रति खुबै मोह थियो । त्यसैले आफ्नो शारीरिक साजसज्जा गर्ने कामबाट पनि उनी कहिल्यै वञ्चित भइनन् । उनी सानै हुँदैदेखिको कुरा हो; आफूलाई चिटिक्कै नपारी उनले आफ्ना पाइला कहिले पनि घरबाहिर सारिनन् । सुरुसुरुमा उनी स्कुल जाँदा आँखामा लामोलामो गाजल, मुखमा क्रिमपाउडर र हीराको टप लगाएर जाने गर्थिन् । त्यस बखत उनले थाइकट कपाल काटेकी हुन्थिन् । उनी सिँगारिएर स्कुल जाँदा आफू बेहुलीझैं भएको अनुभूति बटुल्थिन् । यिनलाई स्कुल पुऱ्याउने र ल्याउने 'हिलम्यान' नामक कालो मोटर थियो । त्यस घडी त्यस्तो मोटर सर्वसाधारणका घरमा हुँदैनथ्यो । त्यसैले स्कुल गएको बेला पनि यिनको बेग्लै सान, मान र रौनक हुन्थ्यो । त्यतिखेर स्कुलमा अरू विद्यार्थीहरू त्यस्तो हाउभाउमा देखिँदैन्थे । त्यसैले उनी एक जना मात्र त्यस स्कुलकी नमुना छात्रा थिइन् ।

प्रेमा शाहले एक वर्ष पाटन हाईस्कुलमा पढेपछि त्यस स्कुलको बिहानको सम्पूर्ण कक्षा मदन मेमोरियल स्कुलमा सरेको थियो । त्यसपछि उनी पनि मदन मेमोरियल स्कुल जान थालिन् । त्यस बेला उनी स्लिकको लुगामा ठाँटिएर स्कुल जाने गर्थिन् । उनको त्यो सान देख्न नसकेर उनका सहपाठीहरूले पछाडिपट्टिबाट उनका लुगामा मसी छर्किने गर्थे र लुगा ब्लेडले काटिदिने पनि गर्थे । उनकी सुन्दरी सुरक्षाकर्मी, उनले लगाएको पोसाक र उनको खानेकुरा देखेर त्यहाँका छात्रछात्रा उनीसँग अगाडि पर्न सङ्कोच मान्थे । भनौं उनीहरू उनीबाट सकेसम्म परपरै सर्थे । वास्तवमा त्यस स्कुलमा उनलाई साथीहरूको अभाव भयो । त्यसैले पनि उनी त्यहाँ धेरै दिन टिक्न सकिनन् । त्यस स्कुलमा उनले आठ कक्षासम्म मात्र पढिन् ।

प्रेमा शाहलाई सधैं स्कुल पुऱ्याउने सुरक्षाकर्मी अथवा भनौं अङ्गरक्षक सलोनी थापा थिइन् । उनी पहिलाचाहिँ पुष्करशमशेर राणाका घरमा काम गरेर बसेकी थिइन् । प्रेमाका लागि उनी नै योग्य पात्र ठहरिइन् । त्यसैले त्यहाँबाट उनी जनरल विज्ञानशमशेरका घरमा पुगेकी थिइन् । सलोनीको इच्छा, चाहना र मागलाई समेत विज्ञानशमशेरले पुऱ्याएर उनलाई विज्ञानगृहमा अडचाइएको थियो । त्यस घरमा सलोनीको मुख्य काम भनेको उनले प्रेमाको छाया भएरै हिँड्ने थियो । प्रेमा जताजता जान्थिन् त्यतात्यतै पछिपछि लाग्ने काम सलोनीको हुन्थ्यो । स्कुल, छरछिमेकी, इष्टमित्र, पसल, बजार र सिनेमाहल जताजता प्रेमाका पाइला पुग्थे त्यतात्यता नै सलोनीका पाइला टेकिने गर्थे ।

सलोनी थापा त्यसै पनि राम्री थिइन् । त्यसमाथि आफूले प्रयोग गर्ने शृङ्गारका सामग्री पनि प्रेमा शाहले सलोनीलाई नै दिन्थिन् । साथै प्रेमाले लगाएका लुगा, कपडा पनि निदानसेकमा सलोनीकै हुन्थे; साथै स्कुलमा लगेको खानेकुरा पनि बाँडीचुडी दुवैले खान्थे । त्यसैले उनी पनि प्रेमाजस्तैजस्तै चिल्ली, पिरी र खाइलाग्दी

देखिन्थिन् । किशोरी अवस्थाको वयको शिखर पुगेकी बेला उम्लेको बैंस थाम्न नसकेर त्यस बेलासम्ममा उनी पनि परपुरुषहरूसँग थप आशक्त हुन थालिसकेकी थिइन् ।

सलोनीको पूर्ण यौवनले स्कुलका शिक्षकदेखि पालेसम्मलाई त्यस बेलासम्ममा निम्तो दिइसकेको थियो । क्रमश: उनी सोही स्कुलको पालेसँग पनि चटारिनमा व्यस्त हुन थालेकी थिइन् । हुँदाहुँदै सलोनी प्रेमा शाहलाई समय दिन पनि अशक्त भइसकेकी थिइन् । अन्तत: स्कुल पुऱ्याएर एक दिन उनी विज्ञानगृह नफर्कने गरी स्कुलका पाले धनबहादुरसँग उताउतै हिँडिन् । त्यसपछि प्रेमाले अङ्गरक्षकको पनि खासै काम देखिनन् र एक्लै स्कुल जाने दृढता व्यक्त गरिन् ।

प्रेमा शाहका प्रिय गुरु थिए– रत्नध्वज जोशी । जोशी सरल, शालीन र सौम्यताका नमुना थिए भने प्रेमा किशोरकालीन उत्ताउलीकी नमुना थिइन् । तर उनीहरूमध्ये जोशीलाई प्रेमाले हदै आदर गर्थिन् र जोशीले प्रेमालाई त्यतिकै स्नेह गर्थे । त्यसैले पनि जोशीले उनलाई हरप्रकारको सहयोग गरे । स्कुलमा उनको मनोबल खस्न नदिन जोशीले अनेक उपाय पनि झिके । त्यही मोडमा नै उनले प्रेमालाई साहित्यप्रतिको झुकावमा केन्द्रित गराएका थिए । वास्तवमा जोशीकै कारण थपिएर नै उनी लेख्तै अघि सर्न थालिन् र यसै प्रसङ्गमा उनले पछिसम्म पनि भनिरहिन्, 'मलाई सुरुसुरुमा साहित्यको बाटोमा डोहोऱ्याउने मेरा एक मात्र मान्यजन थिए– रत्नध्वज जोशी ।'

प्रेमा शाहको लवाइ, खुवाइ र हिँडाइलाई स्कुलेगुरु र विद्यार्थी साथीहरूले ईर्ष्याका रूपमा हेर्ने गर्थे । त्यसैले पनि उनी मदन मेमोरियल स्कुलमा टिक्न सकेकी थिइनन् । उनले त्यस स्कुलमा बसेर पढ्न नसकेपछि उनलाई पाटनकै त्रिपद्म स्कुलमा भर्ना गरिएको थियो । त्यस स्कुलमा पनि उनलाई पढ्न मन नै लागेन । भनौं मिल्ने साथीहरूको अभावमा उनले त्यस स्कुलबाट पनि हात धोएकी

थिइन् । त्यसपछि फेरि यिनलाई पाटनको मङ्गलबजारस्थित आदर्श कन्या निकेतनमा पुऱ्याइएको थियो । २०१६ सालको कुरा हो; त्यही स्कुलबाट यिनले आनेकाने गरेरे एसएलसी दिइन् । छ कक्षादेखिको गणना गर्ने हो भने चारवटा स्कुल भ्याएपछि मात्र उनले एसएलसी पास गरेकी थिइन् ।

प्रेमा शाहले एसएलसी पास गरेपछि उनले पढाइतिर त्यति ध्यान दिन सकिनन् । तर पनि उनका मामाले उनलाई आइए पढ्न पाटन कलेजमा भर्ना गरिदिए । त्यहाँ पनि उनले आफ्नो पठनपाठनमा त्यति रुचि दिइनन् । त्यसै समय उनी साहित्यिक मैदानमा चाहिँ सक्रिय थिइन् । साहित्य रचेर उनी आफ्ना गुरु रत्नध्वज जोशीलाई देखाउने गर्थिन् । उनले जेजस्ता श्लील र अश्लील मानिएका कविता लेखे पनि उनका रचनालाई जोशीले राम्रो भनिदिन्थे । एसएलसी पास भएको चार वर्ष बितेपछि अर्थात् २०२० सालमा उनले तृतीय श्रेणीमा आइए पास गरेकी थिइन् ।

प्रेमा शाहले आइए पास गरेपछि साहित्यलेखनमा आफूलाई सक्रिय देखाउन थालिन् । त्यस बखत उनी कविता र कथालेखनमा नै अग्रसर भइन् । त्यति बेलै काठमाडौं उपत्यका अन्तरकलेज नेपाल (नेवारी) भाषासाहित्य सम्मेलन भएको थियो । त्यस प्रतियोगितात्मक सम्मेलनमा उनले पनि नेवारी भाषामा 'प्रश्नचिह्न' शीर्षकमा कथा लेखेकी थिइन् र सोही कथामा उनी प्रथम भएकी थिइन् । प्रतियोगितामा मथुरा सायमी दोस्रा भएका थिए । काशीनाथ तमोटका अनुसार छ दशकदेखि कथा तथा उपन्यासलेखनमा सक्रिय ८० वर्षीय सायमी नेपाल भाषाका लोकप्रिय आख्यानकार मानिन्छन् ।

साहित्यलेखनमा लागेर पढाइमा त्यति सारो ध्यान नदिनाले प्रेमा शाहलाई दुई बर्से बीए पास हुन पनि चार वर्ष लागेको थियो । उनले २०२४ सालमा पाटन कलेजबाटै तृतीय श्रेणीमा बीए पास

गरेकी थिइन् । अनि नेपाली विषयमा एमए पढ्न उनी कीर्तिपुर पुगेकी थिइन् । त्यतिखेर त्यहीँ मात्र एमएको पढाइ हुने गर्थ्यो ।

एमए पढ्न थालेपछि प्रेमा शाहको हाउभाउ नै बेग्लै भएको थियो । खास गरेर केटा साथीहरूको उक्साइमा लागेर उनले यौन अथवा भनौं सेक्स साहित्यमा आफूलाई थप केन्द्रित गराउन थालिन् । त्यति बेला उनलाई कविता सुनाउन लगाइन्थ्यो । उनी 'म सूर्यसँग सम्भोग गर्छु' जस्ता कविता वाचन गर्थिन् । त्यस बेला यिनीसँग पढ्ने यिनका साथीहरू दैवज्ञराज न्यौपाने, डा. बेन्जु शर्मा, गोपाल योञ्जन, हिरण्य भोजपुरे, पीताम्बर दाहाल आदि थिए । तर यिनका मनका राजकुमारका रूपमा भने चारपाँच वर्षअघिदेखि नै पुरुषोत्तम बस्नेतले जरा गाडिसकेका थिए ।

प्रेमा शाहले कविता भन्न थालेपछि केटी साथीहरू लाजले पानीपानी हुन्थे भने केटा साथीहरू उफ्रीउफ्री ताली पिट्ने गर्थे । त्यस्तै उत्साहित परिवेशमा उनी पढ्दै गइन् । उनलाई एमए पढाउने प्रमुख गुरु प्रा.डा. वासुदेव त्रिपाठी थिए । चञ्चले स्वभावका कारण त्रिपाठीले पटकपटक प्रेमालाई सम्झाउने गर्थे । त्रिपाठीका अनुसार त्यस बेलाकी प्रेमा शाहको रौनक, हाउभाउ र प्रस्तुति नै बेग्लै थियो । उनी जति हक्की र चञ्चले थिइन् त्यतिकै शालीन र प्रतिभाशाली पनि थिइन् । कक्षामा त्रिपाठी पढाउन जाँदा पनि उनी ठट्टा गर्दै भन्थिन्– 'हामी यतिका छात्राहरूका अगाडि आउँदा तपाईंलाई लाज लाग्दैन ।' पढाइलेखाइ दुवै कुरामा प्रेमा खुलस्त थिइन् र यौन विषयका पाठ भने अरू धेरै चाख लगाएर पढ्थिन् र त्यसमाथि प्राध्यापकहरूसँग छलफल पनि गर्थिन् । त्रिपाठीका अनुसार कक्षामा उनी मिलनसार थिइन् तर उनलाई कसैले जिस्काए भने रिसाउँथिन् र झम्टिहाल्थिन् । सामाजिक, पारिवारिक र वैयक्तिक हरेक सङ्घर्षसँग जुधेर यिनले २०२६ सालमा नेपाली विषयमा द्वितीय श्रेणीमा एमएको उपाधि ग्रहण गरेकी थिइन् ।

•

२०२८ सालतिरको कुरा हो, प्रेमा शाहले बनारसमा बसेर चित्रकारिता पनि गरिन् । त्यसै बेला आफ्ना पति जानवीप्रताप शाहीको प्रेरणामा त्यहाँ बसेर उनले वाटिक पेन्टिङको कोर्स गर्न थालिन् । पेन्टिङमा उनको सानैदेखिको रुचि थियो । पछि उनको त्यो इच्छा पुऱ्याउने काम उनका पतिले गर्न थालेका थिए ।

प्रेमा शाहको चित्रकलाको पार्श्वभूमिकामा टेकवीर मुखियाको पनि योगदान रहेको थियो । अथवा भनौं उनलाई मुखियाले नै पेन्टिङ सिकाएका थिए । त्यस बेला मुखिया प्रेमा शाहकै वासस्थाननजिकै बस्थे । त्यसैले उनी साँझबिहान प्रेमाकै घर पुग्थे । चित्रकलाको आरम्भमा मुखियाबाट प्रेमाले लाइन तान्नेदेखिकै अभ्यास गरेकी थिइन् । त्यसै बेलादेखि उनीबारे मुखियाले भन्दै पनि आए– 'प्रेमा शाह एउटी अचम्मकी नारी थिइन् । उनी मिलनसार पनि थिइन् र हठी पनि थिइन् । उनले आफ्नो पारा, आफ्नो पन र आफ्नो तरिकालाई कहिल्यै छाडिनन् । उनी आफ्नै मनकी सर्वेसर्वा थिइन् ।'

बनारसमा पढ्दा प्रेमा छात्रावासमा बस्थिन् र उनका पति छात्रावासबाहिर नजिकै बस्थे । प्रेमाले काशी हिन्दू विश्वविद्यालयमा पढ्न थालेपछि शाहीले पठनपाठनका लागि उनलाई धूमधाम सहयोग पुऱ्याएका थिए । अन्ततः त्यही विश्वविद्यालबाट २०३१ सालमा उनले वाटिक पेन्टिङमा डिप्लोमा पनि गरिन् । त्यति नै खेर उनले सेरामिक्सको अध्ययन पनि गरेकी थिइन् । उनी बनारस पढेताका भारत पटनाको एकेडेमी सम्पर्क समितिद्वारा आयोजित चित्रकला प्रदर्शनीमा उनले आफ्ना केही चित्रकलाहरू पनि राखेकी थिइन् । पतिसँग सम्बन्ध विच्छेद भएपछि चित्रकला र पेन्टिङसम्बन्धी अध्ययन गर्न उनी जापान गएकी थिइन् । त्यस बेला उनी सवा वर्षजति जापानमा बसेकी थिइन् । साथै त्यहाँ उनले आंशिक जागिर पनि खाएकी थिइन् ।

# प्रेमा शाहको चर्चा र प्रभाव

प्रेमा शाह बाल्यकालदेखि नै गीत गाउने र नाच्ने कलामा पनि आबद्ध थिइन् । उनी समकालीन पुस्ताकी हट्टाकट्टा, साहसी, निर्भीक, दृढ र सक्रिय नारीस्रष्टाको नाउँ मानिन्थिन् । कुनै बेला राजधानीमा उनी जब कविता सुनाउन मञ्चमा उभिन्थिन् तब त्यहाँ एउटा उत्साह, उमङ्ग र जागरूक वातावरणको सिर्जना हुन जान्थ्यो । उनले कविता भन्दाभन्दै एउटा कवितामय यौनजीवन नै भनिसकेकी हुन्थिन् । उनको कविता र जीवनको परिभाषाले साहित्यकै परिभाषालाई चुली पारेको हुन्थ्यो । त्यसैले उनी त्यसै बेलादेखि नै नेपाली साहित्यमा चर्चित बनिन्, प्रसिद्ध भइन् र अन्ततः नअस्ताउने तारा नै बनिन् ।

प्रेमा शाह कविता पढेर चर्चाको शिखरमा पुगेको नाउँ हो । त्यो नाउँ झनैझनै उकालोमा नै हिँडिरह्यो । कुनै समय उनले लेखनका लागि आफ्नो सम्पूर्ण मन अर्पित गरेकी थिइन् । उनका नाउँले चर्चाको जुन टाकुरो छोए पनि उनले लेखन छाडिनन् । उनले कहिले कविता लेखिन्, कहिले नाटक लेखिन्, कहिले कथा लेखिन् र कहिले उपन्यास लेखिन् । लेख्दालेख्दै फेरि उनी चर्चित बनिन्; उनी कति चर्चित भइन् भने अति चर्चित भइन् । भनौं त्यस बेला उनको चर्चाको कुनै लेखाजोखा गर्न सकिँदैनथ्यो । 'अति सर्वत्र वर्जयेत्' भनेझैं चर्चैचर्चाले अथवा अत्यधिक चर्चाले फेरि एकाएक नेपाली भाषासाहित्यबाट उनको सक्रियता नै हरायो । खाने, कमाउने, बाँच्ने र जीवन धान्ने कामका लागि नै उनी पूर्णकालीन भइन् । शारीरिक

र मानसिक तनाव खप्टिनाले सक्रिय रूपमा रचनानिर्माणका बाटोबाट उनी पर सरिन् । रुन्डै दस वर्षसम्मको अविरल साहित्यिक यात्राबाट उनी अकस्मात् हराइन् । वास्तवमा २०२७ साल अथवा पुरुषोत्तम बस्नेतसँगको सहचार्य भङ्ग भएपछि उनको साहित्यिक सिर्जनामा पनि डँडेलो लागेको थियो । यति हुँदाहुँदै पनि उनले आफ्नो सिर्जनात्मक यात्राकालमा आफूलाई सधैं अटल राख्ने काम गरिन् । महासमालोचक प्रा.डा. वासुदेव त्रिपाठीका अनुसार उनले 'प्रेमापथ' कै निर्माण गरिन् ।

२०२३ सालको कुरा हो; त्यस समय प्रेमा शाह २१-२२ वर्षकी थिइन् । त्यतिखेरै उनी समकालीन पुस्ताका लागि एउटी आकर्षण थिइन् । यौनसाहित्यसँग नजिक या टाढा बस्ने जोकोही स्रष्टा पनि उनको व्यक्तित्व र कृतित्वको प्रभावमा नै तानिने गर्थे । त्यही परिवेशमा केदारमान व्यथितले पनि उनलाई झापामा आयोजित राष्ट्रव्यापी प्रथम साहित्य सम्मेलनमा विशेष निम्ता दिएका थिए । त्यस बेला व्यथितचाहिं नहर, विद्युत, सञ्चार, निर्माण तथा यातायात मन्त्री थिए । त्यस बृहत् राष्ट्रव्यापी सम्मेलनको आयोजक व्यथित र अध्यक्ष महानन्द सापकोटा थिए । त्यस सम्मेलनमा नेपालका नामीनामी स्रष्टादेखि भारतका इन्द्रबहादुर राईहरूसम्मको टन्नै उपस्थिति थियो । त्यही सन्दर्भलाई जोडेर कञ्चन पुडासैनीले पनि लेखेका थिए– 'सधैं दुब्लाएजस्ती सुश्री प्रेमा शाह मनमनै केही खोजिरहेजस्ती, कसैले एकदमै बिर्सिएजस्ती कताकता हुनुहुन्थ्यो । उहाँले राजधानीको कुनै सम्मेलनमा 'आऊ मलाई सम्भोग गर' भनेर कविता सुनाउनुभएको थियो क्यार । त्यसैले यी रहस्यगर्भा सुकुमारीसँग त्यस कविताको चर्चा गरेर कसैकसैले मुटु नै छाम्ने कोसिस गरे । तर उहाँका लेखा त्यो कुनै रोमाञ्चकारी कुरा थिएन, नशा भए रहेको सुरा थिएन । डेढदुई घण्टा कवि सम्मेलन चलेपछि पनि उहाँलाई मञ्चमा हेर्न नपाउँदा कागजी चिटको प्रयोग गरीकन सम्मेलनका अध्यक्षद्वारा बोलाइयो । सम्भोगका लागि खुलेआम आह्वान गर्ने सहरकी सुन्दरीबाट केही धीतै पर्ने उद्गारको आशा राखिएको थियो । तर मञ्चमा

आएर प्रेमाले केवल तीनचार पङ्क्तिको एउटा यस्तो कागत सुनाइदिएर हिंड्नुभो, सभामा खुबै खल्लो फैलिएको थियो ।'

प्रेमा शाह जताजता जान्थिन् त्यतात्यतै उनको खुबी र प्रभावले स्रष्टाहरूको मन तानिने गर्थ्यो । झापा साहित्य सम्मेलनको अर्की सहभागी भागीरथी श्रेष्ठका अनुसार 'त्यति बेला प्रेमा शाहको जगजगी थियो । सबैका मुखमा प्रेमा शाह, प्रेमा शाह, प्रेमा शाह हुन्थ्यो । उनी बौद्धिक र सुन्दरी थिइन् । झापामा उनी र म तीन दिन एउटै कोठामा बसेका थियौं । त्यसै बेला मैले पनि चाल पाएँ– प्रेमा शाह र पुरुषोत्तम बस्नेतको प्रेम चरमोत्कर्षमा पुगेको थियो । उनी मलाई भन्थिन्– भागीरथी ! पुरुषोत्तम बस्नेतलाई बोलाइदेऊ न !'

•

प्रेमा शाह खुबै विद्रोही थिइन् । यी विद्रोही स्वभावकी हुनाको प्रमुख कारण यिनका जिजुबुबा जनरल विज्ञानशमशेर जबरा थिए । हजुरबुबाप्रति उनका मनमा घृणा थियो । आफ्ना हजुरबुबालाई भेटेपछि यिनी तर्कने गर्थिन् र वादविवाद पऱ्यो भने मुखमुखै पनि लाग्ने गर्थिन् । वास्तवमा यिनीचाहिँ खुल्ला मनकी लखपति थिइन्, स्पष्ट वक्ता थिइन् र न्यायवादी पनि थिइन् । यसै पद्धतिमा अडेर उनले आफ्नो वर्चस्व स्थापित गरेकी पनि थिइन् ।

प्रेमा शाहका जिजुबुबा जनरल विज्ञानशमशेर राणा तात्कालिक क्रूर संस्कारका एक जना अर्का प्रतिनिधि थिए । उनी आफूभन्दा सानालाई मान्छे नै गन्दैनथे र ठूलाबडासँग जोरी नै खोज्दैनथे । उनीद्वारा नोकरहरू कहिले जुत्तैजुत्ताले पिटिएका हुन्थे भने कहिले भान्से र सुसारेलाई यिनले भऱ्याङबाट खसाउने गर्थे । त्यति मात्र होइन यिनका जिजुबुबाले घरका सुसारेहरूसँग पालैपालो शारीरिक सम्पर्क पनि गर्थे । बलात्कारपछि यदि उनीहरूमध्ये कोही गर्भवती भए भने उनले तिनलाई बैठकेसँग टीका लगाइदिएर डाँडो कटाउँथे ।

घरमा नातिनी प्रेमा शाह लेखक थिइन् । उनलाई आफ्नै छेउमा राखेर उनका जिजुबाजे जनरल विज्ञानशमशेर जबराले अनेक फोहोरी, अमानवीय र अनैतिक काम गर्न थालेका थिए । तर उनकी नातिनी तगडा थिइन् । त्यसैले उनले आफ्नै जिजुबाजेको पनि चिन्ता गर्ने उपाय झिकिन् । भनौं प्रेमाले उनका जिजुबाजेको चालामाला आफ्नो डायरीमा लेखेकी थिइन् । सायद आफूलाई घरभित्रका यस्ता कुराहरू प्रकाशन गर्न अप्ठ्यारो भएकाले उनले नरेन्द्रराज प्रसाईलाई आफ्नो मनको व्यथा सारिदिएकी थिइन् ।

जनरल विज्ञानशमशेर राणाको कर्तुतको दृश्य हेरेर प्रेमा शाहको बाल, किशोर र युवा अवस्थाको घडा झन्डैझन्डै भरिइसकेको थियो । त्यसैले उनको साहित्यलेखनको बिम्बमा ती दृश्य र परिदृश्यले धेरै फरक पारिसकेको थियो । मानौं विज्ञानगृह प्रेमाको यौन अथवा सेक्सलेखनको स्कुल थियो । उनले ती सबै घटना मन र आँखामा अटाएर नै हिँडिन् । वास्तवमा उनको जीवनपद्धतिमा नै यस्ता घटनाले धेरै प्रभाव पारेको थियो । मानव जिन्दगानीका यी सबै परिदृश्यहरू हेरेर नै लाजले र लाज पचाएर पनि प्रेमाले श्लील र समाजले अश्लील ठहऱ्याएको साहित्यको गोरेटो कोरिन् । अन्ततः त्यसै विधामा उनी सफल भइन् ।

•

प्रेमा शाहको व्यक्तित्व अत्यन्तै प्रभावशाली थियो । उनको खुबीबाट उनका साथीहरू पनि फतक्कै गल्ने गर्थे । उनका अनगिन्ती साथीहरूमा एक जना रचनाकार, सङ्गीतकार र गायक हिरण्य भोजपुरे पनि मानिन्थे । भोजपुरे प्रेमाका एमएका सहपाठी थिए । प्रेमाबारे भोजपुरेले भनेका थिए– 'प्रेमा आधुनिक चेत बोकेकी स्रष्टा हुन् । प्रेमाले आफूलाई छर्लङ्गै पार्दै आफ्नो मन, वचन र कर्मबाट समाजलाई पनि छर्लङ्गै पारेर देखाउँदै गइन् ।'

एमए पढेताका प्रेमा शाह आफ्नो समूहमा खुबै चर्चित भइन् । त्यस समय उनको चर्चापरिचर्चा नगर्ने प्रायः कोही पनि थिएनन् । उनको सशक्त लेखनकलाका कारण उनीसँग अघिपछि नलाग्ने विद्यार्थी थोरै हुन्थे । त्यही परिवेशमा नै हिरण्य भोजपुरे र

गणेश रसिक पनि उनको नजिक पुगेका थिए । ०२५ सालको कुरा हो; त्यति बेलै प्रेमाले पनि हिरण्य भोजपुरे र गणेश रसिकको साङ्गीतिक नशा छामिसकेकी थिइन् र उनीहरूको उत्साहको सशक्त नमुना पनि देखिसकेकी थिइन् । त्यसैले उनीहरूलाई उनले आफ्नो गीतिशब्दलाई सङ्गीत भर्न पनि दिएकी थिइन् । त्यस बेला प्राय: काठमाडौँमा सञ्चालित साङ्गीतिक मञ्चहरूमा उभिएर रसिक र भोजपुरे यही गीत गाउँथे । प्रेमा बाँचुन्जेल यस गीतको रेकर्डिङ भने भएन; तर पनि प्रेमाको यस गीतिकविताले नेपाली भाषासाहित्यको मन्दिरमा अक्षय भएर बस्न पाएको छ–

'के थाहा तिम्रो र मेरो बीच
एउटा युग आई अड्छ भनेर
धेरैधेरै विस्मृतिपछि यहाँ
के थाहा तिम्रो र मेरो बीच
बेग्लाबेग्लै रात र दिन हुन्छ भनेर ।

के थाहा बोल्दाबोल्दै
शब्दहरू सकिन्छ भनेर
मायामायाकै स्पर्शमा पनि
के थाहा एकपल्ट छुँदैमा
फूलको सुगन्ध उड्छ भनेर ।

के थाहा पहाड चुलिँदाचुलिँदै
बरफ भासिन्छ भनेर
क्षणक्षणका सतर्कतामा पनि
जीवन यसरी चुक्छ भनेर ।

के थाहा एउटै उडानपछि
पुतलीको जुनी बित्छ भनेर
दुर्घटना नै यहाँ नभए पनि
के थाहा एउटै सोचाइमा
मनको मृत्यु हुन्छ भनेर ।'

# प्रेमा शाहसँग पुरुष आकर्षण

प्रेमा शाहको यौवनावस्था आरम्भदेखि नै यीसँग धेरै पुरुषहरू झुत्ती खेल्दै हिँडेका थिए । खास गरेर युवाहरूमा पनि बौद्धिक वर्ग यिनको पछि लाग्ने गर्थ्यो । किशोरी वयमा पुगेपछि किशोरहरू आँखा चिम्लेर उनका पछि लाग्ने गर्थे । कलेजको जीवनमा पनि केटा पन्छाउँदैमा उनको पढाइलेखाइमा बाधा भइरहेको थियो । त्यसै बेला उनले पनि मनमौजीले केटाहरूको रूपरङ्गको अवलोकन गरेकी थिइन् । तर उनले पत्याउने खालका केटाहरूको यिनका अगाडि न्यून उपस्थिति हुन्थ्यो । किशोरी अवस्थाको चुलीमा पुगेदेखि नै उनको हृदयमा पुरुषोत्तम बस्नेत बसिसकेका थिए । तर पनि यिनको चञ्चले स्वभाव र पुरुषप्रतिको आकर्षणका कारण यीसँग अघिपछि लाग्ने पुरुषहरूको सङ्ख्या औंलामा भाँच्न सकिँदैनथ्यो ।

विद्यार्थी जीवनमा प्रेमा शाहसँग नजिक हुन धेरै विद्यार्थीले धेरै कसरत गरिरहे । धेरैले यिनलाई आकाशका तारा झार्ने वचन पनि दिए । वास्तवमा प्रेमा रूपमा पनि सुन्दरी थिइन्, बिछट्टै राम्री थिइन् र खुलस्त पनि थिइन् । उनी जति राम्री थिइन् उनका पोसाक पनि त्यतिकै झलझलाकार हुन्थे । साथै उनको अनुहारको शृङ्गारका कारणले पनि उनी झनै झरिफुट्ट देखिन्थिन् । मानौं त्यतिखेर उनी एकादेशकी राजकुमारी थिइन् । ध्रुवचन्द्र गौतमका अनुसार त्यतिखेर उनी निकै नै सुन्दरी देखिन्थिन् । यिनको मिलनसार स्वभावबाट पनि मान्छेहरू झन् यिनीसँग हुरुक्कै हुन्थे । त्यति मात्र

होइन यिनले रचना गर्दा पनि पुरुषलाई झुम्म पार्ने खालका कविता र कथा लेख्थिन् । त्यसैले स्कुल, कलेज र विश्वविद्यालय पढेताका एकातिर यी आफ्ना पछि लाग्ने पुरुषहरूसँग सामना गर्थिन् भने अर्कातिर यिनको आफ्नो पढाइलाई अगि बढाउने क्रम हुन्थ्यो । खास गरेर त्यतिखेरसम्ममा साहित्यरचनामा पनि यिनलाई निकै नशा लागिसकेको थियो ।

प्रेमा शाह आफू जतिसुकै बेफुर्सदी भए तापनि अधिकांश पुरुषहरूको आकर्षणकारी अवस्थालाई उनले सामना पनि गरिरहिन् । उनी शिष्ट, मर्यादित र शालीन तरिकाले वचन दिन सिपालु थिइन् र वचन लिन पनि सिपालु थिइन् । वचनकै सन्दर्भमा वामदेव पहाडीले पनि प्रेमाबाट विवाहको वचन पाएका थिए । पछि प्रेमाबाटै विवाहमा धोका पाएको कारणले उनी केही वर्ष विक्षिप्त नै भए भन्नेहरूको पनि अनिकाल लागेन । अनि पहाडीले यही सन्दर्भ आफन्तहरूमाझ बक्तै पनि हिँडेका थिए । तर यसलाई प्रेमाले पहाडीको एकतर्फी प्रेमको संज्ञा दिएकी थिइन् । ईश्वरवल्लभका अनुसार पहाडी प्रेमाको बाटो ढुक्नेदेखि उनको फोटो माग्नसम्म पछाडि परेका थिएनन् । अति नै भएपछि पहाडीलाई सम्झाइदिन प्रेमाले महानन्द सापकोटाका छोरा हेमराज सापकोटालगायत अरूहरूलाई पनि अनुरोध गरेकी थिइन् ।

२०२२ सालको कुरा हो; वामदेव पहाडी प्रेमा शाहको प्रेमको असफलतामा रन्थनिँदै हिँडेका थिए । त्यो कुरा तेह्रथुम जिल्ला चुहानडाँडाका समाजसेवीद्वय पद्मप्रसाद उप्रेती र हरिचरण सिटौलाका कानसम्म पनि पुगेको थियो । त्यसपछि उनीहरूले पहाडीलाई पहिल्याए । साथै उनीहरू पहाडीका छेउ पनि पुगे । उनीहरूले पहाडीको मन शान्त पार्दै यिनलाई आफूहरूले स्थापना गरेको वीरेन्द्र इन्टर कलेज पुऱ्याएका थिए । अनि उनीहरूले पहाडीलाई त्यस कलेजको प्रिन्सिपलमा आसन गराएका थिए । तर पछिसम्म पनि

पहाडी प्रेमाकै प्रेममा भौतारिइरहेका थिए । त्यसै बेला यो सूचना पहाडीपक्षबाट बाहिरिएको थियो । तर मध्यस्थकर्ता अरु भनौं तटस्थहरू भन्ने गर्थे– 'प्रेमा शाह त्यस बेलाको बौद्धिकमाऋ एक नम्बरकी सुन थिइन् ।' पढेलेखेकी, उत्कृष्ट रचनाकी सर्जक, निर्भीक भएकी हुँदा धेरै पुरुषहरूले उनीसँग एकतर्फी प्रेम गरे । प्रेमाले गफ गरिदिनाले र मुसुक्कै हाँसेर हेरिदिनाले कति जना युवकले आफूप्रति प्रेमाको प्रेम भएको दाबीसमेत गरे । मानौं जसले जसरी व्याख्या गरे पनि हुने उनी आधुनिक मोनालिसाजस्ती थिइन् । आआफ्नो 'मुण्डमुण्ड बुद्धि र कुण्डकुण्ड पानी' का कारण कति जना युवकहरू प्रेमाका नाउँमा प्रेमरोगी पनि भए ।

•

प्रेमा शाहसँग नजिक जाँदा प्रेमाबाटै फालिएका अर्का जल्दाबल्दा युवक पुष्कर लोहनी पनि थिए । त्यस घडी प्रेमा यौन (Sex) साहित्य लेख्थिन् भने लोहनी पुरुषपुरुषमाऋ हुने यौन (Homosexual) र नारीनारीबीचमा हुने यौन (Lesbian) लेख्थे । लेख्ने क्रममा उनीहरूको प्रतिस्पर्धा चल्थ्यो । प्रेमाले पुष्करको लेखनको प्रशंसा गरेका कारणले होस् या पुष्करसँग हाँसखेल गरेको प्रसङ्गलाई जोडेर होस् या पुष्करसँग राम्रो बोलिदिएका कारणले होस् जुनसुकै किसिमले प्रेमा पुष्करसँग प्रस्तुत भए तापनि पुष्कर लोहनीले चाहिँ प्रेमा शाहको निधनपछिसम्म पनि 'प्रेमा मेरी अति प्रिय पात्र थिइन्; उनले मलाई धोका दिइन्' भन्न छाडेनन् ।

आन्तरिक रूपमा प्रेमा शाह र पुष्कर लोहनीमाऋ जेजस्तो प्रेम, सद्भावना या औपचारिकता भए तापनि पुष्करले प्रेमाको व्यक्तित्व र लेखनलाई कहिल्यै पनि अवमूल्यन गरेनन् । उनले सधैं प्रेमाको प्रतिभाको बयान नै गरिरहे । साँच्चै भन्ने हो भने प्रेमाको लेखनको गाथा गाउने उनी अर्का एउटा सशक्त गायक थिए । त्यसैले प्रेमा शाहको मूल्याङ्कन गर्दै उनले सधैं भनिरहे– 'प्रेमा शाहलाई म

उच्चस्तरीय स्रष्टा मान्छु । लेखनमा मात्र उनले शीर्ष स्थान कायम गरेकी थिइनन्; उनी अत्यन्तै अध्ययनशील पनि थिइन् । प्रभावशाली लेखन, जनमन छुने वाचन र सामाजिक विद्रोहमा उनी पारिजातभन्दा धेरै माथिकी स्रष्टा थिइन् । पारिजातलाई ठूली पार्ने निहुँमा एउटा जत्थाले घेरा लगाएको थियो । त्यसैले अरूसँग प्रेमा शाहको तुलना गर्न पनि म खासै आवश्यक देख्तिनँ । तर म यतिचाहिँ भन्छु– थोरै समय लेखेर पनि धेरै माथिको बादल समाउन सक्ने स्रष्टा प्रेमा शाह मात्र एक जना थिइन् । लेखनका मामलामा प्रेमा शाहलाई लिङ्गका आधारले पनि छुट्ट्याउने पक्षमा म छैन । आजभन्दा ५५ वर्षअघिको त्यस जमानामा सेक्सबारे मनमोहक लेख्ने, बोल्ने एउटै मात्र साहित्यकार प्रेमा शाह थिइन् । खुल्ला सेक्सबारे उनी बोल्न थाल्दा उनलाई घेर्नेहरू पनि त्यति नै साहित्यकार हुन्थे । त्यस मोडमा उनीसँग झुम्मिनेहरू पुरुषोत्तम बस्नेत, उपेन्द्र श्रेष्ठ, वामदेव पहाडी, द्वारिका श्रेष्ठ, वासु रिमाल 'यात्री', मदन रेग्मी, ब.आ. कनकद्वीप र म नै प्रायः हुन्थ्यौं ।'

प्रेमा शाहसँग कति पुरुष नजिक आए, उनीबाट कति पुरुष टाढा गए । यो पद्धति उनीहरूमाऊको नितान्त व्यक्तिगत कुरा थियो । त्यस बेला कतिले यिनको बदनाम गराउने उद्देश्य पनि पूरा गरे र कतिले यिनीसँगको समर्पणमा पनि आफूलाई समाहित गरे । तर पनि यिनको जीवनपर्यन्त यिनीसँग मिल्ने साथी औंलामा गन्न सकिन्थे । यिनका केही मिल्ने पुरुष साथीहरूमध्ये डा. ध्रुवचन्द्र गौतम पनि अर्का एक जना थिए । यति हुँदाहुँदै पनि प्रेमाको मन, वचन र कर्ममा टाँस्सिएका वीर पुरुषचाहिँ पुरुषोत्तम बस्नेत मात्र थिए । बस्नेतले पनि उनलाई हृदयान्तरबाटै माया गर्थे । वास्तवमा उनी प्रेमाको प्रेमको गहिरो पोखरीमा नै चुर्लुम्मै डुबेका थिए । अन्ततः उनीचाहिँ प्रेमको त्यो गहिरो खाडलबाट कहिल्यै बाहिरिन सकेनन् ।

•

प्रेमा शाहको सहृदयी नारीमन छाम्ने यौनपिपासुहरू पनि उनका अघिपछि सलबलाईरहे; किनभने उनी तन, मन र धनले भरिएकी देखिन्थिन् । त्यसैले उनको हैसियतको फेरोमा पुग्न धेरैले धेरै प्रकारका उपाय लगाए । तर कति ठाउँबाट उनी उम्किन सफल भइन् र कति ठाउँमा चाहिँ पुरुषहरू पनि उनका पछि लाग्न छाडेनन् । त्यस बेला राणाजीको खानपानका कारणले पनि प्रेमाको जवानीलाई उत्ताउलोपनले साथ दिइरहेकै थियो । साथै उनी एमए पढ्न थालेपछि यिनले आफ्नो रूप र सौन्दर्यपट्टि पनि आफूलाई थप उत्सर्गिक गरिसकेकी थिइन् । त्यसले पनि उनको व्यक्तित्वमा थप रौनक भरिएको हुन्थ्यो । यिनकी सखी डा. बेन्जु शर्माका अनुसार एमए पढेताका यिनले कीर्तिपुर छात्रावासमा बस्ने एक जना धरानकी केटी अथवा भनौं ओमकुमारी आचार्यसँग मित्रता गाँसेकी थिइन् । त्यसपछि उनी ओमकुमारीका कोठामा गएर शृङ्गारपटार गर्नेदेखि लुगा फेर्नेसम्मको कामसमेत गर्ने गर्थिन् ।

प्रेमा शाहको जिन्दगानी बुझ्नेहरू उनका समकालीन साथीहरू नै धेरै थिए । उनका ती साथीसङ्गीमध्ये डा. बेन्जु शर्मा उनको भावनानजिकै थिइन् । डा.शर्मा प्रेमासँग एमए पढ्न थालेदेखिकी साथी थिइन् । त्यसैले शर्माले प्रेमाबारे कान्तिपुरमा (२०७४ माघ १३ गते) एउटा लेख लेखेकी थिइन् । यसमा उनले लेखिन्– "प्रेमा राम्री मात्र होइनन् निकै राम्री थिइन् । त्यस बेला उनलाई मन नपराउने को होला ? तर व्यक्त गर्ने आँट पनि कसैले गर्न सक्तैनथे । सम्भ्रान्त परिवारकी उनमा कुनै कुराको अभाव देखिँदैनथ्यो । उनको व्यक्तित्वको शालीनता, बोलीचालीको गाम्भीर्य, माधुर्य, हृदयको संवेदनशीलताले उनको साथमा बस्ता केही अपूर्णताले पूर्णता पाएको अनुभव म गर्थें । उनी आन्तरिक कुराहरू मसँग भन्ने गर्थिन् ।

'त्यसताका प्रेमाका प्रेमी उनलाई भेट्न आइरहन्थे । 'आज ऊ आएपछि तिमीहरूले मलाई छाडिदेओ' उनी भन्थिन् । उनी ओमी र

मसँग कीर्तिपुरको डाँडाको कान्लामा अरूले नदेख्ने र आफूले टाढाबाट मानिस आएको देखिने ठाउँ मिलाएर बस्थिन् । त्यहाँ बसेर उनी आफ्नो कपाल मिलाउँथिन्, लिपिस्टिक थप्थिन्, पाउडरको पफले पसिना टिप्थिन् र उज्याली देखिन्थिन् । उनका प्रेमी आउने दिन उनका कपालमा फूल पनि सिँउरिएको हुन्थ्यो । प्रेमीको आगमनमा उनी धेरै खुसी देखिन्थिन् । पछि उनले ऊसँग विवाह नहुनुको कारण बताइन्, जसमा उनले आफू निर्दोष रहेको कुरा गरिन् र मैले विश्वास गरेँ ।"

•

प्रेमा शाहले उच्चशिक्षा लिएका बखत उनका नजिक भएका र त्यही फेरोका उनलाई मन पर्ने स्रष्टाहरूमा रत्नध्वज जोशी, डायमनशमशेर राणा, केदारमान व्यथित, विजय मल्ल, पारिजात, पुरुषोत्तम बस्नेत, ध्रुवचन्द्र गौतम, द्वारिका श्रेष्ठ, कृष्णभक्त श्रेष्ठ, मदन रेग्मी, शैलेन्द्र साकार आदि नै दरिन्थे । प्रेमा शाह र ध्रुवचन्द्र गौतमचाहिँ वीरगन्जका भए तापनि उनीहरूको परिचय काठमाडौंमा २०२२-२३ सालतिर शैलेन्द्रकुमार उपाध्यायको घर ललितपुरको कुपन्डोलमा भएको थियो । त्यस बखत मन्त्री उपाध्यायले आफ्ना घरमा आयोजित साहित्यिक गोष्ठीमा पुरुषोत्तम बस्नेत, प्रेमा शाह, द्वारिका श्रेष्ठ, कृष्णभक्त श्रेष्ठ, मदन रेग्मी, हरिहरराज जोशी, पुष्कर लोहनी, उपेन्द्र श्रेष्ठ, ध्रुवचन्द्र गौतम आदि स्रष्टालाई पनि निम्त्याएका थिए । गौतम र शाह दुवै जना वीरगन्जनिवासी भएकाले यिनीहरू एकअर्कामा क्रमशः नजिक भइसकेका थिए । पछिसम्म पनि प्रेमा भन्थिन्– 'ध्रुवले मलाई सुक्खदुक्खमा केही साथ दिएका थिए ।' गौतम पनि प्रेमालाई सम्मान र स्नेह गर्थे । उनीहरू दुवै जनाको विचार पनि मिल्थ्यो । यसै प्रसङ्गमा डा.गौतमले भनेका थिए– 'प्रेमा र मेरो भेट प्रायः वीरगन्जमा नै हुन्थ्यो । म वीरगन्ज पुगेका बेला हाम्रो सम्पर्क भइरहन्थ्यो । भेट भएलगत्तै हामी एकअर्काको

गफमा मोहित हुन थालिहाल्थ्यौं । त्यस बेला हाम्रो भेटघाटका अवसरमा हामी कहिले रिक्सा चढेर घुम्थ्यौं त कहिले पैदलै पनि हिँड्ने गर्थ्यौं । त्यतिखेर हाम्रो भेटको उपलब्धि भनेको वीरगञ्जका सडक नाप्ने हुन्थ्यो ।'

प्रेमा शाह र ध्रुवचन्द्र गौतम एकअर्कालाई विश्वास गर्थे । उनीहरू नयाँनयाँ लेखनीका विषयमा चर्चापरिचर्चा गर्थे । साहित्यिक रूपमा पनि उनीहरूमाऊ स्नेह थियो । एकातिर ध्रुवको सरल व्यवहार र अर्कातिर प्रेमाचाहिँ हाउभाउ देखाउने युवती थिइन् । त्यस बेलसम्ममा गौतमले चाहिँ जनमाऊ स्वतन्त्रताको उपभोग गर्न त्यति हिम्मत पनि गरेका थिएनन् । त्यसैले उनीहरू नजिकै भएर पनि टाढा देखिन्थे ।

प्रेमा शाह र आख्यानपुरुष डा. ध्रुवचन्द्र गौतमको अति घनिष्टता उनीहरू एकअर्काबाटै नइ प्रसाईलाई पनि थाहा थियो । त्यसैले एक पटक तीन जना अर्थात् जल शाहसहित प्रेमा शाह र डा. ध्रुवचन्द्र गौतमको सम्मानमा नइगृहले रात्रि भोजको आयोजना गरेको थियो । त्यस बेला आफूले रक्सी नखाए तापनि प्रेमाले गौतमको गिलास रित्तो हुनबाट वञ्चित गराइरहन्थिन् । वास्तवमा गौतम पनि कमलो मनका धनी मानिन्छन् । उनी आख्यानपुरुष मात्र होइनन् मानवताका पुजारी पनि हुन् । उनी आफूलाई गायकका रूपमा पनि देखाउन चाहन्छन् । त्यसैले त्यस साँऊ गौतमले गीत पनि गाए । गौतमको आत्मीय शैलीका कारण प्रेमाले पनि गौतमको जय मनाउने गर्थिन् । आफ्ना घरमा लगेर पनि प्रेमाले गौतमका चाहनाका रक्सी खुवाउने गर्थिन् ।

प्रेमा शाहले २०२० सालदेखि २०३७ सालसम्म भर, विश्वास र स्नेह गरेका अर्का शिष्ट, मर्यादित र सहयोगी व्यक्ति थिए– काशीनाथ तमोट । साथै कनकद्वीप, वासु रिमाल 'यात्री' र मदन रेग्मी पनि प्रेमा शाहका नजिकका साथीहरू थिए ।

•

प्रेमा शाह एउटी चमत्कारी नारी थिइन् । उनको भित्री मनमा के हुन्थ्यो भन्ने कुरा उनका नजिकै रहेकाले पनि त्यति चाल पाउन सक्तैनथे । तर त्यस समय उनको तन र मनमा टच्याप्पै टाँस्सिएका एउटै व्यक्ति पुरुषोत्तम बस्नेत मात्र थिए । तर बस्नेतसँगको प्रेममा उनको धीत मर्नै पाएको थिएन । भनौं बस्नेतसँगको उनको प्रेमका अगाडि अनेक प्रपञ्च घटिदिनाले उनी सक्कली मायाबाट टाढा र अति टाढै पुगिसकेकी थिइन् । त्यसैले उनी बाँचुन्जेल उनमा प्रेमको भोक रहिरह्‌यो । त्यसपछि उनी 'आफ्ना लागि यस ब्रह्माण्डमा बस्नेतबाहेक अरू कुनै गतिला पुरुष नै देख्तिनँ' भन्थिन् । यसै प्रसङ्गमा उनले फेरि आफ्नो मनको भाका आफ्नै डायरीमा कोरेकी थिइन्– 'यदि अमेरिकाका पूर्वराष्ट्रपति जोन एफ. केनेडी बाँचेर आए र मेरा अघि उभिएर प्रेमप्रस्ताव राखे भने उनीसँग समर्पित भएर मेरो बाँकी जीवन बिताउने मभित्र अझै चाहना छ ।'

प्रेमा शाहले आफ्नो जीवनमा केनेडी जस्तो वीर पुरुष नपाए तापनि आफ्नो उत्तरार्ध केनेडीकै देशमा बिताएकी थिइन् । तर उनी जहाँ गए पनि र जहाँ भए पनि पुरुषोत्तम बस्नेतको मन भने प्रेमाकै प्रेममा लपक्क भएर टाँस्सिएको थियो । प्रेमाका अरूहरू धेरै र प्राय: सबै जना साथीहरू उनको बखान गर्ने कार्यबाट ओझेल परे तापनि बस्नेत भने सधैं, सधैं र सधैं प्रेमाकै बयान, तारिफ र खोजीमा नै समाहित भइरहे ।

# प्रेमा शाह र पुरुषोत्तम बस्नेतको प्रेम

प्रेमा शाह र पुरुषोत्तम बस्नेतको चिनजान २०१९ सालको आरम्भमा काठमाडौंमा भएको थियो । त्यस बेला प्रेमा आइए पढ्ने गर्थिन् । साथै पुरुषोत्तम बस्नेत सेन्ट्रल होस्टेल, लालदरबारमा बस्थे । केटाहरू बस्ने सो सरकारी छात्रावास अहिलेको याक एन्ड यति होटेल भएको ठाउँ लालदरबारमा थियो । पछि सो होस्टेल केन्द्रीय छात्रावासका नाउँमा ताहाचलमा सरेको थियो ।

प्रेमा शाह र पुरुषोत्तम बस्नेतको उमेर मिल्थ्यो, मन मिल्ने क्रममा थियो र वचन पनि क्रमश: मिल्दै गएको थियो । त्यसैले उनीहरूको सम्पर्क बढोत्तरीकै क्रममा थियो । त्यस बेलासम्ममा प्रेमा साहित्यिक कार्यक्रमहरूमा पनि आउजाउ गर्न सक्रिय थिइन् । त्यस समयसम्ममा उनको साहित्यप्रतिको रुचि, झुकाव र समर्पणको बस्नेतले पारख गरिसकेका थिए । साथै प्रेमा पनि पुरुषोत्तमको सहयोगी, मिलनसार र साहित्यप्रतिको मोहबारेको शैलीमा निमग्न हुन थालिसकेकी थिइन् । मानौं यी दुई अब एक हुन थालिसकेका थिए ।

सेन्ट्रल होस्टेलमा बसेताका पुरुषोत्तम बस्नेत र हेमराज सापकोटाको सम्पादनमा 'मुकुट' साहित्यिक पत्रिका प्रकाशित हुन्थ्यो । त्यस बेला प्रेमा पनि आफ्ना साहित्यिक लेखरचना पत्रपत्रिकामा छपाउने हैसियतमा पुगिसकेकी थिइन् । त्यस घडी उनलाई यसरी पत्रपत्रिकामा लेखरचना छाप्न प्रोत्साहन गर्ने केदारमान व्यथित, विजय मल्ल र रत्नध्वज जोशी थिए । 'शारदा'

मा उनका रचना छापिन थालेपछि उनलाई आफ्ना लेखरचना अन्य साहित्यिक पत्रिकामा छाप्ने नशा पनि लागिसकेको थियो । अनि उनी 'मुकुट' मा आफ्ना रचना छपाउने उपक्रममा नै बस्नेतको पनि नजिकमा पुगेकी थिइन् । त्यसपछि 'मुकुट' मा पनि उनका रचनाहरू प्रकाशित हुन थालेका थिए ।

त्यस बेला प्रेमा शाहले लेखेपछि आफ्ना रचना बस्नेतलाई देखाउने गर्थिन् । भनौं बस्नेत प्रेमाका रचनाका प्रथम पाठक हुन्थे । त्यस बेलासम्ममा प्रेमाको साहसीपन, निर्भीकता र प्रतिभासँग पनि बस्नेत प्रभावित भइसकेका थिए । साथै प्रेमाको साहित्यिक व्यक्तित्वसँगसँगै उनको शारीरिक सौन्दर्यले पुरुषोत्तम बस्नेत पनि प्रेमाप्रति थप आकर्षित हुन थालिसकेका थिए । प्रेमा पनि बस्नेतको इमान, स्वच्छ मन र उच्च बौद्धिकताका साथै उनको शालीन व्यक्तित्वप्रति भुतुक्कै हुन थालेकी थिइन् ।

२०२१ सालको कुरा हो; राष्ट्रिय नाचघरमा एउटा साहित्यिक समारोह भएको थियो । त्यस समारोहमा प्रेमा शाहले 'आऊ मलाई सम्भोग गर' भन्ने कविता सुनाएकी थिइन् । अधिकांश महिलाहरू घुम्टोभित्रै बस्ने त्यस जमानामा एउटी युवतीले समारोहमा उच्च शिर राखेर सम्भोगका लागि आह्वान गर्नु भनेको चानचुने साहसको कुरा थिएन । यो कविता लिपिगत रूपमा कतै प्रकाशित भएन तर यसै कविताको भावलाई प्रेमाले गद्यमा रूपान्तरित गरेर अर्को वर्ष 'मुकुट' मासिकमा प्रकाशित गराएकी थिइन् ।

प्रेमा शाहको 'आऊ मलाई सम्भोग गर' भन्ने संवादबाट केदारमान व्यथितले समारोहमा नै उनलाई स्याबास् र बधाई ज्ञापन गरेका थिए । साथै विजय मल्ल पनि प्रेमाको यो आँटलाई बधाई ज्ञापन गर्न पछि परेका थिएनन् । अनि उनको साहसीपनसँग अन्तर्हृदयले बधाई दिने युवक पनि देखा परे र ती स्रष्टा पुरुषोत्तम बस्नेत थिए । बस्नेतको ढापको प्रोत्साहनले त्यस बेला प्रेमा साहसको अर्को शिखर

आरोहित भइन् । त्यसपछिका दिनहरूमा उनीहरूको सम्पर्कप्रति समकालीन नेपाली साहित्यजगत् अनभिज्ञ हुन सकेको नै थिएन ।

प्रेमा शाह र पुरुषोत्तम बस्नेतबीचको प्रेमसम्बन्ध दिनहुँ बढोत्तरीको गतिमा अघिअघि बढिरहेको थियो । त्यसै समयमा बस्नेतले सेन्ट्रल होस्टेल छोडेका थिए । त्यसपछि उनी सिफलको डाँडामा अवस्थित आफ्नो निवासमा बसोवास गर्न थाले । त्यस बेला उनी जापानी १६१ सिसीको होन्डा मोटरसाइकलमा सवार हुन्थे । उनी पैतृक रूपबाटै सम्पन्न थिए । त्यसैले उनी आफ्नो इच्छाअनुसारको दामी सवारीसाधन चढ्ने गर्थे । त्यतिखेरसम्ममा काठमाडौंमा त्यसरी मोटरसाइकल चढ्ने मान्छे निकै खानदानी नै हुनुपर्थ्यो । कृष्णभक्त श्रेष्ठका अनुसार 'पुरुषोत्तम बस्नेत भनेका धेरै नै धनी थिए । उनैका बुबाले तारिणीप्रसाद कोइरालालाई समेत मद्दत गरेका थिए । त्यतिखेर तारिणीकै घर चाबेलमा विश्वेश्वरप्रसाद कोइराला पनि बस्थे । साथै बस्नेतका बुबाले कोइरालालगायत नेपाली काङ्ग्रेसका कार्यकर्तालाई पनि आर्थिक सहयोग गरिरहन्थे ।'

त्यस समय काठमाडौं सहरमा मोटर र मोटरसाइकल फाट्टफुट्ट मात्रै कुद्थे । पुरुषोत्तम बस्नेतको उ. का. (उपत्यका अञ्चल कार्यालय) ११०५ नम्बरको गाडा रातो रङ्गको मोटरसाइकलमा प्रेमा शाह पछाडि बसेको देख्दा र सुन्दा केदारमान व्यथित, विजय मल्ल, पारिजात, कृष्णभक्त श्रेष्ठ, द्वारिका श्रेष्ठ र मदन रेग्मीहरूले प्रेमालाई भाग्यमानी युवती भन्थे । साथै प्रेमाजस्ती जल्दीबल्दी युवतीलाई लिएर हिँडेकोमा बस्नेतलाई हिम्मती, पुरुषार्थी र भाग्यमानी भन्नेहरू पनि थिए ।

पुरुषोत्तम बस्नेत र प्रेमा शाहको प्रेमप्रसङ्गको हल्लाले त्यस बेलाको साहित्यिक मञ्चहरू रङ्गिसकेका थिए । साहित्यिक सभा, समारोहमा जानेआउने सन्दर्भले उनीहरू एकअर्कामा मात्र होइन जनमाझ पनि प्रेमीप्रेमिकाको सुललित स्थानमा पुगिसकेका

थिए । कृष्णभक्त श्रेष्ठका अनुसार 'त्यस घडी प्रेमा र बस्नेत श्रीमान्-श्रीमतीजस्तै भएर हिँड्ने गर्थे ।' वास्तवमा ईश्वरीय अनुकम्पा प्राप्त भएझैं एकअर्काका लागि जीवन बाँच्ने उनीहरूको अनुपम जोडी देखिन्थ्यो । त्यस बखत प्रेमा बस्नेतसँगको प्रेममा नै समर्पित थिइन् । त्यतिखेर उनले बस्नेतकै माया, प्रेम र स्नेहमा आबद्ध कविता पनि लेखिन्–

'ए लोभलाग्दो मान्छे !
धरती र आकाशको सामञ्जस्यमा
ती लामा परेला खोलेर नहेर्नू
किनकिन मलाई विचित्रको मायाले छोप्छ ।

तिम्रा नानीको लामो पथमा
जीवन यो डोरिएर लम्मिँदै जान्छ
भर्खरै उघ्रेको प्रातः
हलुका कुहिरोसितै
थकानको लामो सुस्केरा उड्दै जान्छ
अनि–
पुराना खण्डहरझैं
यी अपाङ्ग कल्पना
स्वस्थ लयमा एउटा सुन्दर गीत बन्छ ।

जिउँदो तहमा
गाँसिएको बिपना प्रिय लाग्दालाग्दै
एउटा डर जान्छ कतै
यही बिपना सपनाझैं
मेरो निद्राको पहिलो रात
रुङ्नलाई नझुल्कियोस् ।

यसैले ए लोभलाग्दो मान्छे !
मेरो अगाडि नपर्नू
कहिल्यै हेर्दै नहेर्नू ।

काफलझैं तिम्रा नीला आँखा
बाह्रै महिना फुलेको देख्ता
अन्तर यो पुतलीको पखेटाझैं
तिम्रै प्यारको मध्याह्नमा
सधैंसधैं भट्किरहन्छ
उड्दै जान्छ ।

तर
यो सूक्ष्म मोह कहिल्यै नष्ट हुँदैन
तिम्रै नेत्रको झ्याउ र टल्कने बालुवा सतहमुनि
यी मेरा स्नेहका अविरल थोपा
सिपीझैं तैरिरहन खोज्छन् ।

आहा ! तर, विशद यी कामनामा
त्यसै शङ्काको साँझ पर्छ
त्यसैले–
ए लोभलाग्दो मान्छे !
आँखाका यी प्यालामा
अनुराग लिई पियाउन नआउनू
मेरो आफ्नै जीवन बग्ने
एकाङ्की यो गोरेटोमा
जूनकीरी आँखामा टाँसी बाटो कुर्ने नगर्नू
स्मृतिको यो स्निग्ध दीप
उज्यालैमा फुकिदिनू ।'

पुरुषोत्तम बस्नेत प्रेमा शाहलाई भेट्न प्राय: दैनिकजसो ललितपुरस्थित विज्ञानशमशेर जबराको घर जाने गर्थे । बस्नेत राणापरिवारमा त्यति रुचाइएका व्यक्ति भने थिएनन् । किनभने उनी राणापरिवारका लागि विवाहित देखिएका थिए । तर उनको विवाहचाहिँ नाउँ मात्रको बिहे थियो भन्ने कुरा राणाहरूले बुझ्नै चाहँदैनथे । बस्नेतको विवाह १४ वर्षको उमेरमा उनकै गाउँ ओखलढुङ्गामा भएको थियो । तर विवाहपछि पत्नीसँग उनको कहिल्यै सम्पर्क भएन । बस्नेत र प्रेमा शाहको प्रेमप्रसङ्गको चर्चा व्यापक भएताका बस्नेतका ससुरालीले प्रेमा शाह र उनका मावलीलाई 'यदि बस्नेतसँग प्रेमाले विवाह गरेमा बहुविवाहमा हामी मुद्दा हाल्छौं' भनेर थर्काउने, तर्साउने र कुर्लने काम गरेका थिए । बस्नेत एकातिर क्षत्री र अर्कातिर पञ्चायत व्यवस्थाका विरोधी राजनीतिक कार्यकर्ता भएकाले प्रेमासँग विवाहका लागि राणापरिवारमा उनी अयोग्य ठहरिएका थिए । त्यति मात्र होइन बस्नेतका ससुरालीतिरबाट पनि राणापरिवार आतङ्कित हुन थालेकाले बस्नेत राणाका झनै ठूला आँखी भइसकेका थिए ।

प्रेमा शाह र पुरुषोत्तम बस्नेतको प्रेम एकोहोरो रूपमा नै चुलिँदै थियो । तर उनीहरूको प्रेम जोगाउन उनीहरूलाई फलामको चिउरा चपाएसरि थियो । प्रेमाका मावलीले बस्नेतलाई कुनै प्रकारले पनि मान्यता, स्नेह र स्वागतका भाव प्रदान गर्दैनथे । उनीहरूले त्यस प्रकारका कुनै शिष्टाचार नदर्साए तापनि बस्नेतचाहिँ राणागृह जान छाडेका थिएनन् ।

पुरुषोत्तम बस्नेत पुग्ने समयमा राणागृहमा प्राय: मानिस हुँदैनथे । जसले गर्दा प्रेमा शाह र बस्नेतका लागि त्यस घरमा पर्याप्त प्रेमिल वातावरण हुने गर्थ्यो । तर पछिपछि राणापरिवारको निकै खप्की खानुपरेकाले प्रेमाले बस्नेतलाई राणागृहमा नआउन नै अनुरोध गर्न थालेकी थिइन् । एउटी शुद्ध ठकुरी र अर्का पक्का क्षत्री परिवारका भएका कारण कतिपय व्यवहारमा यिनीहरूको सहयात्रा अत्यन्तै अप्ठ्यारो किसिमको थियो ।

दिनभरि, दिनभरि सँगसँगै समय बिताउँदा पनि प्रेमा शाहका मनमा पुरुषोत्तम बस्नेतप्रतिको र बस्नेतका हृदयमा प्रेमाप्रतिको प्रेमको फोहरा बहिरहेकै हुन्थ्यो । ती फोहोरा समेटेर प्रेमाले बस्नेतलाई धेरै चिठी लेखेकी थिइन् र बस्नेतले पनि प्रेमालाई त्यसै गरेका थिए । मौखिक बोलीचालीमा प्रेमा पुरुषोत्तमलाई 'डियर बस्नेतजी' नै भन्थिन् भने बस्नेतचाहिँ 'प्रेमा' नै भन्थे । अनि प्रेमाको बस्नेतउपरको चिठी 'डियर बस्नेत' बाट सुरु हुन्थ्यो । उनले बस्नेतलाई लेखेका चिठी 'तिम्री प्रेमा' मा पुगेर समाप्त हुन्थ्यो । कविताभन्दा गद्याख्यानमा प्रबल प्रेमाको लेखनका चिठी पढ्दा बस्नेत समय बितेको पनि पत्तो पाउँदैनथे । तर दुर्भाग्य ! बस्नेतका ती अमूल्य प्रेमपत्रहरूलगायत बीपी कोइराला, धरणीधर कोइरालाले उनलाई लेखेका चिठीपत्रहरूसमेत खानतलासीका क्रममा २०२७ सालमा नै पुलिसले जफत गरेको थियो ।

सुरुमा प्रेमप्रसङ्ग चलिरहेका बेला प्रेमा शाह र पुरुषोत्तम बस्नेत उन्नाइसबीस वर्षका थिए । त्यो क्रम झाँङ्गिँदै गएपछि उनीहरू भविष्यमा वैवाहिक जीवनमा बाँधिने बलियो योजना बुन्ने क्रममा अघि बढिरहेका थिए । त्यसो त विज्ञानशमशेरलगायत राणाका परिवारजनलाई आफ्नी नातिनी अथवा भान्जीले विवाहित अनि क्षत्रीको छोराको दौराको फेर समातेको मन परेकै थिएन । त्यसैले उनीहरू प्रेमालाई बस्नेतसँग सङ्गत नगर्नका लागि घरीघरी सल्लाह दिने गर्थे । तर प्रेमा आफ्नो तनमनमा बसिसकेका बस्नेतबाट टाढा नजाने निर्णयमा नै थिइन् । बस्नेतसँगको प्रेममा प्रेमा डुबेताका एक पटक राणागृहमा बस्नेतविरोधी खुबै ठूलो रँडाकोसमेत मच्चिएको थियो । त्यस घडी बस्नेतका विरुद्धमा दमनशमशेर राणाले आगो ओकलेका थिए (राणा भारतका लागि राजदूत पनि भइकेका थिए) । आफ्ना प्रेमीका विरुद्ध दन्केका दमनमाथि प्रेमाले पेस्तोलसमेत उठाएकी थिइन् । भनौं यिनले एक चोटि हातमा पेस्तोल बोकेर आफ्ना जिजुबुबा

विज्ञानशमशेर राणाका दाजु दमनशमशेरलाई हान्न पनि गएकी थिइन् । तर उनलाई अरूले छुट्टचाएर गोली लाग्नबाट दमनशमशेरलाई बचाएका थिए । त्यसैले यिनका मामा वरुणशमशेर राणाले यिनलाई कम्युनिस्ट पनि भन्ने गर्थे । प्रेमाका जिजुबुबा विज्ञानशमशेर राणाले चाहिँ प्राय: यिनलाई कम्युनिस्ट नै भनिरहे ।

प्रेमा शाह त्रिभुवन विश्वविद्यायमा पढ्न थालेपछि बस्नेत पनि उनलाई भेट्न विश्वविद्यालयमै पुग्थे । उनीहरूको प्रेमकथा पनि उनीहरूको उमेरसँगसँगै छिप्पिने क्रममा थियो । साथै उनीहरूबीच प्रेमको बलियो धागो बाँधियोस् भन्ने चाहना गर्ने नेपाली साहित्यका अर्का सबल हस्ती थिए– विजय मल्ल । मल्ल प्राय: बस्नेतलाई प्रेमाको र प्रेमालाई बस्नेतको प्रशंसा गरिरहन्थे । उनी दुवैको जोडीको बखान दुवैसँग गरिरहन्थे । अर्थात् उनी प्रेमा र बस्नेतको प्रेमले सार्थक रूप लेओस् भन्ने चाहना राख्थे ।

प्रेमा शाह र पुरुषोत्तम बस्नेतको प्रेमको दुनियाँ खुबै रङ्गीन थियो । यसलाई थप गाढा रङमा रङाउने काम न्युरोडस्थित इन्दिरा रेस्टुराँले पनि गरेको थियो । यी युगल जोडी कहिले दुई जना मात्रै र कहिले अरू साथीहरूका साथमा पनि इन्दिरा रेस्टुराँमा घण्टौं रमाउँथे । त्यस बेला साँझपख इन्दिरा रेष्टुराँमा पुग्ने जोकोहीले प्रेमा, बस्नेतको प्रेमिल जोडीको दर्शन गर्न सक्थे । यसबाहेक प्रेमा, बस्नेतको जोडी साहित्यिक साथीहरूका साथ काठमाडौं वरपरका कतिपय स्थानहरूमा पनि प्रेमिल भ्रमण गर्थे ।

प्रेमा शाहलाई राजनीतिको कुनै चस्का थिएन, उनी साहित्यमै हुरुक्क थिइन् भने पुरुषोत्तम बस्नेत साहित्यभन्दा बेसी राजनीतिमा आबद्ध थिए । बस्नेत त्यस बेलाको प्रतिबन्धित नेपाली काङ्ग्रेसका सक्रिय कार्यकर्ता थिए । त्यसैले बाहिरबाहिर साहित्यिक क्रियाकलापमा लागेका देखिने बस्नेत भित्रभित्रै नेपाली काङ्ग्रेसको सक्रिय राजनीतिक क्रियाकलापमा थिए । पञ्चायती व्यवस्थाको समय थियो । त्यसैले

विपरीत ध्रुवी राजनीतिप्रति सरकारको कठोर दृष्टि थियो । त्यस बेला नेपाली काङ्ग्रेसका सर्वोच्च नेता बीपी कोइराला जेल बस्दा बस्नेत उनलाई पत्रपत्रिका पठाइरहन्थे । कोइराला जेलबाट छुटेर बनारस पुगेपछि पनि बस्नेत पटकपटक कोइरालालाई भेट्न बनारस नै पुग्ने गर्थे । खास गरेर त्यस बेला बनारस नै नेपाली काङ्ग्रेसको मूल थलो थियो ।

प्रेमा शाह र पुरुषोत्तम बस्नेतको प्रेमको यात्रा विवाहको दैलो उघार्ने तरखरमा पुगिसकेको थियो । त्यसैले यस जोडीले विवाहपूर्व नै बनारसको युगल यात्रा गर्ने मन गरेका थिए । अनि जहाजबाट उनीहरू बनारस गए । त्यसै बेला बस्नेतसँगै प्रेमा शाहको पनि बीपी कोइरालासँग भेटघाट भयो । त्यस समय उनीहरू एक हप्तासम्म बनारस बसेका थिए । त्यतिखेर बिहानभरि उनीहरू बनारसका गल्ली चाहार्थे । उनीहरू गङ्गानदीमा पुगेर ढुङ्गामा प्रेमयात्रा र जलक्रीडामा पनि रमाउँथे । प्रेमको मनोरम दुनियाँमा रमाउँदैरमाउँदै प्रेमा, बस्नेतको जोडी नेपाल फर्किएको थियो ।

प्रेमा शाह र पुरुषोत्तम बस्नेत नेपाल फर्केपछि लगत्तै अर्को वर्ष यस जोडीको विवाहबन्धनमा बाँधिने टुङ्गो लागिसकेको थियो । तर त्यसै समयमा बस्नेतगृहमा दुर्भाग्यको घटना घटचो । पुरुषोत्तम बस्नेतका बुबा मकरध्वज बस्नेतको २०२७ साल वैशाखमा स्वर्गारोहण भयो । अनि उनीहरूको विवाह पनि थन्को लागेको थियो । आफ्ना बुबाको बरखी सक्न पाउँदानपाउँदै बस्नेतका नाउँमा सरकारले पक्राउको आदेश जारी गरेको थियो । त्यस कारण बस्नेतले आफ्नी प्रेमिकालाई समेत छोडेर भूमिगत हुनुपरेको थियो ।

पुरुषोत्तम बस्नेतका नाउँको वारेन्टका साथसाथै बस्नेतका सम्भावित अड्डाहरूमा पनि पुलिसले खोजी गऱ्यो । यसै क्रममा विज्ञानशमशेर राणाका घरमा पनि पुलिसले बस्नेत त्यहीँ होलान् भनेर खानतलासी गऱ्यो । अनाहकमा आफ्ना घरमा पुलिसको

खानतलासीका कारणले राणापरिवार बस्नेतको झनै खुलेर विरोधमा लाग्न थाले । प्रेमालाई उनको परिवारले बस्नेतसँगको प्रेम परित्याग गर्न र उच्च घरानियाँ राणा र ठकुरीसँग नै विवाह गर्न चारैतिरबाट दबाब दिन थाले ।

राज्यविपरीत भूमिगत मान्छे उच्च स्थानमा उक्लिने कुरामा प्रेमा शाहलाई नै पनि त्यति सारो आफ्नो आत्मविश्वासले साथ दिएको थिएन । यसैबीच पुरुषोत्तम बस्नेत विवाहित पुरुष हुन् भन्ने कुरा पनि राणापरिवारले निकै जोडतोडले प्रेमाउपर बराबर व्याख्या गरेका थिए । राष्ट्रको संविधानविपरीत राजनीति गर्ने र त्यसमाथि विवाहित पुरुषसँग विवाह गर्नुको औचित्यहीनताप्रति पनि प्रेमा क्रमश: सचेत हुन थालेकी थिइन् । त्यसो त बस्नेतले प्रेमालाई आफूले इच्छा नगरेकै बेला बाल्यावस्थामा गरिएको आफ्नो विवाहप्रति आफूले कहिल्यै कुनै चासो नराखेको कुरा व्यक्त गरिसकेका थिए । बस्नेतको इमानलाई सुरुसुरुमा प्रेमाले पनि मनमा गाँठो त पारेकै थिइन् । यति हुँदाहुँदै पनि घरपरिवारको बस्नेतउपरको एकोहोरो विरोध र भूमिगत बस्नेतसँग त्यस बखतको सम्बन्धहीनताका कारण प्रेमाले बस्नेतको प्रेमलाई एक्कासि परित्याग गर्ने आँटसमेत गरिदिइन् । उनकी दिदी शशी राणा र वरुणशमशेर राणाकी पत्नी कनकराज्यलक्ष्मी राणा अथवा भनौं उनकी माइजूको ललाइफकाइमा परेर प्रेमा बस्नेतसँग टाढिने क्रममा नै उभिइन् । त्यस बखत प्रेमाको वरिपरि बसेर घरपरिवारका मान्छेबाट प्रेमालाई भनिरहने गरिन्थ्यो– 'सरकारका विरोधमा लागेर राजनीति गर्ने मान्छे अब यस दुनियाँमा कहिल्यै पनि उक्सिन सक्दैनन् । यसरी ओरालो लागेको मान्छेसँग आँखा फुटेकाले मात्र विवाह गर्छन् । त्यस्ता मान्छेसँग विवाह गरेर कसैले पनि कहिल्यै सुक्ख पाउँदैनन् । त्यस्ता सरकारद्रोहीसँग विवाह गर्नेले सधैं रोएरै बस्नुपर्छ ।' साथै प्रेमाकी दिदीद्वारा आकाश पातालको उपमाले सिँगारिएका भारतीय धनाढ्य जानवीप्रताप शाहीको नाउँ मात्र प्रेमाका

अगाडि उभ्याइने गरिन्थ्यो । त्यस बेला उनलाई कति बाध्य पारियो भने यसबारे अरू विकल्प सोच्ने उनले मौका नै पाइनन् । अन्ततः प्रेमाको विवाह हुने निश्चित नै भयो । अनि प्रेमालाई भारतमै लगेर शाहीसँग लगनगाँठो कस्न लगाइएको थियो । यसरी नै बस्नेतको प्रेमको महल प्रेमाका तर्फबाट खण्डहरमा रूपान्तरित गरिएको थियो ।

प्रेमा शाह भारतीय जानवीप्रताप शाहीकी पत्नी भएकोमा राणापरिवारले हर्षबढाइँ गरेको थियो । त्यसै उमङ्गका बेला प्रेमाका मामा वरुणशमशेर राणाले पुरुषोत्तम बस्नेतका घनिष्ट मित्र कृष्णभक्त श्रेष्ठलाई मुख लोपारेको हात देखाउँदै भनेका थिए– "ला... ! हाहाहा... ! मैले मेरी भान्जीलाई जोगाएँ कि जोगाइनँ ? तिम्रो साथीले मेरी भान्जीलाई विवाह गर्न सक्यो त ! तिमीहरू अब फेरि फुटानी हाँक्छौ ?" त्यस बेला राणा गोरखापत्र संस्थानको मुखपत्र 'द राइजिङ नेपाल' दैनिकका सम्पादक र श्रेष्ठचाहिँ सोही पत्रिकाका उपसम्पादक थिए । श्रेष्ठ पछि 'गोरखापत्र' दैनिकका सम्पादक र गोरखापत्र संस्थानका महाप्रबन्धक भएका थिए ।

२०४८ सालको कुरा हो; पुरुषोत्तम बस्नेत गोरखापत्र संस्थानका कार्यकारी अध्यक्ष थिए । अनि वरुणशमशेर राणाचाहिँ उनैका मातहतमा काम गर्थे । अथवा भनौं त्यस समय राणा गोरखापत्र संस्थानको अङ्ग्रेजी साप्ताहिक 'सन्डे डिस्प्याच' का सम्पादक थिए ( त्यो पत्रिका धेरै चलेन पनि) । त्यस बेलाचाहिँ बस्नेतसँग आज्ञापालक भई राणाले आफ्नो पदीय कार्य निर्वाह गरेका थिए । उनीहरूमाऊ संस्था र पत्रिकाबारे विचारविमर्श पनि भइरहने गर्थ्यो । मानौं पहिलाका सबै घटना र चोटबाट दुवै जना अनभिज्ञझैं देखिन्थे ।

पुरुषोत्तम बस्नेत ज्ञानगुन र इमानले भरिएका पुरुष थिए । पढाइकै कुरा गर्ने हो भने पनि उनले एमए, बीएल पास गरेका थिए । शिष्ट, सरल र सौम्यका साथै बस्नेत सादा रहनसहनका उच्च बौद्धिक व्यक्ति थिए । त्यति मात्र होइन बस्नेत लोभलालचबाट पनि

टाढै देखिन्थे । उनी नेपाली काङ्ग्रेस पार्टीमा बिराला कोटिका स्वच्छ छविका रूपमा पनि चिनिन्थे । अझैसम्म पनि बस्नेतको जीवन त्यसरी नै परिचालित भएको पाइन्छ ।

२०२७ सालको कुरा हो; भूमिगत अवस्थाबाट नै पुरुषोत्तम बस्नेत पक्राउ परेका थिए । त्यतिखेर सत्तासित नजिक भएका राणापरिवारले नै बस्नेतलाई जेल हाल्ने कडी अपनाएका थिए । त्यसपछि बस्नेत जेलमा कोचिएका थिए । राजनीतिज्ञ बस्नेत मुटुभित्र प्रेमा शाहको प्रेमदहमा डुबेका भए पनि भौतिक रूपमा आफ्नी प्रेयसीबाट टाढा भइरहे । जेल परेको केही वर्षपछि नै उनी जेलबाट बाहिरिएका थिए । त्यस समय उनले आफूलाई जिन्दगीबाटै थाकेको महसुस गरे । तर पनि उनले बिस्तारै खुट्टा टेक्न थाले । अनि प्रेमासँगको प्रेमसम्बन्ध असफल भएपछि बस्नेतले कसैसँग प्रेम गरेनन् । प्रेमासँगको प्रेम नै उनको पहिलो प्रेम थियो र प्रेमासँगकै उनको प्रेम अन्तिम प्रेम पनि थियो ।

पुरुषोत्तम बस्नेत प्रेमा शाहसँगको मायामा मात्र हुरुक्क थिएनन् । उनी प्रेमाको प्रतिभाउपर पनि अत्यन्तै प्रेम गर्थे । आफ्नी प्रियाको सिर्जनात्मक प्रतिभामा खिया नपरे हुन्थ्यो भन्ने उनको हरदम चाहना हुन्थ्यो । नइसँगको भेटघाटमा पनि बस्नेत बराबर दोहोऱ्याएर भन्ने गर्थे– 'पछिल्ला समयमा प्रेमाले लेख्नै छाडिन् । उनले लेखिरहनुपर्थ्यो ।'

प्रेमा शाहको पहिलो विवाह असफल भएको अथवा विवाहित पुरुषले नै फुक्याएर प्रेमालाई बिहे गरेको कुरा सुनेर पुरुषोत्तम बस्नेत रमाउन सकेनन् । विवाहितका साथसाथै पर्याप्त सन्तानका पिता भइसकेका शाहीले भ्याक्सेटोमी गरेर प्रेमासँग विवाहको खेल खेलेको कुरा चाल पाएपछि प्रेमाले शाहीलाई त्यागेको समाचार पनि बस्नेतसमक्ष पुगेको थियो । आफूले अतिशय प्रेम गरेकी प्रेमाले पटकपटक पुरुषहरूबाट धोका पाएको कुरा मात्र सुनिरहँदा बस्नेतको मन कुँडिइरहन्थ्यो ।

शाहीसँगको वैवाहिक जीवन असफल भएपछि पनि विजय मल्लले पुन: बस्नेतसँग प्रेमाको मिलन गराउन खोजेका थिए । तर प्रेमाले विजय मल्लको उक्त प्रस्ताव अस्विकार गरेकी थिइन् ।

शाहीसँगको विवाह भङ्ग भएपछि प्रेमा शाहले रमेश कर्माचार्यसँग विवाह गरेको कुरा पनि पुरुषोत्तम बस्नेतले जानकारी पाएका थिए । जे गरी भए पनि प्रेमाले सुख पाएको खबर सुन्न बस्नेत सधैं लालायित रहन्थे ।

२०४२ सालको कुरा हो; पुरुषोत्तम बस्नेत न्युरोडको पीपलबोटमुन्तिर आफ्नो जुत्तामा पालिस गराउँदै थिए । त्यसै बेला प्रेमा शाह कतैबाट त्यहीं आइपुगेकी थिइन् । उनले मोचीलाई आफूले लगाइरहेको छालाको चप्पल सिलाइदिन अनुरोध गरेकी थिइन् । मोचीले चप्पल समाएर ओल्टाईपल्टाई हेरेपछि 'यो चप्पल त सिलाउन सकिँदैन' भन्ने जबाफ प्रेमालाई दिएको थियो । प्रेमाले लगाइरहेको चप्पल वास्तवमै निकै थोत्रो भइसकेको थियो । प्रेमाको त्यस्तो अवस्था देखेर बस्नेतलाई प्रेमाप्रति करुणा जागेको थियो । 'त्यहीं पर यो चप्पल सिलाउने ठाउँ मैले देखेको छु, जाऊँ न !' बस्नेतको आग्रह प्रेमाले सुनिन् । वास्तवमा त्यस ठाउँमा बस्नेत र उनका साथीहरू पनि उभिएका छन् भन्ने उनले चाल पाएकै थिइनन् । बस्नेतले प्रेमालाई जुत्ता पसलमा पुऱ्याएर नयाँ चप्पल किनिदिने अभिप्रायले ती संवाद पोखेका थिए । तर प्रेमाले बस्नेतको अनुरोधलाई ठाडै अस्वीकार गरेकी थिइन् । दुवै जनाको सामान्य औपचारिक कुरापछि प्रेमा थोत्रो चप्पल घिसार्दै बस्नेतबाट बिदा भएकी थिइन् । यसै सन्दर्भमा ईश्वरवल्लभले पछिसम्म पनि भनिरहे– 'प्रेमा शाहजस्ती स्रष्टाको दयनीय आर्थिक अवस्था देख्दा जीवनदेखि नै वितृष्णा लागेर आउने गर्छ ।' त्यतिखेरसम्ममा प्रेमा शाह गतिलो लुगा लगाउने हैसियतबाट पनि टाढा पुगिसकेकी थिइन् ।

त्यस बखत पनि प्रेमा शाहलाई सहयोग गर्न पुरुषोत्तम बस्नेत उत्सर्गिक हुन्थे । तर प्रेमामा भएको स्वाभिमान र अभिमानसँग पनि

बस्नेत राम्रैसँग परिचित थिए । बस्नेतको सहयोग कुनै पनि हालतमा प्रेमाले स्वीकार नगर्ने कुरामा पनि उनी जानकार थिए । त्यसैले प्रेमाको दुर्दशा परैबाट हेरेर दुःखी हुनुबाहेक बस्नेतले प्रेमाको जिन्दगीमा केही गर्न सकेका थिएनन् ।

प्रेमा शाहले अलि गतिलो मानिससँग विवाह गरेर राम्रोसँग बसेकी भए हुन्थ्यो भन्ने पुरुषोत्तम बस्नेतलाई लाग्थ्यो । आफूले भुतुक्क भएर प्रेम गरेकी स्त्रीले फेरि घरीघरी दुख पाएको सुन्नु र हेर्नुपर्दा बस्नेतलाई कहिल्यै रमाइलो लागेको थिएन ।

पुरुषोत्तम बस्नेतका दृष्टिमा प्रेमा शाह अति प्रतिभाशाली थिइन् । तर प्रेमा अत्यन्त अव्यावहारिक पनि छिन् भन्नेमा बस्नेत अनविज्ञ थिएनन् । बस्नेतको युवा अवस्थाको छोटो यौवन प्रेमासँगकै प्रेममा सकियो । अझै भनौं पछिसम्म पनि बस्नेतले किटानी बयान दिन छाडेनन्, 'मेरो पहिलो र अन्तिम प्रेमिका नै प्रेमा शाह हुन् ।'

प्रेमा शाहकी छोरी जल शाह नेपाली सिनेमामा माथिल्लो कोटीकी नायिका भएको समाचारले पुरुषोत्तम बस्नेतलाई निकै खुसी दिएको थियो । बस्नेतले जललाई हेर्नकै लागि पनि जल शाह अभिनित सिनेमा हेरेर खुसी भएका थिए ।

२०५९ सालमा नेपाली काङ्ग्रेस पार्टीले पार्टी कार्यालयमा तत्कालीन राजनीतिक वातावरणका बारेमा चर्चा गर्नका लागि सिनेकलाकारहरूको जमघट गराएको थियो । सोही कलाकारहरूको समूहमा जल शाह पनि पार्टी कार्यालयमा पुगेकी थिइन् । त्यस बेला 'प्रेमालाई दिनू' भनेर आफ्नो भिजिटिङ कार्ड जललाई दिने इच्छा पुरुषोत्तम बस्नेतलाई भएको थियो । तर 'प्रेमाले कस्तो ठान्लिन् र जलले के सोच्लिन्' भनेर बस्नेतले त्यो कार्ड दिन सकेका थिएनन् । त्यस बेला उनले जल शाहलाई चाहिँ एकोहोरो हेरिरहेका थिए ।

'मैले भारतीयसँग हतार गरेर विवाह गर्नु नै गलत गरेकी रहेछु, मलाई बस्नेतजीले कति माया गर्थे' भन्ने कुरा प्रेमा शाहले केही आफन्त र विजय मल्ल, ईश्वरवल्लभ, ध्रुवचन्द्र गौतम, हरिभक्त कटुवाल आदिसँग भनेकी पनि रहिछन् । विजय मल्लले प्रेमाको यस्ता विचारकै फेरो समातेर प्रेमालाई पुन: पुरुषोत्तम बस्नेतसँगै जीवन गाँस्ने सल्लाह दिएका थिए । जुन कुरा प्रेमाले फेरि पनि अस्वीकार गरेकी थिइन् । 'तपाईंको र प्रेमाको सम्बन्ध लभ एन्ड हेटको रहेछ ।' प्रेमा र बस्नेतको समग्र पहिचान गरेका मल्लले कुनै बेला बस्नेतसँग यी संवाद अभिव्यक्त गरेका थिए । 'तर मैले त सधैं प्रेमासँग प्रेम मात्र गरैं, मैले उनलाई कहिल्यै घृणा गरिनँ' भन्ने शब्दको आडमा बस्नेतले भने प्रेमाको प्रेमको पुजारी भएर नै एकल जीवन व्यतित गरे । प्रेमाको निधनपछि पनि बस्नेतको अवस्था प्रेमाकै सेरोफेरोको मायामा बाँधिएको मात्र देखियो । यसै प्रसङ्गमा इन्दिरा प्रसाईले भनिन्– 'पुरुषोत्तम बस्नेतजस्ता शिष्ट, मर्यादित र समर्पित प्रेमी आजसम्म मैले देखेकै थिइनँ ।'

# प्रेमा शाहको विवाह

प्रेमा शाहलाई विवाह गर्ने सोखचाहिँ थियो तर भनेजस्तो वर नभेटेर उनी भौंतारिइरहेकी थिइन् । उनीसँग मन जोड्ने पुरुषको खाँचो त थिएन । तर उनीसँग जीवन बिताउन चाहने सुयोग्य पुरुष उनका मन र मस्तिष्कमा पुग्न सकेका थिएनन् । केही समय कुरेपछि आखिर उनले वर पनि भेटिन् ।

प्रेमा शाहले एमए पास गरेपछिका केही वर्षसम्म विवाहका लागि उनको परिवार सक्रिय रूपमा जुटिरह्यो । उनकी जेठी दिदी शशी राणाको दौडधुपले भारत पटनाका जानवीप्रताप शाहीको नाउँ उनीसामुन्ने आएको थियो । जानवीप्रताप शाही पढेलेखेका, शारीरिक सुन्दरता भएका र धनी पुरुष थिए । उनी अङ्ग्रेजले मान दिएका रायसाहेबका छोरा थिए; साथै उनी पटना र बनारसका जमिनदार थिए । उनै शाहीसँग प्रेमाका परिवारले उनको विवाहको कुरा चलाए र कुरा पनि मिल्ने दिशातर्फ अघि बढ्न थाल्यो । त्यस बेलासम्ममा प्रेमाले पनि आफ्नो यौवनावस्थामा उनका पछि लाग्ने पुरुषहरूसँगको सम्पर्कमा पनि कटौती गरिसकेकी थिइन् । भनौं शाहीलाई वरण गर्नुअघि नै उनले आफ्ना पुराना दौतरी एकएक गर्दै छाडिसकेकी थिइन् । वास्तवमा उनलाई मन पराउने पुरुष धेरै नै थिए । उनीसँग गाँसिन कति आए, कति गए उनका लागि हिसाबकिताब राखिरहनुपर्ने खास विषय मानिएकै पनि थिएन । तर उनले विवाह गर्ने दिनसम्ममा उनका एउटै मात्र वर पुरुष देखा परेका थिए र

उनको नाउँ थियो– जानवीप्रताप शाही । अनि २०२८ साल असार १८ गते शुक्रबार भारतीय पुँजीपति तिनै शाहीसँग नै प्रेमाको भारतमै लगनगाँठो कस्सिएको थियो ।

शाही खाइलाग्दा मात्र थिएनन् धनवीर पनि थिए । उनी अग्ला, मोटा र व्यक्तित्वशाली थिए । अनि उनी प्रेमा शाहभन्दा १५ वर्ष जेठा पनि थिए । जेजे भए तापनि प्रेमा तिनै शाहीसँगै समर्पित हुन थालिन् । त्यसैले उनले आफ्नो खारिलो, सुगन्धित र ढकमक्क फुलेको बैंसलाई सहर्ष शाहीको काखमा लगेर औपचारिक रूपमा सुम्पिदिइन् ।

विवाहपछि शाही दम्पतीमाझ राम्राराम्रा विषयमा सम्झौता हुन थाले । त्यस बेलाको सम्झौताको प्रमुख सूची भने उनीहरू भारतबाट नेपाल आउने, काठमाडौंमा घर बनाउने र छोराछोरी पाउने विषयमा केन्द्रित थियो । तर बिस्तारै त्यो सर्त, मन्जुरी र सम्झौतामा पनि खिया पर्न थालेको थियो । त्यतिखेरसम्ममा प्रेमा शाहलाई उनको पति गफी र फाइँफुट्टीदार जस्तो पनि लाग्न थालिसकेको थियो । प्रेमाले एमए गरेकी हुँदा उनका पतिले पनि गफ लगाएर 'राजनीतिशास्त्र र इतिहासमा मैले डबल एमए गरेको हुँ' भन्नेमा समेत प्रेमाको विश्वासमा बिर्को लागेको थियो । त्यसैले एक दिन प्रेमाले आफ्ना हितैषी साथी काशीनाथ तमोटलाई एक हप्ताका लागि आफूसँगै बनारस जान अनुरोध गरेकी थिइन् । त्यस बेला तमोटचाहिँ बबरमहलस्थित भवन विभागमा ओभरसियरमा कार्यरत थिए ।

काशीनाथ तमोटले प्रेमा शाहको कुरा काट्न सकेनन् र उनी प्रेमासँगै बनारस गए । काशी हिन्दु विश्वविद्यालयमा पुगेपछि तमोटको प्रमुख कार्य प्रेमाका पतिको डबल एमएको डिग्री हो कि होइन भनेर सम्बन्धित ठाउँमा सोधपुछ गरेर स्पष्ट हुनु थियो । अनि शाहीको डिग्रीबारेको सबै कागजात प्रेमा र तमोट भएर फेला पारेका थिए ।

शाहीले डबल एमए गरेको प्रमाण भेटिएपछि प्रेमालाई केही राहत त पुगेको थियो तापनि प्रेमाले शाहीसँगको व्यक्तिगत जीवनमा त्यति सन्तुष्टि देखाउन सकेकी थिइनन् ।

प्रेमा शाह र जानवीप्रताप शाहीको सम्झौताका प्रसङ्गमा उनीहरूमाझ घरबारबारेका धेरै कुरा भएका थिए । तर अरू त के आफ्नै घरमा लाने र सन्तान जन्माउनेबारे नै शाहीले प्रेमासँग आनाकानी जनाउन थालिसकेका थिए । यसबारेको तथ्य पनि बिस्तारै खुल्दै गयो; कुरा के रहेछ भने शाही त छोराछोरीका बुबा पनि रहेछन् । एकातिर प्रेमाले सौता र सौताका सन्तानहरू भएको सत्य थाहा पाउनु र अर्कातिर शाहीले प्रेमासँगको सम्पर्कमा पटकपटक ढिलासुस्ती अपनाउनाले प्रेमाको मनले शाहीउपर विद्रोह जनाउन थालिसकेको थियो । पछिल्ला दिनहरूमा शाहीको प्रेमाप्रतिको पूर्वस्नेह, सम्मान र समर्पण पनि त्यति नियमित देखिएको थिएन । त्यसैले प्रेमाको शाहीमाथिको आस्था र विश्वासमा धमिरा लाग्न थालेको थियो । वास्तवमा वैवाहिक जीवनमा गाँसिइसकेपछि शारीरिक सम्पर्क मात्र प्रेमाका लागि ठूलो विषयवस्तु थिएन । उनी आफ्ना पतिसँग माया, प्रीति र स्नेहभित्रै गाँसिएर चौबीसै घण्टा टाँस्सिएर बस्न चाहन्थिन् । अन्ततः प्रेमाको चाहना 'काम कुरो एकातिर, कुम्लो बोकी ठिमीतिर' मा नै रूपान्तर हुन थाल्यो ।

प्रेमाले घरीघरी आफ्ना पतिलाई भनिन्– "म हजुरसँगै समाहित भएकी छु तर हजुरको मप्रतिको चाहनामा कमी देख्छु ।" प्रेमाका कुरामा शाहीले भनेजस्तो गरेर चासो पनि दिएका थिएनन् । वास्तवमा प्रेमा चाहन्थिन्– 'शाही आफ्नो एकलौटी पति हुनुपर्छ', तर शाही आफ्नी जेठी बूढी, आफ्नो घर र आफ्ना छोराछोरी पनि छाड्न चाहँदैनथे । त्यसैले उनीहरूको जीवनमा कहालीलाग्दो आँधीबेहरी आउन थाल्यो । शाही दम्पतीको धेरै दिनको रडाकोपछि प्रेमाले पारपाचुके गर्ने दृढता व्यक्त गरिन् ।

प्रेमा शाहको चाहनामा प्रेमा र जानवीप्रताप शाहीको सम्बन्ध विच्छेद भयो । त्यसपछि आफू शाहीकी उपपत्नी भएकी रहेछु भन्ने यथार्थमा घोत्लिएर उनले जिन्दगीप्रति टीठ मानिरहिन् । यति हुँदाहुँदै पनि उनले शाहीको प्रशंसा गर्न पनि छाडिनन् । शाहीको त्यो अति निजी कृत्यबाहेक सामाजिक रूपमा उनी असल थिए, सहयोगी थिए र भद्र थिए । वास्तवमा उनी बाँचुन्जेल उनले शाहीलाई बिर्सन पनि सकिनन् । प्रेमाको शाहीलाई भेट्ने चाहना भइ नै रहन्थ्यो । कतिसम्म भने जल जन्मेपछि पनि छोरी लिएर उनी शाहीलाई भेट्न पटना पुगेकी थिइन् । जल शाहका अनुसार त्यतिखेर जल दस वर्षजतिकी थिइन् ।

जानवीप्रताप शाहीलाई प्रेमा बिछट्टै मन परेकी थिइन् । उनी प्राज्ञिक पनि भएकी हुँदा शाहीका लागि प्रेमा थप आकर्षण थिइन् । त्यसैले पनि शाहीलाई प्रेमासँग सम्बन्ध विच्छेद गरेको यथार्थले सधैं पोलिरह्यो, पश्चात्ताप भइरह्यो र आत्मग्लानि नै भइरह्यो । प्रेमाले पछिसम्म पनि आफ्ना मनमा टाँसिएका केही कुरा दोहोऱ्याइरहिन्– 'मैले मेरा प्रेमी बस्नेतजीसँगै बिहे नगरेको फल अहिले भोग्दै छु । बस्नेतजीले मेरो हरविषयमा चासो राख्थे र मेरा चाहनाको कदर गर्थे । नगर्नु मैले शाहीसँग विवाह गरिसकेकै थिएँ, आवेशमा आएर शाहीसँग सम्बन्ध टुटाएँ; यी दुवै घटना मेरो जिन्दगीको नै दुर्भाग्य थियो ।'

विवाह गरेको चार वर्षमा प्रेमा शाह र जानवीप्रताप शाहीको कानुनी रूपमा सम्बन्ध विच्छेद भएको थियो । तर यिनीहरूले एकअर्काको भलो चिताउन पनि छाडेका थिएनन् । त्यसो त धनवीर शाहीतिरबाट प्रेमाले एक चपरी माटो पनि लिन चाहिनन्, एक रुपियाँ नगद पनि लिन खोजिनन् र कुनै जिन्सी पनि लिइनन् । वास्तवमा उनी निर्लोभी थिइन् । उनी रित्तै शाहीको सेरोफेरोकी हकदार हुन पुगेकी थिइन् र फेरि आफ्नो संसारमा रित्तै फर्केकी थिइन् ।

•••

प्रेमा शाहले थोरै समयसम्म काठमाडौंको होटेल एभरेस्ट सेराटनमा जागिर खाइन् । त्यहाँ पनि उनको सुन्दरताको पारख गर्ने मान्छेको अनिकाल लागेको थिएन । त्यस होटेलमा उनको बोलीवचनबाट मक्ख नपर्ने कुनै पुरुष नै थिएनन् । होटेलबाट होटेलकै विभिन्न परिकारका राम्रा र नराम्रा मान्छेको भीड चिरेर अचानक उनका सामुन्ने एक जना परिचित युवकको उपस्थिति भयो । त्यसपछि रमेश कर्माचार्य चमत्कारी रूपमा उनीसँग आत्मीय हुन थाले ।

रमेश कर्माचार्य सहप्राध्यापक, पत्रकार तथा साहित्यकार सोमनाथ घिमिरेका मित्र पनि थिए । यसै प्रसङ्गमा घिमिरेले भनेका थिए– 'रमेश कर्माचार्यलाई मैले युवा अवस्थामा चितवनमा नै चिनेको थिएँ । उनी फुटबल खेलका पारखी थिए । उनी फुटबल खेलेर समय बिताउँथे । उनी ख्यालठट्टा गर्न र रमाइलो गर्ने कलामा पनि निपूर्ण मानिन्थे । उनको गफ गर्ने कला पनि विचित्रकै थियो ।' पछिल्ला दिनहरूमा घिमिरेले कर्माचार्यलाई प्राय: कालीमाटीको टङ्केश्वरमा भेट्ने गर्थे । त्यतिखेर त्यहीं उनले आफ्नो डेरा जमाएका थिए । त्यस बेला डेरामा उनले उपहार चियाको धूलो जम्मा गर्थे । उनी उपहार चियाको कभर बनाउँथे र उनकी पत्नी मैया कर्माचार्य त्यहाँ चिया भर्ने गर्थिन् । उनको प्रमुख पेसा चिया बेच्ने नै थियो । उनी पसलपसलमा गएर चियाको पोको बेच्दै हिँड्थे ।

पुल काट्नेको पनि चर्चा नै हुन्छ भनेझैं रमेश कर्माचार्य त्यस बेलाका स्थानीय चर्चितै थिए । उनका बालसखा चितवनका भानुप्रकाश जोशीका अनुसार 'कर्माचार्यलाई उनका मामा तुलसीबहादुर न्याछ्चोले पढाउन चितवन लगेका थिए । तर उनलाई पढ्ने जाँगरै थिएन । त्यसैले उनी प्राय: मामाको भाँडाकुँडा पसलमा बस्थे । उनको उमेर छिप्पिएपछि चाहिँ उनका मामाले भाडा उठाउने प्रयोजनले जिप किनेका थिए । अनि कर्माचार्य त्यही जिपमा रामपुर, शारदानगर, सुनौली, पर्साढापका यात्रु ओसारपसार गर्थे । पछि उनले काठमाडौंको

कालीमाटीमा ड्राइभिङ ट्रेनिङ सेन्टर पनि खोलेका थिए । तर यिनको कुनै एउटै काममा कहिल्यै पनि मन स्थिर भएन । मैले त्यत्तिको फाइँफुट्टिदार मान्छे देखेकै छैन भने पनि हुन्छ ।'

रमेश कर्माचार्यले अनेक छल गरेर भए पनि प्रेमा शाहलाई लट्ठ पार्ने मात्र काम गरे । हुन त उनीहरू दुवै जनाको सम्पर्क जागिरका सिलसिलामा पाटन औद्योगिक क्षेत्रमा नै भइसकेको थियो । वास्तवमा कर्माचार्य आकाश पाताल जोडेर गफ गर्न, चाप्लुसी गर्न र ढाँट्न सिपालु थिए । कतिसम्म भने कर्माचार्यले 'मेरो आफ्नो घरको सुनको लिस्नो टेक्ने एक जना अप्सरा तिमी मात्रै हुन सक्छचौ' भनेर प्रेमा शाहलाई एकोहोऱ्याएका थिए । साथै उनले आफू पनि अविवाहित पुरुष भएको कुरा प्रेमालाई बताएका थिए । यी विविध प्रपञ्चका कारण शाहको मन उनीसँग टपक्कै टाँसिएको थियो । वास्तवमा प्रेमा भित्री हृदयकी सोझी थिइन् । एकातिर कर्माचार्य आफूसँग मरिमेट्ने र अर्कातिर प्रेमालाई पनि एक जना गतिलो साथी चाहिएको थियो । साथै उनलाई सन्तान जन्माउने विशेष इच्छा पनि थियो । त्यति मात्र होइन सामाजिक रीतिथितिअनुसार नै उनले समाजसामु पनि एक जना वरसँग पुनः वरण हुनु नै थियो । त्यसैले दुई वर्ष प्रेम गरेपछि यी प्रेमीप्रेमिकाले बिहे गर्ने निष्कर्ष निकाले ।

•

२०३६ सालको कुरा हो; प्रेमा शाह रमेश कर्माचार्यसँग गुह्येश्वरी गइन् । त्यहाँ गएर कर्माचार्यले प्रेमा शाहको सिउँदोमा सिन्दूर हालिदिए । यिनीहरूले एकअर्कालाई माल्यार्पण गरे । वैवाहिक जीवनलाई हरियाली बनाउने वाचाबन्धनका साथ उनीहरू एकअर्काप्रति समर्पित भए । विवाहबन्धनमा बाँधिएपछि उनीहरू काठमाडौंको नयाँ बानेश्वरको सहकारी प्रशिक्षण केन्द्रस्थित खरीको बोट (हालको सूर्यविक्रम ज्ञवाली सडक, घर नम्बर ८०) मा भक्तपुरका लक्ष्मणभक्त रायका घरमा डेरा गरी बस्न थाले । अनि बिहेपछि प्रेमाले पूर्वविवाहलाई

समेत माथ गर्ने जिन्दगानी बिताउने सपना बुन्न थालिन् । प्रा. पीताम्बर शर्मा दाहालका अनुसार 'कर्माचार्यको पनि शारीरिक ज्यान जानवीप्रताप शाहीकै जस्तैजस्तै हाराहारीमा नै पुग्ने खालको थियो । यति हो, कर्मचार्य अऊ मोटा थिए अनि शाही कर्माचार्यभन्दा अग्ला र मोटा थिए । तर कर्माचार्यले चाहिँ स्कुलस्तरीय मात्र विद्या आर्जन गरेका थिए ।'

रमेश कर्माचार्यको मूल घर पाटन कुम्भेश्वरको धाराछेउमा थियो । उनी पहिला पाटन औद्योगिक क्षेत्रमा नै काम गर्थे । काशीनाथ तमोटका अनुसार त्यस समय उनले आफ्नै घरमा सानोतिनो टुक्रेटाक्रे मसलन्दको व्यापार पनि गर्थे । तर उनले त्यसरी टाकटुक, टाकटुक गरेर निम्न स्तरको जीवन बिताउँदै आएको तथ्यसँग प्रेमा शाह अनभिज्ञ थिइन् । वास्तवमा त्यतिखेर कर्माचार्य 'बाहिरबाहिर नैनासुत र भित्रभित्र भुइँमा सुत' को अवस्थामा थिए । तर उनी प्रेमालाई भन्न छाड्दैनथे– 'हामीले अन्तर्जातीय विवाह गर्‍यौं । तिमीजस्ती शाही खानदानकी उच्च घरानकी पत्नीलाई मैले मेरो घरमा अथवा आमाबुबाका अगाडि उभ्याउनु मेरो मूर्खता हुन जान्छ । किनभने मेरा बुबाआमा कट्टर छन्; अनि त्यहाँ तिम्रो घोर अपमान हुन्छ ।' कर्माचार्यले यस्तै हावागफमा प्रेमालाई फुलाउँदै राखेका थिए । प्रेमाले पनि कर्माचार्यका कदेखि ज्ञसम्मका सबै कुरा पत्याउँदै आएकी थिइन् ।

प्रेमा शाह रमेश कर्माचार्यको प्रेमको रङ्गीन संसारमा रमाइरहेकी थिइन् । तर उनीहरूसामुन्ने अप्रत्यासित रूपमा एउटी स्त्री प्रवेश गरिन् । रौद्र रूपमा उपस्थित भएकी ती स्त्रीलाई आफ्नो कक्षमा देख्ता प्रेमा आश्चर्यचकित भएकी थिइन् । त्यस कोठामा प्रवेश गर्नासाथै ती स्त्रीले कर्माचार्यको कठालो समाइन् र बेस्सरी कराएर उनका लुगा च्यात्न थालिन् । साथै उनले प्रेमाप्रति पनि दुर्वचन र दुर्व्यवहार गर्न थालिन् । त्यस बेला प्रेमाका मुखबाट कुनै

शब्दको आविष्कार हुन सकेन भने कर्माचार्य पनि डरले थरथर कामेका देखिन्थे । प्रेमाको दोस्रो पटकको रमाइलो घरबार जोड्ने सपना पनि त्यसै दिन भताभुङ्ग भएको थियो । कर्माचार्यको प्रेमासँगको दोस्रो विवाह थियो भन्ने कुरा प्रेमाले त्यस बखत मात्र चाल पाएकी थिइन् । सोमनाथ घिमिरेका अनुसार प्रेमा शाह र रमेश कर्माचार्यको उमेर, शिक्षा र जात केही पनि मिल्दैनथ्यो । त्यसै सन्दर्भमा यी दम्पती सङ्कटाको मन्दिर ढोग्न गएका बेला एक पटक उनीहरू घिमिरेको डेरामा पनि गएका थिए । त्यसै बेला घिमिरेले कर्माचार्यलाई एकान्तमा राखेर सोधेका थिए– 'तिमीले आफूभन्दा पाँच-छ वर्ष जेठीलाई किन विवाह गरेको नि ! न तिम्रो जात मिल्छ, न पेसा मिल्छ र न पढाइ नै मिल्छ । तिमी त फेरि विवाहित पुरुष पनि हौ ।' त्यति बेला कर्माचार्यले पहेँला दाँत देखाएर घिमिरेलाई उत्तर दिएका थिए– 'हाम्रो प्रेमविवाह हो नि !' काशीनाथ तमोटका अनुसार कर्माचार्यको जन्म २००७ सालमा भएको थियो । कर्माचार्यको उमेरका प्रसङ्गमा भानुप्रकाश जोशीले पनि बयान दिए– 'कर्माचार्य र मेरो उमेर ऋन्डै उस्तैउस्तै हो । मेरो जन्म २००८ सालमा भएको थियो ।'

रमेश कर्माचार्यले आफ्नी जेठी पत्नी मैयाँ कर्माचार्यलाई प्रेमा शाहसँग प्रेम र बिहे गरेको कुनै सुइँकोसमेत दिएका थिएनन् । उनी कैयौं दिन र धेरै महिनासम्म पनि नियमित रूपले घर नजाने र बाहिरबाहिरै बस्न थालेपछि उनकी पत्नीलाई उनीउपर शङ्का लागेको थियो । त्यसैले उनले आफ्नो पतिको पिछा गर्न थालेकी रहिछिन् । धेरै दिनसम्मको अनुसन्धानपछि उनले आफ्नो पति अर्कीसँग बस्ने गरेको पनि थाहा पाइन् । साथै उनले प्रेमा र रमेश बस्ने डेरा पनि फेला पारेकी थिइन् ।

रमेश कर्माचार्यकी जेठी पत्नी मैयाँ कर्माचार्य प्रेमा शाह र रमेशको डेरामा पसिन् । अनि उनले त्यस बेला नवपत्नीसहित आफ्ना पतिको सातोपुत्लो नै उडाएकी थिइन् । त्यतिखेर रमेश र

उनकी पत्नीको त्यहाँ ठूलै सङ्घर्ष भएको थियो । आफू कर्माचार्यको उपपत्नी भएको थाहा पाएपछि त्यसै दिन प्रेमाले सौताका अगाडि नै कर्माचार्यको मुखैमा थुकिदिएकी थिइन् ।

प्रेमा शाह रमेश कर्माचार्यको कालो कर्तुतका कारण जीवनमृत्युको दोसाँधको अवस्थासम्म पनि पुगिन् । त्यस घडी रन्थनिनु र आफूले आफैंलाई धिक्कार्नुसिवाय उनका हातमा केही शक्ति पनि थिएन । एकातिर उनी झोक्राएर दिन फाल्दै थिइन् भने अर्कातिर रमेशकी जेठी श्रीमती प्रेमालाई लखेट्ने काममा नै सक्रिय भइरहिन् । त्यति मात्र होइन रमेशकी जेठी पत्नी काशीनाथ तमोटका घरमा गएर पनि प्रेमाकै विरोधमा आफ्नो घोक्रो सुकाउने गर्थिन् । क्रमश:क्रमश: कर्मचार्यले पनि आफ्नी जेठी बूढीका कुरामा नै अप्रत्यक्ष सहमति जनाउन थालिसकेका थिए । प्रेमाले कर्माचार्यको मुखैमा थुके पनि त्यस समयसम्ममा प्रेमाको पेटमा बच्चा सलबलाउन थालिसकेको थियो ।

•

बिहे गरेको अर्को वर्ष जल जन्मिन् । अथवा भनूँ २०३७ साल असोज ३ गते शुक्रबार ललितपुरको पाटन अस्पतालमा जल शाहको अवतरण भयो । छोरी जन्मेपछि प्रेमा शाहको बच्चा जन्माउने एउटा आन्तरिक इच्छा पूर्ति पनि भयो । त्यसपछि कर्माचार्य फटाहा, धूर्त र सुकुलगुन्डो नै हो भनेर प्रेमा चारैतिर माइक लगाएर पनि हिँडिन् । अनि कर्माचार्यको जीवनबाट प्रेमा आफ्नी शिशु अवस्थाकी छोरीसहित टाढाटाढा जाने निष्कर्षमा पुगिन् ।

प्रेमा शाहले रमेश कर्माचार्यबाट धोका पाएपछि काखेनानी बोकेर सुत्केरी अवस्थामा नै उनी सर्लाहीतिर लागिन् । त्यति बेला उनले नेपाल पुनर्वास कम्पनीको सौजन्यमा सर्लाहीको जुटपानीमा डेढ बिघा जग्गा पनि पाएकी थिइन्, तापनि त्यो ठाउँ उनका लागि

असुहाउँदो थियो । त्यस बेला उनले त्यस्तो ठाउँमा बस्नु भनेको कठोर तपस्या नै मानिन्थ्यो । कोहीसँग पनि दयाको पात्र हुन नचाहने र कसैसँग पनि नझुक्ने उनको जीवनकै विशेषता थियो । त्यसैले उनले अनगिन्ती आत्माग्लानि खेपिन्, कष्ट खेपिन् र पीडाहरू पनि खेपिन् तर आत्मस्वाभिमानलाई कहिले पनि कतै लगेर जोखाउन चाहिनन् । वरिपरि कामदार, सहयोगी र आफन्तहरू राखेर सहर बजारमा सुखभोग गरेर बसेकी प्रेमाका लागि जुटपानी एकादेशको दन्त्यकथामा आधारित दुर्गम गाउँ थियो । तर पनि उनी त्यहाँ थुक निल्दै बसेकी थिइन् ।

•

रमेश कर्माचार्य प्रेमा शाहको घर खोज्दै सर्लाहीको जुटपानी पुगेका थिए । त्यस बेला प्रेमाचाहिँ नवजीवन विद्याश्रम स्कुलमा पढाउन थालिसकेकी थिइन् । त्यतिखेर उनी डेरामा बस्थिन् । रमेश उनका डेरामा पुगेपछि प्रेमा एक छक्क मात्र होइन तीन छक्क नै परिन् । वास्तवमा त्यस समयसम्ममा पनि प्रेमाले रमेशबाट पाएको प्रताडना आलै थियो । भनौं प्रेमाका आँखामा बाढी सुकेका थिएनन्, मनमा बगेको भँगालो रोकिएको थिएन र मस्तिष्कको आवेश शान्त भइसकेको थिएन । इन्दिरा प्रसाईका शब्दमा भन्ने हो भने 'फूलजस्ती कोमल हृदयकी प्रेमालाई धुजाधुजा बनाएर फाल्ने काम कर्माचार्यले नै गरेका रहेछन् ।'

प्रेमा शाहले रमेश कर्माचार्यलाई देख्नेबित्तिकै 'गेटआउट' को संवादसँगै त्यहाँबाट धपाइन् । जल शाहका अनुसार त्यति बेला प्रेमाले कर्माचार्यलाई भऱ्याङबाटै घचेटेकी थिइन् रे । कर्माचार्य हस्याङफस्याङ गर्दै आत्तिएर भऱ्याङ ओर्लँदै थिए । त्यसै बखत प्रेमाले कर्माचार्यलाई ताकेरै घोप्टे (भऱ्याङको मुखमा घोप्टो पारेर लगाइने वा भऱ्याङको सिरान थुन्ने खापा) को अङ्कुशे फुकाएर घोप्टे

बेस्सरी छाडिदिइन् । त्यतिखेर कर्माचार्यको टाउकामा बीसौं केजीको त्यो घोप्टे बजारियो । त्यसपछि उनी रन्थनिँदै त्यहाँबाट भागेको कुरा प्रेमाले पढाउने स्कुलमा पनि व्यापक भयो । त्यसै सन्दर्भमा प्रेमा शाहका हितैषी र स्कुलमा सँगै पढाउने शिक्षक साथी प्रेमप्रसाद आचार्यले प्रेमा शाहलाई 'किन यसो गरेकी नि !' भनेर सोधेका थिए । त्यतिखेर प्रेमाले आचार्यलाई सरल जबाफ दिएकी थिइन्– 'यो मान्छे डरलाग्दो अपराधी हो । अनि मैले यसलाई यति नै मात्र सजायँ दिएकी हुँ ।'

# प्रेमा शाहद्वारा तमोटलाई चिठीहरू

प्रेमा शाहले काशीनाथ तमोटलाई विश्वास गर्थिन्, सम्मान गर्थिन् र स्नेह पनि गर्थिन् । कुनै बेला तमोट उनका एक जना प्रिय पात्र थिए । तमोट खास गरेर प्रेमाका मामा वरुणशमशेर राणाका छोराहरू दीपक र अजयका गृहगुरु (टच्युसन मास्टर) भएकाले प्रेमाले पनि उनलाई मास्टरसाहेब भनेर सम्बोधन गर्थिन् । माडसाहेबले पनि प्रेमालाई दिदी भन्थे । उनीहरू जेजस्ता शब्दका आडमा रमाए तापनि यिनीहरूको सम्बन्ध घनिष्ट थियो । उनीहरूबीच २०२० सालदेखि २०३७ सालसम्म मात्र सम्बन्ध कायम भएको थियो । त्यसपछि यिनीहरूको कहिले पनि सम्पर्क भएन ।

२०२८-०२९ सालको कुरा हो; प्रेमा शाह काशी हिन्दु विश्वविद्यालयमा वाटिक कला पढेताका मन खोल्ने उनको प्रिय साथी नै तमोट थिए । त्यसैले उनले तमोटलाई आफ्नो मनको अन्तरकुन्तर पनि खोल्ने गर्थिन् । उनले आफ्नो निजी जिन्दगी र मनभित्रका खुसी, पीडा र प्रताडनाका कुरा पनि तमोटलाई लेख्ने गर्थिन् । यिनका कति कुरा तमोटलाई मात्र थाहा थियो । त्यस बेला तमोटको साथले प्रेमाको मन पनि बलियो भएको थियो । उनी सानासाना कुरा पनि तमोटलाई नै बाँड्ने गर्थिन् ।

प्रेमा शाहले दोस्रो बिहे गरेपछि पनि उनी केही वर्ष तमोटकै छिमेकमा डेरा गरी बसेकी थिइन् । उनले आफ्नो दुवै विवाहको खुलस्त घटना तमोटलाई नै प्राय: बताएकी थिइन् । वास्तवमा तमोट

उनका लागि भरपर्दो साथी मानिन्थे । तमोटचाहिँ त्यस बेला आवास तथा भौतिक मन्त्रालयअन्तर्गत बबरमहलस्थित भवन विभागमा ओभरसियर थिए ।

प्रेमा शाह काशी बसेताका उनले तमोटलाई दुई वर्षजति चिठी लेखिरहिन् । उनले तमोटलाई एउटा चिठीचाहिँ काठमाडौंमा नै हुँदा लेखेकी थिइन् । चिठी लेख्ने क्रममा त्यस बेला उनले खुसी, पीडा, छटपटी, रोदन जेजे थियो त्यहीत्यही सबै नै लेखिन् । वास्तवमा उनले तमोटलाई आफ्नो मनको कुनाकानी नै लेखिन् । उनले तमोटलाई लेखेका चिठीले तत्कालीन समयमा प्रेमाको भावनाको प्रतिनिधित्व गरेको पाइन्छ । साथै उनको साहित्यिक व्यक्तित्वलाई समेत यी चिठीहरूले केही न केही प्रकाशित पारेको देखिन्छ । (प्रेमा शाहबाट काशीनाथ तमोटलाई लेखिएका चिठीहरू सामान्य व्याकरणको शुद्धाशुद्धीबाहेक कुनै हेरफेर गरिएको छैन ।)

**प्रेमा–तमोट चिठीपत्र– १**

23rd April '71

मास्टरसाहेब,

नमस्ते

मैले अहिलेसम्ममा तपाईंलाई तीनवटा चिठी पठाइसकें; तर किन हो तपाईंबाट एउटै चिठीको पनि जबाफ पाइनँ । तपाईंले मेरो कुनै पत्र अहिलेसम्म नपाए पनि तपाईंचाहिँ यसरी लेख्दै नलेखी कसरी बस्न सकेको हो ? नजिक हुन्जेल मात्र मुखले ठिक्क पारेर पछि बिर्सने साधारण स्वार्थीको जस्तो बानी तपाईंले पनि लिएको हो कि के हो ? नत्र मलाई किन केही नलेखेको ? मलाई साह्रै पीर लागिरहेछ । यसरी सबभन्दा टाढा बस्नु एक प्रकारले सन्चो भए पनि कति कुराबाट मन तर्सिंदो रहेछ । दु:ख पनि अति नै पाइँदो रहेछ ।

तपाईं काठमाडौं कसरी पुग्नुभयो ? कति कष्ट खप्नुभयो मेरा लागि, हगि ! के गर्नु मेरा लागि मरिमेट्नेहरूले पनि कहिल्यै आनन्द पाएनन् । जेहोस् तपाईं छिटो आफ्नो हालखबर आजै लेखी पठाउनुहोस् । तपाईंको चिठी मेरो दिन काट्ने र मन बुझाउने बाटो हुन्छ केही नभए पनि । अरू मेरो दुक्खमय गन्थन पछि सुन्दै गर्नुहोला । अहिले केही लेखूँ भने पनि तपाईंको एउटै चिठी पाउँदिनँ । तपाईंले मलाई चिठी लेख्नुहोस्; यसरी नअत्याउनुहोस् न लौ ! आज यति ।

धेरै धेरै सम्झने

- प्रेमा

* अँ, मेरो कुनै कुरा र म यहाँ पढ्न बसेको कुरा कसैलाई नभन्नू !

•

**प्रेमा-तमोट चिठीपत्र- २**

23rd Aug. 1971

मास्टरसाहेब,

तपाईंको १८ अगस्टको पत्र भर्खर आज पाएँ । एकछिनअघि मात्रै मैले तपाईंलाई नै अर्को पत्र Drop गरेँ । भैगो यो पनि आजै लेख्दै छु । लेखेर मन हलुको गर्नु न हो ! अरू आफ्नो भागमा छ र नै के ! उसो भए तपाईं 'आफ्नो देश' पुग्नुभयो राम्रो भयो । तर मेरो पक्षबाट तपाईंलाई दु:खका भारी मात्र कोसेली बोकेर लग्नुपऱ्यो जसका लागि म साह्रै दु:खी छु । खै, अरूलाई बोकाएको बोझ र ऋणबाट आफू कहिले मुक्त हुन सकूँला कुन्नि !

अहो ! तपाईंको चिठी पाएँ । चिठी पढेर मलाई यति खुसी लाग्यो म केही बयान गर्न सक्दिनँ । तर तपाईंको चिठी हेर्दा लाग्यो तपाईंले अहिलेसम्मका मेरा एउटै पत्र पनि पाउनुभएनछ । के कारणले हो ? पाउँदै गर्नुहोला अब क्रमश: । तर तपाईंको चिठी पढ्दा जो खुसी

लागेको थियो त्यो अहिले पातलिँदै छ । कारण के हो भने तपाईं सधैं मलाई एक ठेली (एकै चोटिमा धेरै पन्ना) चिठी लेख्ने मान्छे अहिलेचाहिँ एउटा पातलो Aerogramme मा लेख्ने ?

मैले थाहा पाएँ; तपाईं पनि मलाई पन्छाउँदै हुनुहुन्छ । सायद यो चिठी पनि करको होला औपचारिकता पूरा गर्न लेखेको, कसो ? जे गर्नुहोस्, मैले कसलाई आफ्नो बनाउन सकेको छु र अब तपाईंलाई पनि बाँधू ? तपाईंलाई आफूसित बाध्नु त झन् शून्यमा डोरी झुन्डयाउनु जस्तै हो । आफू एक्लै भएर बसे पनि यस एकान्तमा कसैलाई नतानी आफू निस्फिक्री हुन नसकिने जस्तो लाग्यो । त्यसैले हो तपाईंलाई (तपाईं वीरगन्जमा मदेखि तर्सिए जस्तो) मैले लपेट्न नखोजेको भए पनि संवेदनशील मित्रको रूपमा सधैं चाहेको छु । दाजु मात्र होइन भाइ मात्र होइन ती सम्बन्धदेखि अझ नजिक; निस्वार्थ मित्रको रूपमा तपाईंलाई मैले नजिक पाएको छु । भन्नुहोस् किन तपाईं मदेखि भाग्दै हुनुहुन्छ ? कि मेरो दुक्खको आगोले तपाईंलाई पनि रन्कायो ? तपाईं वीरगन्जमा दुई दिन मुमाकहाँ बस्नुभयो ? मुमाले त तपाईंसँग पुलचोकमा मेरो निकै गुणगान गायो होला; गाओस् । अब म आफूलाई कसका अगाडि प्रमाणित गराउँदै हिँड्नु छ र ? न कोही मेरो, न म कसैको ! मेरो मन साँच्चै मरिसक्यो यी थोत्रा सम्बन्धदेखि ! अँ, त तपाईं पुलचोक जानुभयो तर अझै तपाईंले बुबासित मेरो इतिवृत्त सुनाउनुभएनछ, हैन ?

खै नबताऊँ जस्तो लाग्छ सब कुरा; तर तपाईंले भन्नुभएकाले सबै बताउँछु नै ! तपाईंको चिठीको यस पङ्क्तिले मलाई भित्रैदेखि हँसायो । साँचो र सत्यदेखि सबैलाई डर लाग्छ । सत्यलाई बुझ्ने र सत्यसित भिड्ने सामर्थ्य आजकल मान्छेले गुमाउँदै छ । ठीक छ भन्न नसके वा भन्न मन नलागे नभन्नुहोस् । म अरूद्वारा Credit बोकेर आफ्नो Identity अरूको अगाडि फैलाउन पनि चाहन्न । अहिलेसम्म कसले मलाई बुझेको छ र अब मैले मलाई बुझिदेओस्

भनेर कोसित आशा राख्नु ? मुमा (वीरगन्जवाली) बुबाको छोरी अत: आमाबुबाले आफ्नो छोरीको कुरा नपत्याएर मेरो पत्याउँदैनन् । जे जति Suffer र लाञ्छना सहन परे पनि मैले नै सहन पर्छ । मेरो दुक्ख र सङ्घर्षको भागीदार को बन्छ र खालि 'च्च' भन्ने र थपडी पिट्ने मात्रै त हो नि सबै ।

मास्टरसाहेब ! मेरो आफ्नो रामकहानी तपाईंलाई यस चिठीमा लेख्ने विचार थियो । तर मेरो लेख्ने मन मर्दै छ । कारण मेरो गन्थन तपाईंलाई पनि खालि गन्थन र फोस्रो मात्रै त लाग्ला । लेखेर पनि के फाइदा ? म यहाँ जसरी बाँच्दै छु त्यो मैले नै त बाँच्नु छ– यसैमा मैले मर्नु छ । भैगो लेख्दिनँ । तपाईंमा पनि सच्चाइ सहने र सच्चाइ बक्ने साहस रैनछ । प्रत्येक व्यक्तिको प्रत्यक्षले तपाईंलाई अलमल्याउँदो रहेछ, आफूमा ग्रसित गर्दो रहेछ । भैगो म मेरो दुर्घटना तपाईंलाई लेख्दिनँ । संसारमा साँच्चै नै कोही पनि कसैको हुँदो रहेनछ । सब कृत्रिम सब प्रवञ्चना ।

मास्टरसाहेब तपाईं पनि मेरो नक्सा बनाएर त्यसमाथि तारो हान्नुहोस् र मलाई छियाछिया पारिदिनुहोस् । अरू अब बाँकी नै के छ र ? अन्त्यमा मैले तपाईंलाई आफ्नो स्वास्थ्य लाभका लागि जति पनि कष्ट दिएँ त्यसका लागि अन्तरमनदेखि क्षमा माग्दै छु, दिनुहुन्छ ? त्यसो त क्षमा दिएर दिइने कुरा हैन । आफ्नो भार आफैंले महसुस गर्ने कुरा हो र गर्दै छु ।

ए ! शान्ति (क्षत्री) देखि चित्त नदुखाउनु होला, यस्तै हो दुनियाँ ! सक्नुहुन्छ भने यस्तो जञ्जालमा नफस्नु नै उत्तम ! तर पनि मान्छे त्यस्तो त्यागी बन्न कहाँ सक्छ र ! मलाई नै हेर्नुहोस् त मैले केको मृगतृष्णामा आफूलाई भौंतारिएँ ? आखिर प्राप्ति के ? खालि आफू रित्तिनु ! दुईचार वर्ष तपाईंले विवाह नगर्ने निश्चय गरेकोमा मेरो शुभकामना छ । एकेडेमीको खबरदेखि म हर्षित पनि छैन विस्मित पनि छैन । अब त साहित्यबाट मैले जोग लिएँ । अँ, 'पाखे' किन वीरगन्ज गएको रहेछ ? ऊ अहिले कहाँ छ लेख्नु ल !

'बिरालो' ले केही विध्वंस गर्न आँट्दै छ कि के हो ? त्यो त मरोस् । म कठोर छु, मास्टरसाहेब आफ्नो शत्रुदेखि ! मित्रतामा पनि म कठोर प्रेम गर्छु (राम्रो अर्थमा है !) । अरू तपाईंको के खबर छ, सुनौं ? अफिसमा कसरी बिदा मिलाउनुभो ? छिटो चिठी लेख्नुहोस् । यहाँ त म बिलखबन्दमा छु । यहाँ कोही आफ्नो छैन; सोध्ने, पुछ्ने काम गर्ने पनि कोही छैन । यही जिन्दगी रहेछ मास्टरसाहेब ! मेरो कुरा कसैलाई नभन्नू, मलाई नै पनि नभन्नू । चिठी तुरुन्त लेख्नू, लौ ।

म सधैं चिठी आयो कि भनेर हेर्न जान्छु तर चिठीको रासमा अरूको मात्र हुन्छ मेरो त एउटै हुन्न कहिले मास्टरसाहेब ! बुबासित भनेर मेरो 'जुजुभाइ' कहाँ सिउन दिएको नयाँ कोट मगाएर राख्नुहोस् । प्लिज आजै, नबिर्सनु लौ ।

मास्टरसाहेब, विषयान्तर दुई प्रति पठाइदिनु लौ ? 'त्रिफला' पनि है !

- प्रेमा

•

**प्रेमा-तमोट चिठीपत्र- ३**

31ST Aug '71, Baranasi

मास्टरसाहेब,

हिजै मात्र मैले तपाईंलाई रजिस्ट्री चिठी पठाएँ । त्यसमा रत्न पुस्तकसम्बन्धी पत्र पनि छ । अँ, रजिस्ट्रीका शब्द तपाईंलाई केही तीता लाग्लान् तर वास्तविकता तिनै त हुन् । जे होस् तपाईं र मेरो बीच Understanding छ । अत: रिसाउनुहुन्न तपाईं, मलाई विश्वास छ ।

आज म कलेज गइनँ । पेट सन्चो नभएकाले कारण यहाँ Diet change भएर यस्तो भएको हो । रोटी त म खान्नँ (भाते

नेपाली) सधैं भात खान्छु । तर तरकारी भने पिँडालु, बोडी, रामतोरिया र अमिलो तरकारी (मैले South Indian mess join गरेकाले) पाइन्छ । त्यसो त Common mess भन्दा हाम्रो Mess मा खाना गतिलो हुन्छ ।

अँ, आज कलेज नगएकाले बिहानदेखि छिनछिनमा तल Letter board मा गएर चिठी खोज्दै गरें, तर मेरो नाउँको एउटै पाइनँ । मैले Room पाएँ, माथि Four seated (सबैको रुम Four of three seated छ नपुगेर । पुरानो भरिभराउ, नयाँ पनि भरिभराउ । नयाँको एक्सटेन्सन बनिरहेछ) कोठा निकै राम्रो छ । यस कोठामा Fine बचत म्युजियमोलोजी (म्युजियमसम्बन्धी) केटीहरू छन्, तर पनि म उनीहरूसँग चाहिने मात्र बोल्छु । मैले उनीहरूसँग Friendship गरेको छैन । जो पायो उहीलाई साथी बनाउने मेरो बानी पनि छैन । कोही राम्रो साथी पाए मलाई पर्याप्त हुन्छ, अत: Radio room कै तीन जना M.Sc. research scholar केटीहरू छन् जो मसित एकदम मिल्छन् । तिनमा एउटी गुजराती छे चन्द्रमोहिनी र अर्की मेरी घनिष्ट साथी सम्झनू, तर मैले उसलाई आफ्नो कुनै रहस्य दिएकी छैन, मेरो दुक्ख पोखेकी छैन (बेकार छ हैन त) । तपाईंलाई उसको Photo पठाएकी छु; राख्नु लौ । माथि कोठामा सबै माल सजाए पनि राति म ऊसँगै Radio room मैं सुत्छु । अनि माथि केटीहरू भन्छन्, "क्या हम इतने गन्दे हैं जो हमारे पास नहीं आती हो । हमारी गन्दगी लग जायेगी क्या ?"

यहाँ University मा नयाँ Session सुरु भएर नयाँ Student हरू भरिभराउ छन् । अत: University का M.A. Final का सिनियरहरूले नयाँलाई Ragging (जिस्क्याउने, तमासा बनाउने, उल्लीबिल्ली र मूर्ख बनाउने) गर्दछन् । अहिले तीनचार दिनदेखि यस्तै हुँदै छ । मलाई पनि रैगिङ गर्न अत्यन्त प्रयास गरें । कोठामा

समेत मलाई घिच्याउन आए तर रैगिङ गर्न सकेनन् । मेरा पछाडिचाहिँ भन्छन् रे– 'बच के कहाँ जायेगी' । तर मेरा अगाडिचाहिँ उनीहरू बिरालो बन्दछन् । मास्टरसाहेब ! काठमाडौंको University मा लिडरी चलाएको मान्छेलाई यिनीहरूले के गर्न सक्छन् र त्यसैले पछाडि भन्छन्– 'ओ 'नेपाली' को रैग कर सक्ते तो बडा मजा आता ।'

अँ, हिजो राति एक हूल केटीहरू जबरजस्ती मेरो कोठामा आएर मलाई घेरेर Nonsense प्रश्नहरू गरेर Ragging गरे । तर मैले उनीहरूलाई नै उल्टो Ragging गरेर पठाइदिएँ । उनीहरू मसित एकदम Jealousy गर्दछन्; थाहा छैन किन हो ।

हिजो साँझ तपाईंको पनि कुनै चिठी नपाउँदा म झन् Frustated भएर पनि रहेकी थिएँ । यसैबीच बाहिर मकहाँ कोही भेट्न आएको छ भन्ने खबर आयो । म अचम्भित भएँ– 'को आयो' भनेर । दगुर्दै एकै सासमा म बाहिर पुगेँ– रामप्रकाश र अर्कै एउटा नेपाली मान्छे (महेन्द्रनगरवाला) तपाईंको चिठी र कोट लिएर आएका रहेछन् । उनीहरूलाई भेट्दा तपाईं नै भन्नुहोस् कति खुसी लाग्यो होला मलाई ? मलाई त तपाईंसितै भेट भए जस्तो लाग्यो । यस्तो बिरानो ठाउँमा आफ्नो कोही जाति भेट्दा यति हर्ष लाग्दो रहेछ ।

यसपल्ट तपाईंको चिठी पढ्दा रस लाग्यो । लामो चिठीले केहीछिनलाई राम्रै भर दिंदो रहेछ । 'सधैं यस्तै लेख्नू' भनेर मैले सम्झाउन त पर्दैन हगि ? चिठी पढ्दै गएँ मेरो मनमा कतिकति Feeling हरू गुज्रँदै गए; कति छाया प्रतिच्छाया, कति आँसुका घुट्काहरू घाँटीमा अड्कँदै गए । अहिले यो चिठी लेख्दाको घडी पनि मेरा आँखामा आँसु छचल्किन थाल्छन् । मान्छेको मन यति कमलो नहुनुपर्ने हो । तर सृष्टिको सबभन्दा कमलो जीव नै मान्छे

हो । सायद यसैले त ऊ छिटो घोचिन्छ र सानोभन्दा सानो कुराले पनि दुख्छ । साँच्चै यसै हुनाले हो 'डेरा पुग्नेबित्तिकै उनले आफ्नो सपना टुटेको थाहा पाएपछि ऊ आफूलाई तन्द्रात्मक भ्रममा हराइरहेको समय ...' तपाईंले यी पङ्क्ति लेखेको निकै बिझेर आयो । साँच्चै सपना या जपना टुट्दा मान्छे एक प्रकारले चकनाचूर हुन्छ । तर पनि आफूलाई बलियो बनाउनै पर्छ, अर्को चोट सहनलाई । यो मैले Lession दिएको हैन । धर्मराज थापाको 'जानिँदैन केही चोट नपरी, मन बुझाएँ जसरीतसरी' गीत सम्झनुहोस् । यो आफैंमाथि बितेको जस्तो लाग्दैन त ? साँच्चै, अब त ठूलाठूला विद्वतापूर्ण कुराहरूले भन्दा यस्तै सानासाना कुराहरूले मर्मलाई छुन्छन् ।

तपाईंले पठाउनुभएको भा.रु. ७५ पाएँ । साँच्चै तपाईंले मलाई यति ठूलो ऋण लाइदिएको छ जसबाट म मुक्त हुन सक्दिनँ । मान्छेमान्छेको सम्बन्ध पनि कस्तो नजानिँदो हुँदो रहेछ हगि ? कस्तो भवितव्य जिन्दगीमा ! पूर्वजन्मको नाताको विश्वास नभए पनि यस जन्ममा तपाईंसँग मेरो जे सम्बन्ध छ त्यसलाई म 'अलौकिक संयोग' सम्झन्छु । 'संयोग' सबभन्दा बलियो कुरा हो ।

अँ, 'प्रतीक' या 'पहाड' को कथा विशेषाङ्क र 'मधुपर्क' लाई म दुई कथा छिट्टै (दस दिनजतिमा) लेखेर पठाउँछु । मेरो ठाउँ रिजर्भ राख्नु है ! पहिले 'मधुपर्क' लाई पठाउँछु । त्यहाँबाट प्राप्त हुने पारिश्रमिक तपाईंले लिनू ।

अँ, यस Central office बाट मैले लिनुपर्ने रुपियाँमा लामो झमेला पऱ्यो; पाइनँ । हाम्रो डिनले Forward गरेर त्यहाँ पठायो तर Control अफिसले भन्यो कि Casual student सँग पनि शुल्क (फि) लिइन्छ । मैले बहस गरेर सम्झाएपछि भने कि त्यसो भए माथि Deputy registar office मा पठाउँछौं उताबाट Forward letter पठाएपछि मात्र दिइन्छ । म माथिसम्म पनि

धाउँदै गएँ । तर अहिले त्यसै स्थगित छ, केही विशेष भएको छैन । बुझ्दै छु अब पाइन्न ।

तपाईंको चिठीको 'काशीनाथ हरायो भनी हल्ला चलिरहेको रहेछ' ले यस्तो दुक्खमा पनि मनैदेखि हँसायो । अझै मलाई त हाँस्न मन लाग्छ । अडकल त हो नि मान्छेको ! परशु (प्रधान) त तपाईं र मेरो सम्बन्धदेखि एकदमै दृढ र निश्चिन्त भइसकेछ हगि ? बुद्धिमान् निक्लेछ कमसेकम केही Understanding त रहेछ उसमा ।

मलाई तपाईंमाथि पूरा विश्वास छ, तपाईंले एकपल्ट यथार्थताहरू बुबालाई जस्ताको तस्तै भनिसकेको हुनुपर्छ । प्लिज केही नलुकाई सबै एकएक भनिदिनुहोस् । कसैको कसैप्रति केही गलतफहमी नरहोस् । म तपाईंको सच्चाइ हेर्छु ।

अँ, जीवनसँग तपाईंको अरू भेट भएको छैन ? कहिलेकाहीँ त भेट्नु नि ! कुरा त अलिअलि बुझ्ने खालकी साथी हो । अँ, साँच्चै अहिलेसम्म मैले तपाईंलाई कति पत्र पठाइसकेँ त्यसको गिन्ती छैन, बिर्सें । तपाईंले कतिवटा पाउनुभयो ? सबै चिठी अफिसकै ठेगानामा पठाएको हो । नपाएको भए अफिसको मान्छेलाई समात्नुहोस् । लगातार तपाईंको चिठी आउँदा कसको रहेछ भन्ने उत्सुकताले पनि लुकाएर उनीहरूले गायब गर्न सक्छन् । So be careful from today.

लाजिम्पाटको फुपूज्यूको समाचारले मलाई साह्रै दु:ख लाग्यो । सम्बन्ध टुटेर पनि कतै अल्झिएको हुँदो रहेछ, अनौठो छ जीवन । गीतु कहाँ छ ? त्यहीँ कि पटियाला गइसक्यो ? गीतुको विशेष केही खबर छ कि ?

अँ, प्लिज लामिछानेको कथाकला 'मधुपर्क', 'विषयान्तर' पटनाबाट निस्केको हाम्रो साहित्यिक भ्रमणवाला पुस्तक 'नेपाल भारती' र 'विहार समाचार' (मेरो तीन कवितावाला) यति तुरुन्त Book post गरी पठाइदिनु है, प्लिज ! पहिले 'नेपाल भारती',

'विहार समाचार' र 'विषयान्तर' अनि पछि 'मधुपर्क' र अरू केही पत्रिका भए पठाउनु लौ ।

अँ, आज आइतबार यता छुट्टीको दिन हो । अहिले रातिको साढे नौ बजेको छ । म माथि कोठामा नगएर Radio room मा बसेकी छु । अहिले चन्द्रमोहिनी मस्त निद्रामा छे, थाकेर । ऊ बिहान उनको Lg (Local guardian) कहाँ गएर साँझतिर फर्की । फर्कनासाथ उसलाई लिएर म विश्वनाथजीको मन्दिर गएँ । उताबाट आएर Mess मा गएर खाना खायौं अनि कोठामा आयौं । अर्की साथी मीरा शर्माको M.Sc. को जाँच हुनाले ऊ पढ्दै छे । अर्की Research की साथी माथि अर्कै साथीको कोठामा गएकी छे ।

अहिले एकछिनअघि रिमझिम पानी परेको थियो । अहिले शीतल हावा चल्दै छ । एकछिनअघिसम्म केटीहरूको खल्याङबल्याङ र चकचक चलेको सुनिन्थ्यो अहिले मध्यम छ । अब त मनलाई बुढचौलीले छोएछ । मलाई चकचक र खल्याङबल्याङ राम्रो लाग्दैन; खालि घोरिएर बहुलाउनै राम्रो लाग्छ ।

अहँ, शाही अझै आएको छैन । मैले पठाएको चिठी पुगेर पनि चिठी पठाएन । मैले पटनामा ऊ गएर बस्ने साथी 'दादा' (तपाईंले यहाँ धेरै प्रसङ्गमा उसको नाउँ सुनेको हुनुपर्छ) लाई ट्रङ्कल (टेलिफोन) गरेर कुरा गरें । 'शाही यहीं छ । उसले तिम्रो चिठी यहाँ पाएको छ । केही दिनमा शाही फर्कन्छ' भनेर दादाले भन्यो । तर शाहीसँग फोनमा कुरा गर्न पाइनँ, कारण ऊ कतै बाहिर गएको रहेछ । थाहा छैन अब कहिले आउने हो ! मेरो दुई वर्षका लागि रुपियाँ पनि सपनाको कुरा भयो ।

जे होस् हेरूँ, पर्खूं ! भगवान्भरोसा (दु:खमा अनायासै भगवान् स्मरण हुन्छ) । तपाईंको भा.रु. ७५ ले धेरै मद्दत गऱ्यो । तपाईंले बाइबलको The good samaritan कथा पढ्नुभएको भए सम्झनुहोस् मैले तपाईंलाई त्यसै Samaritan सम्झेकी छु ।

अँ, अरू तपाईंको दिनचर्या लेख्नुहोला । चिठी छिटो लेख्ने गर्नुहोस् । हाल घर (पुलचोक) को खबर सबै लेख्नुस् ।

मेरी मुमालाई अहिले कस्तो छ ? मेरो मनमा असाध्यै गाँठो पर्छ, सम्झँदा । मनलाई जति साह्रो बनाए पनि... । बुबाको चिठीको मैले जबाफ पठाएकी छु, लगेर दिनू है । अरू हाम्रो देशको खबर उल्लेखनीय के छ, लेख्नुहोला । के कीर्तिनिधि विष्टले राजीनामा गर्नुभएको हो ? पारिजातको खबर के छ ? विमल ? अरू खबर ?

शान्ति (क्षत्री) लाई राम्ररी चिठी लेख्दै गर्नू; नत्र उसले तपाईंलाई स्वार्थी भन्ली । तपाईंले ऊसित चित्त नदुखाउनू । पहिलो प्रेम सबैको सधैं असफल नै हुन्छ । तपाईंले नजानीनजानी गर्नुभयो; प्रेम त जानेर गरिन्छ । गर्नुपर्छ है Intentionally र स्वार्थी भएर ।

अँ, अर्को के लेख्ने विचार गर्दै थिएँ; बिर्सें । भैगो !

मास्टरसाहेब ! थाहा छैन चिठी लेख्दाको यस घडीमा कस्ताकस्ता मुडका कुरा पर्न गए (म त जहाँसम्म सम्झन्छु साधारण र मरेका कुरा नै छन् ।) तर अघिपछि मन सधैं लास बन्छ । यहाँ सिक्ने त दिन बिताउने बहाना मात्र हो ।

मेरो नयाँ कोट सूचीकारकहाँबाट बुबालाई भनेर ल्याउन लगाउनुस् । नत्र यतिका महिना भइसक्यो खाइदिन्छ । के गरेको हो यस्तो ? पैसाले त कहिले पुग्दैन । कमसेकम प्रयास त गर्नुपर्छ । त्यही कोट एउटा छ, त्यो पनि खुवाइदिने हो ।

ओहो ! चिठी लामो भयो । यो Writing pad हीरावती सिंह नामकी एउटी केटीको हो । मैले आज उसको धेरै पन्ना खर्च गरिदिएँ, अब रोक्छु । चिठी छिटो लेख्नु है ! घरबाट बहिनी शुभलक्ष्मीले अरू केके लेखेकी छे ? मेरो पनि प्यार भनेर लेखिदिनु है !

अबदेखि तपाईंले मलाई यहाँ चिठी लेख्दा श्रीमती (Mrs) भनेर नलेख्नू, खालि मेरो नाउँ मात्र लेख्नू । यहाँ कसै साथीलाई मेरो

विवाह भएको थाह छैन । यो नबिर्सनु लौ ! आज यति है !

- प्रेमा

•

**प्रेमा–तमोट चिठीपत्र– ४**

15 Sept. '71

मास्टरसाहेब,

तपाईंले पठाएको चिठी पाएँ । तपाईंसित म रिसाएको छैन । Friendship मा पनि यस्तो कुराको Mind हुन्छ र ? बुबाले पठाएको चिठी पनि पढेँ, मलाई हाँस उठ्यो भनूँ कि विस्मात् भनूँ ? पूर्वाग्रह र अन्धदृष्टिले प्रेरित व्यक्तिबाट यस्तै Poison बाहेक अरू के पाइन्छ र ! भैगो यो कुरा छोड्नुहोस् ।

हाम्रा युनिभर्सिटी Diwali vacation अघि नै Student strike भएर अस्ति 13 Sept. देखि बन्द भयो । हामी सबै लडकालडकी भने उसै दिन २४ घण्टाभित्र होस्टेल छोड्ने Order भयो र सबै हतारहतारसँग Packup गरेर आआफ्ना दिशा लागे । म Melow hostel मा आएर बसेँ एक्लै । शाहीजी केही दिनअघि Trunk call गरेर मैले बोलाएकाले ऊ हिजो पटनाबाट यहाँ आयो । अँ, अब केही दिनमै हामी काठमाडौं आउँदै छौं ।

हामी काठमाडौं आएर कुनै होटेलमा बस्छौं । ऊचाहिँ खालि दुई दिन बस्छ; मचाहिँ Vacation भरि (२० दिनजति) बस्छु । ऊ पटना जान्छ काममा । म Vacation पछि जहाजमा काठमाडौंबाट पटना जान्छु र त्यताबाट युनिभर्सिटी फर्कन्छु । अरू विशेष केही छैन । हामी तुरुन्तै आउँदै छौं । यो कुरा पुलचोकबाहेक अरू कसैसँग नगर्नु है ? अरू सबै कुरा भेटपछि गरौंला है ?

- प्रेमा

•

**प्रेमा-तमोट चिठीपत्र- ५**

B.H.U.

17th March '72

मास्टरसाहेब,

नमस्ते !

मैले तपाईंका दुइटै चिठी पाएँ; Inland र खामवाला नयाँ टिकटवाला ! पहिलो Inland वाला पढ्दा मन रमायो । यो अहिले दिउँसो पाएको, पढ्दा मन रमायो । 'भालाले हान्नु, बर्छीले हान्नु, वचनले नहान्नु' तपाईंको उक्ति तपाईंमाथि चाहिँ परेन त मलाई यसरी मन दुखाउँदा ? तर पनि मैले Mind गरिनँ र गर्ने बाटो पनि छैन । संसारमा यौटा दुक्खसुक्ख पोख्ने भाँडो हुँदो रहेछ र त्यो भाँडो तपाईं हो मेरो । मैले जहिले पनि आफूभित्रका आँसु, राल, सिङान, हाँसो सबै त्यसै भाँडोमा पोखेको छु र तपाईंबाट मैले अनगिन्ती सान्त्वना, बल, सुरक्षा, सहयोगहरू पाएको छु । ती सबका साटो तपाईंले मलाई जति घोचे पनि गाली गरे पनि मलाई रिस उठ्दैन । खालि यत्ति हो कि 'तपाईंका लागि केही गर्दा र सम्झँदा म कति पटक कति ठाउँमा महामूर्ख भइसकेछु भन्ने पनि म सम्झन पुग्छु र मलाई दुक्ख हुन्छ; त्यस कारण केही गरेर मूर्ख बन्दिनँ ।

किन काम गर्ने जस्तो लाग्छ र अब म बिस्तार तपाईंको ममाथि भएको 'अति विश्वास' पात्र बन्नुको सट्टा अविश्वासी बन्दै जानेछु । यो मेरो गर्नुपर्ने प्रयास हो । यस्ता शब्दहरू तपाईंले फेरि मलाई नलेख्नुहोला, सोच्दै नसोच्नुहोला ।

मास्टरसाहेब !

हो तपाईंले जति मेरा लागि सहयोग र मद्दत गर्नुभयो र अझै गरिराख्नुभएको छ ती तपाईंका महानता र Humanity हुन् । तर यसै महान्लाई त दुनियाँले मूर्ख भन्छन् अनेक आरोप लगाउँछन् । मेरो कारणले तपाईंलाई जति तकलिफ भइरहेछ त्यसको बोझ पनि मैले

प्रत्यक्ष या अप्रत्यक्ष बोकिरहेकै छु । सायद त्यो तिर्न सकिन्न यदि त्यसको मोल रुपियाँ नै हो भने । भावना हुन मर्न सायद सकिन्छ तर त्यो पनि बुझिए ! तर नजिक्याइ र सद्भावनाबाटै एकअर्काका सुख, बार, पर्खाल र झन्झटहरूदेखि मुक्त ! मैले नजिक्याइमा (साथीको नातामा) कहिल्यै लिङ्गभेद मानिनँ र अझै मान्छु लोग्नेमान्छे (खालि मनुष्यको रूपमा) नै स्वास्नीमान्छेको परम हितैषी हुन्छ ।

अँ, तपाईं जति भन्नुस् म दुःख मान्दिनँ । तपाईं मेरा लागि पराई होइन । यसबारे मैले लाख चोटि भनिरहन पर्दैन । तपाईंका यस्तै चिठी र कुराहरूदेखि मैले आफ्नो बानी सुधार्नुपर्छ । शाहीजी पनि मलाई निकै भन्छन् तर उसले भनेका कुराजति ठिकै देखिए तापनि ती कतै अतिशयोक्ति लाग्छन्, कतै अहम्मन्यता कतै थिचोमिचो, कतै निरर्थकता, कतै कहाली लाग्ने यस्सैउस्सै लाग्छन् । सायद यी 'लोग्ने' ले सम्झाएको (?) ले होला र ती सम्झाइ (?) ग्रहण गर्न मलाई कतिकति ठाउँमा कतिकति गाह्रो, असुहाउँदो, विरोध र परिश्रम लाग्छ । किन होला ? के लोग्ने प्रत्येक ठाउँमा लोग्ने नै हुनुपर्छ ? प्रत्येक व्यवहारमा लोग्ने नै हुनुपर्छ ? के ऊ सम्झाउँदा एउटा स्नेही स्वार्थरहित मित्रले सम्झाए जस्तो सम्झाउन सक्दैन ? लोग्ने जातै ढिट र साह्रो हुँदो रहेछ क्यारे ! यस तुलनामा तपाईं सरल हुनुहुन्छ, तपाईंका सम्झाइहरूलाई म मनन नगरीकनै बुझ्छु । तर यसको अर्थ यो होइन कि बाटो देखाउनु लोग्ने मात्रै स्वास्नीको शुभचिन्तक होस् अरू शत्रु होस् । तपाईं मेरो शत्रु हैन, मेरो भलो गर्ने साथी हो, भाइ हो ।

म मेरो दुलाहालाई माया गर्छु– तपाईंले देखेको, बुझेको अध्यायदेखि यता मैले शाहीजीलाई प्रगाढ रूपले माया गर्न थालेँ । आफैंलाई बिर्साएर, आफ्ना सबै आन्तरिक मान्यता र व्यक्तित्वलाई समेत लत्याएर मैले उनलाई माया गर्न थालेँ । आइमाईहरू साँच्चै माया गर्न थाल्छन् भने उग्र (मायामा) हुन्छन् भनेको मैले सत्य भेट्टाएँ । तर मैले उसप्रति चुल्याएको मायाको Interpretation उसबाट के पाएको छु थाहा छ ?

'शङ्का' ! अर्थात् म उसलाई शङ्का गर्छु र मैले स्पष्ट बुझेँ मेरो यो माया उसलाई तीतो लागेको छ । सायद माया र चिनीको स्वभाव र गुण एउटै रहेछ; खालि स्वाद फरक !

अँ, मेरा लागि तपाईंलाई कति दुक्ख, पुलचोकसम्म उसलाई बुझ्न जानुभयो भाडाको घरमा । म पनि उसको चिठी न पत्र, अत्तो न पत्तोले गर्दा अतालिएर पटना पुगेँ । Warden लाई थाहै नदिई Room mate, research scholar वलसासँग कुरा मिलाएर Patna गएँ तर दादाबाट थाहा पाएँ कि छसात दिनपहिल्यै ऊ उनलाई पनि केही नभनी कुन्नि कहाँ गयो । मलाई रातभर निद्रा लागेन र म रोइरहेँ । कस्तो एक्लो र टुहुरो Feel भयो मलाई । पुगेको रात पटना बसेर बिहान ८ बजे Delhi express बाट बनारस फर्कें । मुगलसरायसम्म Train मा आएर त्यताबाट Taxi चढी (छिटो पुग्ने आसले) तीन बजे बनारस पुगेँ ।

मैले दादासँग शाहीजीको बनारसको डेराको ठेगाना लिएकी थिएँ । Taxi बाट चोकमा ओर्लेर रिक्साबाट म उसको डेरा पुगेँ । उसको डेरा खोज्न कमसेकम मलाई एक घण्टा लाग्यो । त्यसै बेला मैले रिक्सामा मेरो Air bag पनि छोडेछु; धेरै लुगा चोरिए ।

नभन्दै ऊ त डेरामा रहेछ । म पुग्दा उसका मान्छेहरूसित ऊ गफ गरिरहेको थियो । 'बनारसै भएर यतिका दिनदेखि मलाई नभेट्ने, केही खबर नदिने' आदि भनेर मैले उसका सामु घुर्की (यहीँ नै उपयुक्त होला) लगाएँ । सायद यो त अनुचित होइन हगि ! स्वास्नी उही पनि माया गर्दै स्वास्नीको नाताले ।

मेरो शब्द 'यो बिहाले मानिसलाई लबस्तरो बनाउँदो रहेछ' मा तपाईंले लेखी पठाउनुभएको, 'अधैर्य बानीको परिचय दिनुभए जस्तो लाग्छ । बिहा त गर्नुपर्छ । तपाईंले गर्नुभयो, बेसै छ । तर तपाईंको र धेरैको वैवाहिक जीवनबाट मैले बिहा गरेर मानिसले

बढी सांसारिक भौतिक कुरामा आफ्नो लक्ष्य बिर्सेकै हुन्छ भन्ने देखिरहेछु ।' एकदमै ठीक हो । बिहापश्चात् मान्छेका गोडा अडिन्छन् अवश्य तर फेरि सञ्चालित हुन्छन् । म यस्तै जड भएर रोकिने जीव होइन केवल मेरो पक्षमा । तर चल्नलाई मैले Push पनि त पाउनुपर्छ । मेरो दुलाहा धेरै Mahout (भन्न कर लाग्छ) छ र मलाई सधैं काम गर्न, लेख्न भनिरहेकै हुन्छ । तपाईं स्वयम्ले देख्नुभएको छ । यस्तो लोग्ने पाउनु सौभाग्य हो । तर लाग्छ ऊ मलाई कर गरिरहेको त हैन, अह्राइरहेको त हैन ? प्रतिभा, विचार र कल्पना अर्थात् मन र मस्तिष्क चाकरी र अह्रावट (Order) को सधैं विरोधी छ । थाह छैन म यसरी कुँजिनु (निस्क्रिय रहनु) को के अर्थ हो ! भर्खरै बिहे भएर रसमग्न हुने नशाले हो कि मेरो बौद्धिकताले साँचो Sympathy नपाएकाले हो ? म दोधारमै छु ।

मास्टरसाहेब ! चाहे म जुन बाटो या दोबाटोबाट जाऊँ, हिँडू, दौडौं, लोप होऊँ मैले आफूलाई बोध गरेकै छु, छामेकै छु । म आजकल प्रत्येक कुरामा कालिदासजस्तै एकाहोरो र मूढ भइरहिछु– प्रेममा पनि । (तथापि यी सबमा म सभ्य छु । प्रत्येक सङ्घर्षबोध म अब पहिलोपल्ट गर्दै छु । यति लामो उमेरमा प्रेम र आत्मसमर्पण पनि पहिलोपल्टै गर्दै छु ।)

त म कालिदासजस्तै पटमूर्ख भइरहिछु । म आफू चढेको हाँगो आफैं काट्दै छु, प्रेमीका लागि रातबिरात, ठाउँकुठाउँ भौंतारिँदै छु । उनले जस्तै प्रियबाट तिरस्कार पाउँदै छु । कालीदास त परिणामस्वरूप महाकवि भए, म त जोगी हुन्छु होला ।

भैगो छोडिदिऊँ गन्थन । बोर हुनुभयो होला । तर मेरा वास्तविकता र सत्य यस्तै अरू बोर गर्ने हुन्छन्, के गर्नुहुन्छ ? यति पोख्ने भाँडो पनि मेरो तपाईं नै त हो ।

अँ, शान्तिको चिठी आएछ यतिका दिनपछि । हुन पनि उसको के दोष ? बिहेपछि यस्तैउस्तैमा अल्झन्छ मान्छे; तर नअल्झिने

क्षमता कमैमा हुन्छ । जेहोस् शान्ति अत्यन्त सुखी र सन्तुष्ट रहिछ– हामी खुसी मनाऊँ । विशेष म Hypnotised हुन्छु अलमल्ल पर्छु । कसरी अरूले सुख पाउँछन् ? म मात्रै किन Unlucky ! तपाईं उसको Party को निम्तोमा त अवश्यै जानुभएन, हैन त ? चिठी लेख्नुहोला उसलाई । उसो भए आजकल तपाईंका कोठाभरि पाहुना छन् ? अरू केके खबर छ काठमाडौंको ?

अँ, एउटा कुरा– हामी २० ता. March मा आइरहेछौं । अरू भेटेर भनूँला ।

वलसालाई ल्याऊँ भनेको केही खटपट छ । खूब जाति केटी छ; हेरूँ भगवान्ले के गर्छन् । तपाईंको विषय ऊ मसित सोधिरहन्छे । अहिले ऊ यहीँ छे । टेबुलतिर उभिएर ब्यागभित्र के हो खोतल्दै छे । मैले सोधेँ कि 'मास्टरजीको कुछ कहना है ?' त भनी कि तिमी नै विचार गरेर लेख फेरि भनी कि 'Give my namaste to him' त्यसैले उसको नमस्ते पठाइरहेछु ।

हाम्रो Exhibition र मेला १८ ता. देखि २० ता. सम्म चल्दै छ । Exhibition मा मेरो एउटा Painting र तीनवटा Batik राखिएको छ । मेलामा म, आभा र शान्ति सिंह मिलेर खाना र सामानको Stall राख्दै छौं । तपाईंको मालहरू बिकाएर ल्याउँछु । आज यति ।

- प्रेमा

•

**प्रेमा–तमोट चिठीपत्र– ६**

21st March '72

मास्टरसाहेब !

तपाईंको अर्को चिठी पनि हिजो बिहान पाएँ । यो चिठी यस्तै छोटो भो तपाईंलाई मन पर्ने खालको । हाम्रो Exhibition १८ ता.

देखि २५ ता. सम्म सुरु भइरहेछ । त्यस मेलामा मेरो पेन्टिङ, वाटिकहरू पनि राखिएका छन् । मैले नेपाली Stall राखें तीन दिनसम्म । खानेकुराहरू राम्ररी बिके । Post cards केही बिके र अरू मेरै Personal खत्र्याकखुत्रुक बिके । खुकुरीप्रति सबै आकर्षित थिए तर India मा Weapons राख्न सख्त मनाही रहेछ, पक्डिँदो रहेछ । एउटा छुरासम्मको Licence चाहिनुपर्ने रहेछ । त्यसैले खुकुरी बिकेन । Danger रे खुकुरीहरू त ! थाह पाएको भए ल्याउने थिइनँ, फन्झट !

शाहीजीले १९ ता. मा Patna आउनु भनी प्रोग्राम बनाएर ऊ घरमा फर्केको थियो । १९ ता. मा जान भनी केही माल Pack गरेर ठीक भएको त फेरि टेलिग्राम तुरुन्त पाएँ 'Don't start' यस्तै छ । थाहा छैन फेरि कहिले काठमाडौं आउँछ । चिठी लेख्नुस् ।

- प्रेमा

•

**प्रेमा-तमोट चिठीपत्र- ७**

6th April '72

मास्टरसाहेब,

नमस्ते !

यसपालि तपाईं Airport आउनुभएन कमसेकम म उडेको त हेर्नुहुन्थ्यो । यसपालि Boing zet 737 बनारस, दिल्ली, आगरा गयो । यो अरू प्लेनभन्दा सय गुणा फरक रहेछ । भित्र त कति ठूलो Air condition seat पनि गजबगजबको ! उड्दा त अरू प्लेन जस्तो नउडेर Rocket जस्तो ठाडो हानिएर उड्दो रहेछ, पछि फेरि तेसै हुने । पिङ खेल्दा जस्तो उड्ने प्लेन रहेछ । मलाई त डर पनि लाग्यो । प्लेनभित्र Lunch पनि Heavy दियो । हुन त त्यस दिन हामी चढेको प्लेन ढिलो उडचो । दुई पखेटाहरू Horizon छुन लागेजस्ता थिए ।

अँ, यहाँ यस्तै छ, जस्तो पहिले थियो । यसको अतिरिक्त यहाँ दुई-तीन घटना घटे । प्रथमत: मेरो मिल्ने साथी एउटी Research Scholar hostel बाट आफ्नो Local guardian कहाँ लुकेर बस्न गई आमाबाबुलाई छलेर । उसले उही LG सँग Court marriage गरी । यसअघि बिदामा घर जाँदा उसको अर्के एउटा Foreginer धनी मान्छेसँग Engagement भएको थियो । दुनियाँमा कति विचित्र कामहरू हुन्छन् हगि ? यसपछि Engineering की एउटी केटी Pregnant थिई Hospital मा लगियो– उसले छोरा पाई । तर उसको Beloved भाग्यो; पत्तो छैन । यसपछि हाम्रै Ow hostel मा बिहान Bathroom मा मुख धुन लाग्दा एउटीको अधिग्रो गयो । अब सुन्नुहोस् अस्ति चार तारिखको भयङ्कर घटना ! म दिउँसो ३.३० मा Dept. बाट होस्टेल फर्के । होस्टेलमा गजबको चहलपहल, दौडादौड तर सन्नाटा पनि !

बाहिर गेटमै चौकीदारले रहस्यमय ढङ्गले मलाई हप्कायो, 'आपको पता है आपके New hostel में एक लडकी ने फाँसी लगाकर आत्महत्या किया ।' म शीताङ्गै भएँ । म दौडेर माथि पुगें । मेरो पुरानो कोठा ५४ सँगैको ५३ नं. की एउटी South Indian केटीले कोठामा सिलिङको अङ्कुसेमा पछ्यौराको फाँसी लाएर झुन्डिइछे । हाम्रो मुटु काम्यो । होस्टेलमा बस्ने सबै केटीहरूलाई त्यस दिन नजरबन्द गरियो । कोठाकोठामा Photographer ल्याएर झुन्डेको त्रिशङ्कुको फोटो खिचियो । Vice chancellor र अरू Missing सित सम्बन्धित VIP हरू पनि आए । पुलिसका ट्रकका ट्रक आए । केटीको लास पोस्टमार्टमका लागि अस्पताल लगियो । हामीले कोठाको झ्यालबाट लुकेर ऐना झ्यालको रङ्ग खुर्केर सबै काण्ड हेऱ्यौं । यस्तो लाग्यो, यो विद्यार्थीको होस्टेल होइन मुगलकालीन 'जनाना खाना' हो; या हाम्रो चन्द्रशमशेरको पालाको नानीहरू बस्ने सिंहदरबार हो ।

छोड्नुहोस्, लोग्नेमान्छे र स्वास्नीमान्छेको इतिहास त यस्तै Primitive नै छ ।

अँ, जीवनलाई सम्झना छ, PK लाई मेरो नमस्कार । साथै त्यस दिनको खानाका लागि उनलाई आन्तरिक धन्यवाद नबिर्सेर सुनाइदिनुस् । उनले मलाई चिठी लेख्छु भनेका थिए र अवश्य लेख्छन् होला भनेकी थिई रे भनीकन उनलाई मेरो ठेगाना अवश्य दिनुहोला । अरू तपाईंका पनि धेरैधेरै कुरा लेखी पठाउनुस् जति सके छिटो

– प्रेमा दिज्यू !

N.B. शाहीजीको Registry पाएँ । जग्गाको रजिस्ट्रेसनबारे गोलमाल भयो ? रजिस्ट्रेसन भएपछि पनि छ महिना नपुगी घर बनाउन पाइन्न रे हो ? लेख्नुहोला है ! शाहीजी अहिले कहाँ हुनुहुन्छ ?

N.B.– चित्रङ्गदा पन्तलाई दिनुभयो होला । त्यसको पनि हालचाल लेख्नुस् । मास्टरसाहेब; मलाई जति सक्यो छिटो चिठी लेख्नुस् है, लामोलामो । के गर्नु परदेशमा आफ्नो मान्छे भन्नु नै चिठी हो । छिटो है ! यो पाउनासाथ चिठी लेख्नुस् है !

•

**प्रेमा–तमोट चिठीपत्र– ८**

BHU

7th Ap. '72

मास्टरसाहेब !

सात बजेको साँझ; गर्मी सासै ठचाप्प हुने जस्तो छ । कोठामा सिराननिर टेबुलबलबाट हावा फ्याँक्दै छ । हाम्रो कलेज हिजोदेखि बिहान सात बजेदेखि सुरु भयो । आजकल पढाइसढाइ निमिटचान्नै छ । क्लास (हाम्रोमा डेस्क र बेन्च हुँदैनन्; खालि Official ढङ्ग मेच, कुर्सी) मा विद्यार्थी र गुरुजीहरूबीच खालि गफ, चुटकिला,

संस्मरण, छेडखान यस्तै चल्छ । विद्यार्थी र गुरुबीच हाम्रो देशको जस्तो सङ्कीर्ण सानो-ठूलोको भाव र टाढापनचाहिँ यहाँ रहिनरहेछ । दुवै वर्ग दुवै वर्गप्रति Sincere छन् (तैपनि कतै न कतै त भेदभाव हुन्छ नै !) ।

हिजो र आज १२ बजेदेखि १ सम्म American documentry देखाइएको थियो । १.३० बजे म होस्टेल फर्कें । कोठामा पुगेर स्क्वास (गर्मी हुनाले राखेकी छु एक बोतल किनेर) पिएँ, त्यसपछि Mess मा गएर पुरी, तरकारी कोठैमा ल्याएँ । अनि चिया, खाजा, पुरी, तरकारी खाँदै केहीबेर पत्रपत्रिकाहरू पढें । मेरो सिरानतिर अर्की Research scholar हेमा भास्कर (दक्षिणभारतकी केटी) को सुत्ने खाट छ । ऊ Philosophy मा Ph.D. गर्दै छे । ऊ साँझमा Music College पनि जान्छे । ऊ अघिसम्म भ्वायोलिन बजाइरहेकी थिई । एकछिनअघि ऊ Music college गई ।

म 'नवनीत' (नयाँ अङ्क) पढ्दै थिएँ । त्यसमा नेपालबारे एउटा लेख छापिएको रहेछ । 'नेपाल हमारा निकटतम पडोसी' रचना मैले खूब गहिरिएर पढें । तर त्यसमा निकै गल्ती कुराहरू भेटिए । Indian हरू हाम्रो बारेमा यस्तै गल्ती सोच्छन्, लेख्छन् । यो लेख पढनुअघि नै यहाँ यस्तो लेखेको हुनुपर्छ भनेर मैले अनुमान लगाइसकेकी थिएँ ।

अँ, मास्टरसाहेब ! त्यस लेखको Cutting तपाईंलाई यसै चिठीसित पठाएकी छु । आफूलाई गलत लागेको र चित्त नबुझेको कुरोमा Underline गरेकी छु । कृपया ती सब पढेर मैले Underline गरेजतिको मलाई ठीक उत्तर लेखी पठाउनुहोला । सबै संशोधन गरेर सत्य कुरा लेखी पठाउनुहोस् । यस विषयको कुराचाहिँ अति शीघ्र, छिटो, अविलम्ब पठाउने काम गर्नुहोला; Please ! किनभने म त्यस लेखको संशोधन र Criticize गरी 'नवनीत' मा खण्डन पठाइरहेकी छु । कृपया त्यस Cutting सहित तपाईंको संशोधन

तुरुन्त मलाई पठाइहाल्नुहोस् । अबेर नगर्नुहोस् है ! त्यस Indian लेखकको मैले झाँको झार्नु छ ।

ए, सातआठ मिनेट भयो वलसा आफ्नो क्लासबाट कोठामा आई । उसले सिसीबाट सर्बत खन्याएर, बनाएर पिई । उसलाई आज उसको मलयाली (मलयालम भाषी South Indian) केटो साथीले एउटा Pad present गरेको रहेछ । कोठामा पस्नासाथ उसले मलाई देखाई । केही त्यसमा लेखेको पनि रहेछ र पढेर पनि सुनाई । यस्तै भावनाका कुराहरू ! अनि मैले उसलाई भनें अब यसमा फोटोहरू टाँसिहाल । यसैबीच मैले थाहा पाएँ, मैले उसलाई दिएको (उसैले मागेर मात्रै दिएको नत्र दिन्नथें । ऊ ज्यादै Dry छे यस्ता नरम कुरामा ।) मेरै एउटा फोटो हराइछ । साफ रिस उठ्यो । सायद उसले मलाई फकाउन खोज्दै थिई– 'let's go do the mess to drink the horlicks!' (उसले हर्लिक्स किनेकी छ) तर म गइनँ । यस्ता नीरस (नीरस कसरी भनुँ चाहनाहरू भएको मान्छेलाई ! 'बेढङ्गी' यही नै उपयुक्त हुन्छ होला) सित कहिलेकाहीँ असाध्यै मेरो मन बिरक्तिन्छ) ।

त अहिले म एक्लै छु, लेख्दै छु यही । अँ, आज पनि एउटा Registry शाहीजी 'पतिजी' को पाएँ । चिठी निकै Romantic छ । पढ्दा मन उफ्रन्छ तर फेरि खुम्चन्छ 'के साँचो हो, के झूटो हो ?' प्रेम र मायामा फुर्कनु मूर्खता हो । त्यसैले चिठीका Effect (प्रभाव) मैले आफूमाथि पर्न दिइनँ । जितेन्द्रीय यस्तै हुनुलाई भनिन्छ क्यारे ।

मैले वलसालाई पनि चिठी लेखेको छु । उस्तै Romantic– My darling देखि सुरु गरेर 'मेरो चिठीलाई तिम्रो दुईपत्रे पछ्यौरीभित्र लुकाउनु कारण त्यसले तिमीलाई छोवोस् र प्रभाव उत्पन्न गरोस्' (मैले चिठी अङ्ग्रेजीमा लेखेकी थिएँ र यो मैले अङ्ग्रेजीको रूपान्तर गरेकी हुँ) ।

तपाईं नै भन्नुहोस् (हुन त यो खालि जिस्केको मात्रै हो तपाईं पनि नसोच्नुहोस् कि मैले Mind गरेँ सङ्कीर्ण भनेर) मेरो साथीलाई पनि उस्तै Romantic मलाई पनि उस्तै Romantic मलाई अब के स्वाद आउला ? उफ्रेको मुटु पनि खुम्चने हैन ? हा-हा-हा-हा भैगो छोड्नुस् ।

अँ, शाहीजीले लेखेको छ– 'Your master jee is the only who visits me almost daily & supplies me newspapers & magezines. No one else ever visit me.' (उसैको शब्द हो) मास्टरसाहेब !

तपाईंले मलाई कहिल्यै नतिर्न सक्ने गुन लाएको छ बाबा ! म अहिले उऋण हुन सक्दिनँ । खालि यस्तै फलाक्छ मात्रै, गर्न सक्ने केही हैन ।

मास्टरसाहेब, दुक्खसुक्खका कुरा त तपाईंको लिनदिन अर्थात् हलुका गर्न सकुँला । यत्ति एउटाको आशा छ । यही त हो रहेछ नि संसारमा सबभन्दा ठूलो कुरो– दुक्खसुक्खको साथी ! यही नै सत्य हो रहेछ । मैले बुझें; मास्टरसाहेब ! एउटी केटी तपाईंलाई खोजूँ भनेर रोजें । उही 'वलसा' तर मेरो दृष्टि कुठाउँमा परेछ । ऊ पापिनी एउटा डाक्टरको फेरोमा छे ।

त्यस डाक्टरले त्यसलाई पुछेको होइन । कहिलेकाहीँ अलि नरम (ठिटौली बानी) भएर कुरा गर्दो रहेछ । त्यसलाई ऊ प्रेम सम्झँदै छे । रातभरि मलाई सुत्न पनि दिन्न । उसबारे उसलाई मेरो दृष्टिकोण चाहियो रे ! उसले उसलाई प्रेम गरेको हो कि हैन रे ! मैले त यो प्रेम होइन, यो त जुनसुकै केटा र केटीका बीचको साधारण औपचारिकता मात्र हो तर आत्मीयता त अलग कुरा हो भनेर सम्झाइसकें । तैपनि ऊ उसैसित मुग्ध छे । त्यो केटा निकै स्मार्ट छ, आकर्षक छ, डाक्टर छ– त्यसैले होला । अब यही

May 7th मा छुट्टी भएपछि [illegible]
South Indian र केरलको [illegible]
[illegible]

[illegible] Important [illegible] Detail [illegible] Bore [illegible]

– प्रेमा दिदी

•

## प्रेमा-प्रमोद चिठ्ठीपत्र- ९

२०४०.८.१३

प्रिय [illegible],

[illegible]

लेख्नुहोला ।

अँ, म एउटा नाटक लेख्दै छु; पुसमा आएर छाप्न दिऊँला । मलाई नेपाली पढाउन अलिकति Notes हरू चाहिएको थियो । कथा, उपन्यास, नाटक, निबन्ध, कविता आदिको पारिभाषिक इतिहास साथै केही Notes हरू सङ्कलन गरेर राखिदिनुहोला । साथै सहायक पुस्तकहरू पनि राखिदिनुपर्‍यो । म पुसको आधाआधीमा आउँछु । आज यति । हतारोमा छु ।

–प्रेमा

N.B. यहाँ एउटा खामबन्द पत्र पनि छ; कृपया त्यसलाई रजिस्ट्री गरी पठाइदिनुहोला, मैले भ्याइनँ । तपाईंलाई काम अह्राएकी छु, आफ्नै सम्झनुहोला ।

# प्रेमा शाहको यौन चिन्तन

'म सूर्यसँग सम्भोग गर्छु

•

आऊ मलाई सम्भोग गर !'

प्रेमा शाहको दर्शनमा 'सेक्स अवैध होइन, तर यौन स्वतन्त्रताको तात्पर्य समाजमा जथाभाबी नग्नताको प्रदर्शन र अश्लीलताको पराकाष्टा पनि होइन । यौन जीवनमा एक प्रकारको मर्यादा हो र यसलाई नियन्त्रित र शिष्ट तरिकाले उपभोग गरिनुपर्छ ।' वास्तवमा उनी यौन (Sex) चिन्तनकी खुल्ला किताब पनि हुन् । उनीभन्दा अघि उनका स्तर र त्योभन्दा माथिका कुनै पनि स्रष्टाले औपचारिक रूपमा यौनबारे यसरी खुलेर बालेका थिएनन् र लेखेका पनि थिएनन् । आफ्ना लेखनीका विषयमा सरल रूपमा प्रस्तुत हुँदै उनले भनिन्– 'मैले यौनकथाहरू लेखेकी छु तर मनुष्यजीवनका मूल्याङ्कन खालि सेक्सको माध्यमबाट मात्र हुन सक्दैन ।' यसै प्रसङ्गमा उनी सेक्सबारे थप परिभाषा दिन पनि छाड्दिनन् । साथै यौनसाहित्यलाई गिल्ला गर्नेउपर आफ्नो मनै खोलेर उनी आफ्नो भँडास अलिकति भए पनि निकाल्छिन्– 'आजका सेक्सविषयी कथाहरू पुनरावृतिलाई लिएर परम्पराग्रस्त देखिन्छन्– एउटा तिनका बाह्य्य फर्मलाई छोडिदिऊँ । सेक्ससम्बन्धी मान्यता केवल कुण्ठाग्रस्त छन् र एउटा विकृति र जुगुप्साबाहेक आजको कथामा नौलो कुरा पाइन्न । सेक्ससम्बन्धी

हाम्रो विचार र दृष्टिकोण आधुनिक, बौद्धिक र सुल्झिएको हुनुपर्छ खालि तर्क र कुण्ठाले कुनै दर्शन दिन सक्दैन । सैद्धान्तिक आदर्शवादको सन्दर्भमा साहित्यमा सेक्सलाई छाडावाद र अश्लील भन्नेहरूचाहिँ मुकुन्डो भिरेर टिन ठटाउँछन् ।'

प्रेमा शाहको यौन कवितालेखनमा नाउँ चल्यो तर उनी मूलतः यौन कथाकार नै हुन् । उनी कथाकार पनि माथिल्लो स्तरकी थिइन् । लेखनमा उनको सशक्त विद्रोह थियो । उनको विद्रोह प्रमुख रूपमा यौनमा नै रङ्गिएको थियो । उनको यौनसाहित्यकै फेरोमा कृष्णभक्त श्रेष्ठले आफ्नो मत दिए– 'यौन (Sex) विद्रोह गर्ने प्रेमा शाहको जोडा अहिलेसम्म कोही देखा परेका छैनन् ।' उनी बौद्धिक लेखक थिइन् ।

नेपाली भाषासाहित्यमा यौनको केन्द्रबिन्दुमा पुगेर साहित्य सिर्जना गर्ने स्रष्टाहरूमध्ये प्रेमा शाहको स्थान अग्रपङ्क्तिमा रह्यो । जन्मेदेखिकै हिसाब गर्नुपर्दा उनको पारिवारिक जीवन गतिलो नहुनाको तात्पर्यको अदृश्य कुण्ठा पनि प्रेमाले आफ्ना रचनामार्फत प्रस्तुत गर्ने गर्थिन् । यति हुँदाहुँदै पनि उनी आफ्ना भावना मनोवैज्ञानिक ढङ्गबाट मीठो भाकामा प्रस्तुत गर्थिन् । नेपाली भाषासाहित्यमा उनको लेखनी बेग्लै आयाममा स्थापित भएको थियो । उनको लेखनको सौन्दर्यका विषयमा धेरै समालोचकले उनको मुक्त कण्ठले प्रशंसा पनि गरे । उनी नेपाली साहित्यमा सङ्ख्यात्मकभन्दा गुणात्मक रूपमा लेख्ने स्रष्टा थिइन् । त्यसैले उनले लेखेका कविताचाहिँ थोरै पनि भए र ती थोरै पनि प्रायः यौन, प्रेम र समर्पणमा समर्पित भएका देखिए :

'तिमीमा मेरो प्यार
हीराको जन्तरझैं
सधैं छातीमा झुन्डचाएर

तिमीलाई माया गरिसकेकी छु ।
जाडोका ती रातभर
तिमीलाई यी ओठका न्यानो आवरणमा
गुटमुटचाएर मैले तिम्रो कानमा
प्रणयका कति गीत भरिसकेकी छु ।'

प्रेमा शाहले पढ्दै साहित्य सिर्जना गर्दै गरिन् । उनको साहित्यिक यात्रा स्कुलेजीवनको छैटौं कक्षादेखि नै कायम भएको थियो । उनका गुरु रत्नध्वज जोशीले उनलाई साहित्यतिर लाग्न खिप लगाइरहन्थे । जोशीकै कारण उनले लेखेर थन्क्याएका रचनाहरू पनि बाहिर निकाल्न थालिन् । पाटन कलेजबाट आइए र बीए गरुन्जेलसम्म उनी ऋन्डै नेपालका डाँडाकाँडा ढाक्ने साहित्यकार भइसकेकी थिइन् । त्यस कालमा पुरुषोत्तम बस्नेतसँग उनको सम्पर्क भइसकेको थियो । त्यसैले त्यस बेला उनको मुख्य काम साहित्य रचना गर्नु पनि एक थियो । जयदेव भट्टराईका अनुसार उनले किशोरी अवस्थामा नै 'उकालो' नामक हस्तलिखित पत्रिकाको सम्पादन पनि गरेकी थिइन् । पछि यिनी 'बिहान' तथा 'हिमानी' साहित्यिक पत्रिकाहरूको सम्पादक मण्डलमा रहिन् । त्रिभुवन विश्वविद्यालयमा एमए पढ्न थाल्दा यिनले 'देउराली' साहित्यिक पत्रिकाको पनि सम्पादन गरिन् । त्यस बेलासम्ममा यिनी नेपालभित्र मात्र होइन नेपालबाहिर नेपाली भाषा बोल्नेहरूमाऊ समेत साहित्यकारका रूपमा चम्किसकेकी थिइन् ।

नेपाली भाषासाहित्यमा प्रेमा शाह किशोरी वयदेखि नै चर्चित थिइन् । यिनले आइए अध्ययन गरिरहेको बेला 'शारदा' पत्रिकामा यिनको 'प्रतिक्रिया' शीर्षकको कथा छापिएको थियो । त्यसपछि 'मुकुट', 'रूपरेखा' लगायत अरू पत्रपत्रिकाहरूमा यिनका लेखरचना, कथा, कविता, नाटक, निबन्ध प्रकाशनमा आइरहे । उनले जतिजति रचनाको सिर्जना गरिन् प्रायः त्यतित्यति नै यौन (Sex) कै अनुसूचीमा मात्र उनी प्रस्तुत भइरहिन् ।

प्रेमा शाहको जीवनमा मावलीको प्रभाव, उनलाई प्रेम गर्नेहरूको प्रभाव, श्रीमान्हरूको प्रभाव र छोरीको प्रभाव गाँसिएको पाइन्थ्यो । यी सबै पूर्वदृश्यहरूका कारण उनका रचनाहरू पनि त्यही परिवेशबाट लेखिँदै गए ।

•

प्रेमा शाहले यौनसाहित्यिक चिन्तन र दर्शनबाट आफूलाई सधैं नजिकै राखिरहिन् । उनको लेखनको केन्द्रबिन्दु नै यौन हुन्थ्यो । उनले २०२८ सालको वैशाखमा 'उपत्यका' नामक लेकाली प्रकाशनका लागि हिरण्य भोजपुरे र गणेश रसिकलाई भनेकी थिइन्– 'सेक्स नै जीवनको मूल समस्या होइन । यो मान्छेको कन्सेप्सनमा भर पर्ने कुरा हो । आज सेक्सको स्थिति जति पातलिँदै गएको छ उति यसले विकटताहरू सङ्ग्रहण गर्दै छ, यो प्रत्यक्ष छ । यो स्थिति अर्थात् गोलमाललाई हाम्रा Sensitive Mass ले बुझेका छन् । यो मान्नैपर्छ सेक्स घृणित, अति र विवादास्पद तुल्याउनुमा आजका छितरिएका पिँढीका क्रियाकलाप र अन्ध दृष्टिका दोष हुन् । परिणामस्वरूप आजका भ्रान्त युवापिँढी र तथाकथित यौनवादी साहित्यकारलाई लिन सकिन्छ जो विद्रोहको नाउँमा Obscene साहित्य प्रस्तुत गर्छन् र त्यस्तै Propaganda मा विश्वास राख्छन् ।'

प्रेमा शाह प्रेमगीतकी अभियन्ता थिइन् । उनले थोरै गीतिकविता लेखिन् तर प्रेमलाई साक्षी राखेर नै लेखिन् । त्यसैले उनका प्रेमगीतले नेपाली साहित्यको भण्डारमा जस बटुलिरहे, यश र कीर्ति पनि पाइरहे । अनगिन्ती गीतिकविताका हारहरूले पाठक लोभ्याइरहेको अवस्थामा उनका रचना पाठकमाऊ पुनःपुनः उभिइरहन्थे–

'माया पोख्नलाई बहाना नै चाहिन्छ र ?
माया सिँगार्न पर्व नै चाहिन्छ र ?
मुस्कान स्विकार्न
ढुकढुकीसित लयबद्ध हुन
किन चाहिन्छ अनुमति ?
मन,
न ब्यारेक न युद्धरत सिपाही
न सीमाङ्कन छ यसको
न सङ्घीयता स्विकार्छ मन
प्रेम नै धर्म र नीति मनको
भूगोल नभएको प्रेम !

इतिहासभन्दा परको प्रेम
पहाडसँग चुलिरहेको प्रेम
सागर जस्तो युगीन प्रेम !
घामले माया गरेर
जूनले सुमसुम्याएर
अनुभूत भएको प्रेम
हामीले पत्याएको प्रेम
प्रेमले पत्याएका हामी !

हामीभित्र सधैं गुलाब फुलिरहेको छ
मनको बगैंचामा कहाँ प्रवेश निषेध !
अर्को मनको सुगन्धलाई
कहिलेदेखि उडिरहेछन् आकाशमा चराहरू
कहिलेदेखि बुझिरहेछ आकाशले चराहरू !

पहाड भैसकेको मन, सागर भैसकेको मन
घाम, आकाश र चरा भैसकेको मन

बुझ्दैन अहिले
कार्डसित बिकिरहेको बोली
'विल यु बि माई भ्यालेन्टाइन ?'
ऊ बुझ्छ यत्ति
प्रेम न अनुनय, न विनय
न आग्रह, न साइनो !'

# प्रेमा शाहका कृति र प्रेमापथ

प्रेमा शाहले ६ कक्षा पढ्न थालेदेखि नै कविता लेख्न थालेकी थिइन् । तर उनको औपचारिक लेखन भने 'शारदा' बाट सुरु भएको थियो । 'प्रतिक्रिया' शीर्षकको उनको कथा उनका गुरु रत्नध्वज जोशीले 'शारदा' मा पुऱ्याएपछि उनी चम्किन थालेकी थिइन् । यो उनको पहिलो कथा थियो । उनका अनुसार यो कथा 'पहेंलो गुलाफ' मा चाहिँ उनले अझै परिष्कृत अथवा भनौं सम्पादन गरेर प्रकाशित गरेकी थिइन् ।

प्रेमा शाह नेपाली साहित्यमा यौनसाहित्यलेखनमा बढी आकर्षित भइन् । यिनले नेपाली भाषासाहित्यमा प्रवेश गरेर कथा, कविता, नाटक र निबन्धहरू लेखिन् । तर उनी कथा र कवितामा नै विशेष चर्चित भइन् । कथालेखनमा भने उनी चर्चित मात्रै भइनन्, यस विधामा उनी सुप्रसिद्ध नै भइन् । प्रथमत: यिनले 'पहेँलो गुलाफ' ( कथासङ्ग्रह : २०२३) निकालेर नेपाली कथासाहित्यमा यौनरस प्रस्तुत गरेकी छिन् । 'पहेँलो गुलाफ' को प्रकाशन नेपाली भाषासाहित्यमा यौनमनोवैज्ञानिक कथाको एउटा सशक्त उपलब्धि मानिन्छ । साथै 'विषयान्तर' (कथासङ्ग्रह : २०२८) पनि उनको दोस्रो चिन्तनप्रधान कथासङ्ग्रह हो । उनको यो कृति पनि उतिकै चर्चित बन्यो ।

प्रेमा शाहले २०४० सालमा 'ममी' नामक लघु उपन्यास पनि लेखिन् । सो कृति पनि यौनआकाशमै नाचेको पाइयो । यसभन्दा

अघि संयुक्त उपन्यासका रूपमा प्रकाशित 'आकाश विभाजित छ' (२०३२) नामक उपन्यास उनीसमेत दस जना स्रष्टाको लेखनमा प्रकाशित भएको थियो । ध्रुव सापकोटाको संयोजनमा प्रकाशित 'आकाश विभाजित छ' मा स्रष्टाहरूका नाउँ यसरी उल्लेख गरिएको छ– केदार अमात्य, दौलतविक्रम विष्ट, ध्रुवचन्द्र गौतम, ध्रुव सापकोटा, परशु प्रधान, पुष्कर लोहनी, प्रेमा शाह, मञ्जु तिवारी, शङ्कर कोइराला, शैलेन्द्र साकार ।

प्रेमा शाहले रवीन्द्रनाथ ठाकुरको 'चित्राङ्गदा' नाटक हिन्दी भाषाबाट नेपाली भाषामा पनि अनुवाद गरेकी थिइन् । पुरुषोत्तम बस्नेतका अनुसार प्रेमा शाह स्वयम् पनि राम्रो नाटक लेख्ने गर्थिन् ।

प्रेमा शाहले साहित्यको सिर्जना गर्दै जाँदा उनका 'मन्टुकी बज्यैको कथाको पेटारो' (२०३८), 'जिन्की र जोकर' (२०४०), 'इन्द्रधनुष' (२०४२), 'रङ्गीचङ्गी कथाहरू' (२०४५), 'राम्रो काम' (२०५१) र 'रेका केही कथा' (२०५१) बालकथासङ्ग्रहहरू प्रकाशनमा आए ।

'रामेको कथा' (२०४२), 'मनु र भँगेरा' (२०४३) 'आनन्दको आविष्कार' (२०४३) सहित प्रेमा शाहले तीनवटा बालउपन्यास लेखिन् । साथै उनले उमेर छिप्पिन थालेपछि बालकथाहरू लेख्न थालेकी थिइन् । यसका अतिरिक्त यिनले बालगीतका दुईवटा स्रङ्ग्रहहरू पनि प्रकाशनमा ल्याइन् । साहित्यमा लडीबुडी गर्दै जाँदा उनी 'उज्यालो' नामक बालपत्रिकाको सम्पादनमा पनि लागिन् । उनी बालबालिकाप्रेमी पनि थिइन् । त्यसैले उनले वीरगन्जमा बालसेवा पुस्तकालयको स्थापना गरेकी थिइन् । साथै उनी नेपाल बाल सङ्गठनको केन्द्रीय सदस्य पनि भएकी थिइन् ।

•

प्रेमाको साहित्यिक व्यक्तित्व उनी सानै हुँदादेखि नै क्रमशः झाङ्गिँदै आएको थियो । नेपालका पूर्वाञ्चलमा बोलिने झर्रो शब्द

टिप्न पनि उनको कलमलाई सजिलै परेको थियो । उनको लेखनी ठेट नेपाली भाषामा नै हुर्कंदै गयो । त्यति मात्र होइन उनी लेख्ता मनले लेख्थिन् । त्यसैले पनि उनको लेखनीले दिगो रूपमा पाठकको हृदयको स्थान ग्रहण गरिसकेको थियो ।

प्रेमा शाहको लेखकीय व्यक्तित्वलाई नजिकबाट पढ्ने, लेख्ने र पारख गर्नेमध्ये महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठी प्रमुख मानिन्छन् । प्रेमा शाहबारे त्रिपाठी भन्छन्– 'नेपाली साहित्यमा एउटा अत्यन्तै सुन्दर स्रष्टाको अकस्मात् उदय भयो र अकस्मात्जस्तै अन्त्य भयो ।'

प्रा.डा.त्रिपाठीले २०२४ साल वैशाखको सुरुका 'गोरखापत्र' दैनिकको शनिबारीय परिशिष्टाङ्कमा समकालीन नेपाली कविता र गीतको २०२३ सालको वर्षप्राप्तिका समीक्षणका क्रममा प्रेमा शाहबारे पनि समीक्षा लेखेका थिए । त्यसपछि प्रेमाको कविताको सिर्जनात्मक मूल्यले एक्कासि आकाश छुन थालेको थियो । कथामा त पहिलो कथासङ्ग्रह 'पहेँलो गुलाफ' (२०२३) प्रकाशित हुँदानहुँदै उनी चर्चित र प्रतिष्ठित नै थिइन् । त्यस बेला त्रिपाठीले आफ्नो सङ्क्षिप्त तर ओजनदार समालोचकीय मन्तव्यसहित प्रेमाका यी कवितापङ्क्ति प्रस्तुत गरेका थिए :

'रङ्गैरङ्गको संसारमा
म रङ्गहीन रहन सकिनँ
गन्धैगन्धको संसारमा
म गन्धहीन रहन सकिनँ ।'

'यहाँ रङ्गले र गन्धले भरपूर संसारमा आफू रङ्गहीन र निर्गन्ध रहन नसकेको शालीन विपर्यासी आत्मस्वीकृतिका दुईदुई हरफका बिम्ब व्यञ्जनाका कवितात्मक जुगलबन्दीमार्फत कवयित्री प्रेमाले आफ्नो तीव्र प्रेमानुभूति र यौन संवेग, कामेच्छा र त्यसको निर्बन्ध भुक्तिको सुखात्मक शक्तिशाली अभिव्यञ्जना अत्यन्तै

सम्मोहक लयबन्दीमार्फत उत्कृष्ट भावभङ्गीमा प्रस्तुत गरेकी छन्' भन्ने त्रिपाठीको अभिमत रहेको छ । यसै गरी त्रिपाठीले यस कविताबारे थप प्रकाश पारेका छन्– "यहाँ पाइने जम्मा दुई साना सरल समानान्तर वाक्यका छोटाछोटा हरफका अन्त्यानुप्रासी संरचनामा उनिएका केवल बाह्र शब्दका लेख्य बीसजति र उच्चार्यगेय सोह्रजति जम्मा अक्षर र प्रतिहरफ १५ मात्राजतिका परिमितिका छोटा चार हरफका अति मितव्ययी अभिव्यक्तिमार्फत प्रेमाले जीवन आखिर रङ्गहीन र गन्धहीन रहन नसक्ने जुन सङ्केत गरेकी छन् त्यो अत्यन्तै सरस र मार्मिक छ । यहाँ यति लघुतम मुक्तकीय कविता अनुच्छेदमा बहुअनुप्रासी, श्रुतिरमणीय, सहज उक्तिवैदग्ध्य र चमत्कारी उक्तिविच्छित्तिमार्फत मानवीय अदम्य कामवृत्तिको शक्तिको तीव्र र उत्कृष्ट कवितात्मक प्रस्तुति गरिएको छ ।" महासमालोचक प्रा.डा. त्रिपाठी अझैसम्म पनि प्रेमाका कवितामा घरीघरी आफ्नो घाँटी सुकाउने गर्छन् ।

प्रेमा शाहको कवयित्री व्यक्तित्वबारे महासमालोचक प्रा.डा. वासुदेव त्रिपाठीले पचास वर्षअघि जे लेखेका थिए पचास वर्षपछाडि पनि उनले पुरानै कुरामा नवव्याख्यासहित आफूलाई उभ्याइरहे । उनका कविताबारे त्रिपाठीको मत रहेको छ– 'नरनारीका बीचका 'यौनवृत्ति र वासनात्मक प्रेमका आवेग स्नायुतन्त्रलगायत हृदयभित्रैका आदिम दहबाट पलाएका र अदम्य हुने हुँदा प्रेमा शाहका कविताको घडा प्रेम र कामभावका मीठा व्यञ्जनाले भरिएको छ र त्यो निकै मधुर र शक्तिशाली पनि छ । नेपाली साहित्यमा सरल र सरस सौन्दर्यले ओतप्रोत रही कविता रचना गर्ने प्रेमाका सिर्जनामा यौन संवेगका सशक्त बिम्ब र तीव्र भाव जति श्रुतिरम्य छन् त्यति नै कवितात्मक दीप्तिले झलझलाकार छन् । त्यस बखतका हिन्दी कविता परम्पराका प्रख्यात कवि जयशङ्करप्रसाद, सुमित्रानन्दन र महादेवी बर्मा आदि या नेपाली कविताका लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ र भवानी भिक्षु प्रभृतिका जस्ता तर मुक्त प्रकृतिका मात्रिक या

आक्षरिक गीतिलयको मिठास तथा रुमानी मनोवृत्ति र यौनावेगको प्रतीकायन र बिम्बविधान सहज रूपमै गर्ने प्रतिभा, कौशलले प्रेमा यहाँ यिनकै परम्पराभन्दा पृथक्की नवकवयित्रीका हैसियतमा छिन् र समकालीन नेपाली कवयित्रीहरूका दाँजोमा हाराहारीभन्दा निकै माथि रही नेपाली कवितालेखनमा उदाएकी अब्बल स्रष्टा मानिन्छिन् ।'

यौन अथवा भनौं सेक्ससाहित्य या यसबारे लेख्न र बोलेर पढ्न अघि सर्न नसक्नेहरूले पनि प्रेमा शाहको लेखनीको मुक्त कण्ठले प्रशंसा गर्न थालिसकेका थिए । त्यही क्रममा अमर प्राज्ञ प्रा. घटराज भट्टराईले आफ्नो चर्चित ग्रन्थ 'नेपाली लेखक कोश' (२०५६) मा प्रेमाबारे सानो प्रशंसा लेखे । प्रेमाको साहित्यिक व्यक्तित्वमाथि सङ्क्षिप्त लेखेर पनि उनले उनीबारे राम्ररी प्रकाश पारे– 'नेपाली नारीका मानसिक द्वन्द्व र विषमतालाई प्रभावकारी शैलीद्वारा विचारोत्तेजक रूपमा व्यक्त गर्न प्रेमा शाह सिपालु छिन् । यौनलाई स्पष्ट अभिव्यक्ति दिने शाह कथा लेखून् कि कविता, उपन्यास लेखून् कि अन्य रचना यथार्थ अऱ भनौं अतियथार्थवादी देखिन्छिन् ।'

प्रेमा शाहले औपचारिक लेखनमा प्रवेश गरेको पाँच वर्षमा नै ख्याति कमाइसकेकी थिइन् । त्यति बेलासम्ममा उनका कविता र कथाले सर्वत्र चर्चा कमाइसकेका थिए । उनको कथालेखनबारे २०२३ साल भदौ २२ गते पारिजातले पनि उत्तम कुँवरलाई बयान दिइसकेकी थिइन्– 'प्रेमा शाहको कथाको प्रस्तुतीकरण त कुनै विदेशी श्रेष्ठ कथाकारको भन्दा कम छैन ।'

'विधागत दृष्टिले विशेष गरी जीवनका यथार्थ र ताजा भोगाइका आफ्ना शक्तिशाली यौन राग र आवेगहरूलाई प्रेमा शाह नेपाली कविता र कथाका विधामा प्रस्तुत गर्न सफल छिन्' भन्दै महासमालोचक त्रिपाठी प्रेमा शाहको थप बयान गर्दै जान्छन्– 'प्रेमा सूक्ष्म कथानक र मनोविश्लेषी नारी पात्रविधानका सरस अन्तरकौतुकका साथै तिनका कथनकौशल तथा बिम्ब, प्रतीक र

व्यञ्जना तथा शैलीका कुशल विनियोजनका ऊर्जामार्फत कथा विधामा बेग्लै आयाम स्थापित गर्ने अमर साधक हुन् । लेखनमा दस वर्षजति मात्र खास सक्रिय भएर त्यस अवधिमा नै उनले प्रेमापथको स्थापना गरिन् । उनी नेपाली साहित्यको यौन विधाकी एउटी सशक्त, ऊर्जावती र शिष्ट मार्गदर्शिका नै भइन् । जीवनका र सामाजिक परिवेशका सजिला, अप्ठचारा बाटाहरू सोऱ्याउन खोज्दाखोज्दै उनी अलमलिइन् र उनले धेरै लेख्न पाइनन् । तर उनले जति लेखिन् अजर, अमर हुने उच्च बिम्ब र व्यञ्जना शक्ति भएका उत्कृष्ट कथा र कविता छाडिन् ।'

प्रेमा शाहबारे नेपालका ख्याति कमाएका समालोचकहरूले पनि आआफ्ना विचार राखिरहे । कथाकै विषयमा पहिलोपल्ट विद्यावारिधि गर्ने प्रा.डा.दयाराम श्रेष्ठले पनि सम्मानका साथ प्रेमाको यौन कथाकारिताकाबारे आफ्नो मन खोलेरै लेखे– 'कथाकार प्रेमा शाहमा यौनको मनोविज्ञान नाप्न वा अनुभूत गर्न आवश्यक मानिने विश्लेषणात्मक सामर्थ्य तथा यथार्थ दृष्टि रहेको पाइन्छ । आफू नारी स्रष्टा भएकीले उनले नारीहरूको यौनजन्य अनुभूतिलाई कथाहरूमा व्यक्त गरेर त्यसका मूल्यहरूको रहस्य खोलिदिएकी छिन् । यस कोणबाट हेर्दा उनका कथाहरूमा यौन संवेदना अत्यन्त खुला भएर पनि मर्यादित र संयमित हुन सकेको छ ।

पात्रको वैयक्तिक अचेतन मन कतिसम्म आक्रामक र व्यक्तित्व विघटनकारीसमेत हुन्छ भन्ने कुरा प्रेमाले आफ्ना कथाहरूमा देखाएकी छिन् । विधवा भएर पनि बेहुलीझैं सिँगारिने, मालिक्नी भएर पनि नोकरबाट यौन तृप्ति लिन इच्छा गर्ने, चाकर्नी भएर पनि मालिकसँग यौनसम्बन्ध बढाउन अग्रसर हुने, परस्त्रीलाई पनि कामुक अभिप्रायले बुझ्नेजस्ता कुराहरूको मनोविज्ञानलाई उनले ज्यादै प्रभावकारी तुल्याएकी छिन् । समग्रमा भन्नुपर्दा उनले अचेतन मनमा दमित यौनेच्छाको उद्घाटन गरेर त्यसका मानसिक

तथा नैसर्गिक दुवै स्वरूप मात्र होइन परिणतिको समेत आख्यानीकरण गरेकी छिन् ।

प्रेमा शाह भावना र संवेदना होइन, बौद्धिक चेतना तीक्ष्ण भएकी नारी कथाशिल्पी हुन् । कालिक मूल्य र युगबोधलाई स्वायत्त गरेर उनले मन र विचारको आयतनलाई आफ्ना कथाहरूमा विस्तार गरेकी छिन् ।'

प्रेमा शाहको कथालेखनको सन्दर्भमा साहित्यिक जगत्मा सर्वत्र चर्चा चलिरहेकै बेलामा शैलेन्द्र साकारले लेखे– 'प्रेमाको लेखनको विषयवस्तु प्राय: यौन र प्रेम नै छन् । तर ती थोत्रा रोमान्स या भावुकताका दोषहरूले पूर्ण, सस्ता खालका छैनन् । यौनभोकलाई मूल विषय बनाएर लेखिएका उनका केही कथाहरू जस्तो 'एउटै सम्भोग', 'लोग्ने', पहेँलो गुलाफ', 'चाया' आदि विशेष चर्चित छन् ।'

प्रा.डा. महादेव अवस्थीले प्रेमा शाहको कथाकार व्यक्तित्वको सङ्क्षेपमा नै उच्चस्तरीय परिभाषा दिएका छन् । प्रेमाको यौनकथालाई मर्यादित स्थान दिँदै अवस्थी भन्छन्– 'कथाकार प्रेमा शाह आधुनिक नेपाली कथाका यौनमनोवैज्ञानिक र विसङ्गत अस्तित्ववादी धाराका परम्परामा महत्त्वपूर्ण योगदान गर्ने विशिष्ट प्रतिभा हुन् । नरनारीका अचेतन मनका कामवृत्ति र यौनग्रन्थिको उद्दाम तर श्लील रूपको प्रतीकात्मक चित्रण गर्ने कथास्रष्टाका रूपमा उनी विख्यात छिन् । जीवनका विद्रोह र निस्सारता अनि विवशता र तनावका साथै विसङ्गतिलाई कथानकहीन कथाकलाद्वारा व्यक्त गर्ने नवशिल्पको प्रयोग पनि उनले गरेकी छन् ।'

प्रेमा शाहले उपन्यास पनि लेखिन् । उनको उपन्यासउपर पनि टीकाटिप्पणी र समीक्षा भइरहे । यसै परिप्रेक्ष्यमा प्रा. राजेन्द्र सुवेदीले उनका उपन्यासबारे आफ्नो मत राखेका छन्– 'मनोवैज्ञानिक उपन्यासको यात्रामा निकै प्रभावकारी स्थान लिने स्रष्टा प्रेमा शाहको

उपन्यास सिर्जनाले मनोवैज्ञानिक प्रवृत्तिका नेपाली उपन्यास सिर्जनाको अन्ततिर निकै विशिष्ट स्थान लिएको देखिन्छ ।'

लेखनमा बग्दै जाँदा प्रेमा शाह बालसाहित्यमा पनि बगिन् । उनी २०३७ सालदेखि यस विधामा उभिन थालेकी थिइन् । प्रेमाले प्रमोद प्रधानलाई २०५२ साल माघ २७ गते बताएअनुसार नेपाली बालसाहित्यमा काल्पनिक एवम् परीकथाहरू मात्रै लेखिएकाले बालबालिकाहरूले पोषण प्राप्त गरी मानसिक विकास गर्ने विश्वास नलागेकाले उनी आफू बालसाहित्यका क्षेत्रमा लागेकी थिइन् । उनको यस विधाबारे प्रधान लेख्छन्– 'प्रारम्भमा प्रेमाले लोककथामा आधारित बालकथाहरू लेखे पनि पछि मौलिक बालकथाको सिर्जनामा सक्रिय भएको पाइन्छ । कथाका माध्यमबाट शिक्षा र मनोरञ्जन दुवै सँगसँगै प्रदान गर्ने प्रेमा शाहका बालकथा विषयवस्तुका दृष्टिले उपयोगी र विविधतापूर्ण एवम् भाषिक शिल्पका दृष्टिले सरल र बालरुचिअनुकूल रहेका छन् ।'

नेपाली साहित्यकी नारीचुली प्रेमा शाहको साहित्यिक जीवनको अनेक तरिकाले व्याख्या भए, समीक्षा भए र गोष्ठी पनि भए । उनका बारेमा कतिले लेखेर देखाए र कतिले बोलेर देखाए । उनले पुगनपुग दस वर्ष मात्रै साहित्य लेखिन् तर वर्षौंवर्ष लेख्नेहरूभन्दा उनको उचाइ विशेषै थियो । महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठीका शब्दमा "नेपाली साहित्याकाशमा प्रेमा शाहले आफ्नै अस्तित्व कायम गरिन् । भनौं उनले 'प्रेमापथ'कै निर्माण गरिन् ।"

•

प्रेमा शाहको साहित्यिक चिन्तन माथिल्लो कोटिको थियो । खर्चपातको अभाव पूर्ति गर्ने काममा पनि अन्य नाउँबाट अनेकौं लेखरचना र कृतिहरू पनि उनले लेखिन् । तर आफ्ना नाउँमा लेखिएका कृतिउपर उनले जिम्मेवारीपूर्णका स्तरीय रचनाहरू

नै रचना गरिन् । उनका अन्य लेखनले यौन चिन्तनको सौन्दर्यलाई पछ्याइरह्यो ।

प्रेमा शाह साहित्यमा नै रमाउने स्रष्टा थिइन् । तर उनको आदर्शले पुरस्कारतिर चाहिँ एकरत्ति पनि मन डुलाएन । भनौं प्रेमालाई पुरस्कारको खासै चाहना थिएन । यति हुँदाहुँदै पनि प्रेमाले २०६९ सालमा एक लाख रुपियाँको 'मैना पुरस्कार' ग्रहण गरेकी थिइन् । पुरस्कारकै सन्दर्भमा उनले आफ्ना नजिकका साथी आख्यानपुरुष डा. ध्रुवचन्द्र गौतमसित भनेकी थिइन्– 'मलाई पुरस्कारको लोभ छैन, मैले मेरो जीवनमा पुरस्कारप्रति कुनै चासो पनि राखेकी थिइनँ । मलाई सभा, समारोहमा जान अनि पुरस्कार थाप्न निकै सङ्कोच लाग्छ । तर नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई भएर मलाई 'मैना पुरस्कार' दिलाएरै छाडे । उनीहरू नै संस्थापक र पुरस्कार सञ्चालक पनि भएका कारण मैले हार्न सकिनँ । उनीहरूले त मलाई सम्झे नि ! प्रसाई दम्पत्ती र मेरा गुरु वासुदेव त्रिपाठीले मलाई धेरै स्नेह र सम्मान गरेर पुरस्कार लिनैपर्छ भनेपछि मैले खुसी भएर पुरस्कार ग्रहण गरेकी हुँ । अहिलेसम्म मैले पाएको पुरस्कारमा पनि 'मैना पुरस्कार' नै ठूलो राशिको पुरस्कार हो भनेर सम्झेकी छु ।'

साहित्यको आराधनामा समर्पित भएबापत प्रेमा शाहले मैना पुरस्कारलगायत मैनाली कथा पुरस्कार, मदनशीला पुरस्कार, विश्व नारी नेपाली साहित्य सम्मान र विश्व नारी नेपाली साहित्य पदक ग्रहण गरिन् । उनले नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानबाट २०४२ सालमा विद्वतवृत्ति पनि पाएकी थिइन् । उनले त्यस बेला एक वर्षसम्म मासिक एक हजार दुई सय रुपियाँ पाउने गर्थिन् ।

•

किशोरी हुँदा पनि प्रेमा शाहको सोच प्रौढ थियो । साहित्यमा उनी हुने बिरुवाको चिल्लो पात थिइन् । उनको स्त्री र पुरुषसँग

बराबर सम्पर्क थियो । उनको सम्पर्क प्राय: साहित्यकारसँग मात्र थियो । यसै क्रममा उनको पारिजातसँग पनि धूमधामै आवतजावत थियो । उनले पारिजातलाई निकै मन पराउँथिन्, आदर गर्थिन् र सम्मान गर्थिन् । पारिजातले पनि यिनलाई मन पराउँथिन् । प्रेमा शाहलाई पारिजातले कति मन पराउँथिन् भने उनी प्रेमाको कथाकारिताको तारिफ नै गरी बस्थिन् । उनले प्रेमालाई नेपालकी विशिष्ट कथाकार मात्र होइन विश्वस्तरकी नेपाली कथाकारसमेत मानेकी थिइन् ।

प्रेमा शाह आफन्तजनसँग मिल्न, उनीहरूलाई सहयोग गर्न र सरसल्लाह दिन पनि पोख्त थिइन् । उनी मान्छेको नाउँ राख्न पनि सिपालु थिइन् । केही लेखकहरूले आफ्नो किताबको नाउँ राख्न पनि उनलाई अनुरोध गर्थे । यसै क्रममा उनकी मन परेकी स्रष्टा पारिजातको उपन्यास 'शिरीषको फूल' को नाउँ राख्ने काम पनि प्रेमाबाटै भएको थियो । यस प्रसङ्गको सिलसिला कसरी आयो भने– 'शिरीषको फूल' लाई पारिजातले 'ढिला विष' लगायत एघारवटा शीर्षक राखेकी थिइन् । उनले प्रेमालाई आफ्नो नयाँ उपन्यासको उपयुक्त नाउँ चुन्न अनुरोध गरेकी थिइन् । अनि त्यस कृतिको पाण्डुलिपि पढेर प्रेमा शाहले ती एघारवटा नै नाउँमध्येबाट 'ढिला विष' को नाउँ 'शिरीषको फूल' राख्न पारिजातलाई सल्लाह दिएकी थिइन् । साथै पारिजातले पनि प्रेमाको सल्लाह नै मानिन् । अन्तत: 'शिरीषको फूल' पनि नेपाली साहित्याकाशमा प्रसिद्ध बन्यो ।

त्यस समय प्रेमा शाह पाटन कलेजमा बीए पढ्दै थिइन् । साहित्यकै कारण यी दुवै नारी त्यस बेला टचाप्पै थिए । यिनीहरू दुवैको धेरै कुरा पनि मिल्थ्यो । वास्तवमा प्रेमा पारिजातभन्दा पाँच, सात वर्ष नै कान्छी भए तापनि उनको मगज प्रौढ भइसकेको थियो । साथै उनी पढाइभन्दा पनि ठूली थिइन् । त्यसैले समकालीन साहित्यिक

संसारमा उनको पनि वर्चस्व थियो । त्यसैले पारिजातले पनि प्रेमालाई आफ्नै नजिककी साथी र सल्लाहकारमा स्थापित गराएकी थिइन् । अनि प्रेमाले पनि सग्लो मनबाट पारिजातका हरकार्यमा सद्भावना छर्ने गरेकी थिइन् । अनि उनैको सल्लाहले पारिजातले पनि 'शिरीषको फूल' लाई ठडयाएकी थिइन् । यही 'शिरीषको फूल' को नामाकरणबारे प्रेमा शाहले नरेन्द्रराज प्रसाईलाई २०५७ साल असोज २७ गते एउटा चिठी लेखेकी थिइन् । यो चिठी 'पारिजातको जीवनकथा' दोस्रो संस्करण (२०६३) मा पनि प्रकाशित छ–

'भाइ नरेन्द्र !

प्रसङ्गवश, आज म एउटा कुरा सम्फँदै छु– त्यो दिउँसो म पारिजातलाई भेट्न उनको कोठामा गएँ । उनी खाटमुनि भुइँमा बसिरहेकी थिइन् । उनको अगाडि एउटा लामोलामो कापी थियो । त्यसमा आकर्षक, अनाकर्षक एघारवटा शीर्षकहरू लेखिएका थिए । पारिजातले आफ्नो उपन्यासको पाण्डुलिपि खोलेर मलाई केही अंशहरू सुनाइन् । सो उपन्यासका अंशहरू सुनेर म आफू बगैंचाभित्र छु जस्तो लाग्यो । उनले भनिन्, 'यो उपन्यासको नाम 'ढिला विष' राखेकी छु, प्रेमाजी तपाईंलाई कस्तो लाग्यो ?' पारिजातको उपन्यासको अंश सुनेपछि मैले शकम्बरीको छाया फट्ट एक छेउसम्म देख्न सकेँ । हावामा यताउति उडेको नीरप्याजी शिरीषको फूल ! मेरो मन पनि त्यस क्षण त्यही नीलो फूल भयो, अनि भनिहालेँ, 'शिरीषको फूल नै राख्नुस् यही मिल्छ ।' पारिजातले पनि फट्टै भनिन्, 'हो त्यही राख्छु ।' त्यतिखेर उनका आँखामा सन्तुष्टि र तृप्ति देखिएका थिए । म आफूचाहिँ 'वाह !' बनेजस्तो लाग्यो । आफ्नै कलमले आफूलाई खोज्दै हिँडिरहेकी एउटी कथाकारले एउटी किशोरी मलाई धन्य नै बनाइदिइन्; मेरी अग्रजाले मेरो छनोटलाई स्विकारेर । 'शिरीषको फूल' एघारवटा शीर्षकहरूमध्येकै एउटा थियो ।

भाइ नरेन्द्र ! तिमीले 'पारिजातको जीवनकथा' द्वारा पारिजातलाई कालजयी अभिलेख (Time capsule) का रूपमा सुरक्षित राखिदिएका छौं । भाइ, मेरो अभिभूत हृदयको सहस्र धन्यवाद स्विकार !

- तिम्री प्रेमा दिज्यू'

• •

नेपाली साहित्याकाशमा प्रेमा शाहको आफ्नै परिवेश थियो । उनले आफ्नै मौलिक राजमार्गको निर्माण गरेकी थिइन् । साहित्यिक मामलामा उनी हरेक कुराको नापतौल गर्थिन् । आफ्नो जीवन परिचालनमा उनी असफल भए तापनि लेखनमा उनी सफल थिइन् । उनको सिर्जनात्मक योगदान माथिल्लो स्तरको थियो । उनी यौनसाहित्यकी त सुनै थिइन् । त्यसैले उनी दिन दुईगुना र रात चौगुनाले माथिमाथि नै पुगिन् । उनी कति माथि पुगिन् भने महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठीले भनेझैं उनले 'प्रेमापथ' कै संसार स्थापित गरिदिइन् । ओजपूर्ण अनेक सिर्जनाका कारण नेपाली भाषासाहित्यका संसारमा उनी चिरञ्जीवी भइन् ।

# प्रेमा शाहको 'एउटै सम्भोग'

नेपाली भाषासाहित्यको आधुनिक कालखण्डकी एउटी सशक्त हस्ताक्षरको नाउँ हो– प्रेमा शाह । खास गरेर यौन (Sex) कथा विधाकी सशक्त हस्तीको नाउँ पनि प्रेमा शाह नै हो । यौनसाहित्यलाई दार्शनिक शैलीमा प्रस्तुत गर्ने हिम्मती शाहले 'म सूर्यसँग सम्भोग गर्छु ! आऊ मलाई सम्भोग गर !' भन्ने कविता वाचन गरेपछि त्यसको परिभाषा दिएर 'एउटै सम्भोग' शीर्षकमा एउटा कथा पनि लेखिन् । यो कथा लेखेपछि उनको साहित्यिक व्यक्तित्व झनै चुलिएको थियो । त्यस समयमा यस प्रकारका शब्द प्रयोग गरेर यस्तो कथा लेख्नु भनेको एउटा ठूलै चुनौती थियो । प्रेमा शाहको सेक्सबारेको कथालेखनका सन्दर्भमा उनीसँग नजिकै देखिएका र उनका समकालीन कवि द्वारिका श्रेष्ठले भनेका छन्– 'यौनसम्बन्धमा कसैले भन्न र लेख्न नसकेको समयमा प्रेमा शाहले यस विषयमा लिखित र मौखिक रूपमा खुलस्त प्रकाश पारेकी थिइन् । उनले नारीपुरुषबीचको यौन सम्बन्धका विषयलाई नयाँ दृष्टिकोणमा प्रस्तुत गरेर त्यस बेलै समाजमा हलचल मच्चाएकी थिइन् । त्यस बेलासम्म सेक्स भन्ने कुरा गुप्त व्यवहारमा मात्र सीमित थियो; तर उनले मान्छेको गोप्य अनुभवमा बसेको यौनको यथार्थ धरातल खुलस्त रूपमा बाहिर ल्याइदिइन् ।'

प्रेमा शाहको 'एउटै सम्भोग' नामक यौनकथा साहित्यिक मासिक 'मुकुट' को वर्ष ३, अङ्क ४ (पत्रिकामा मिति खुलेको छैन, तर त्यो अङ्क २०२२ सालतिरको हुनुपर्छ) मा प्रकाशित भएको

थियो । त्यस पत्रिकाको त्यस अङ्कका सम्पादकहरू थिए– गद्य साहित्यतर्फ पुरुषोत्तम बस्नेत, रमेश धिताल र पद्य साहित्यतर्फ कृष्णभक्त श्रेष्ठ, द्वारिका श्रेष्ठ । 'मुकुट' का मूल सम्पादक तथा प्रेमा शाहका प्रेमी पुरुषोत्तम बस्नेतका अनुसार 'एउटै सम्भोग' प्रेमाको 'आऊ मलाई सम्भोग गर' को विस्तारित रूप हो ।

प्रेमा शाह एउटा बेग्लै महादेशमा बसोबास गर्ने चमत्कारी नारीझैं थिइन् । त्यसैले तत्कालीन नेपाली समाजले उनलाई त्यतिसारो पचाउने काम पनि गरेन । महाकवि लक्ष्मीप्रसाद देवकोटालाई विश्वविख्यात मनोविशेषज्ञ अमेरिकन डा. बर्कले हिलले महात्मा बुझेर भनेका थिए– 'देवकोटाजस्तो मान्छे नेपालमा जन्मने नै होइन । उनी नेपालमा जन्मनु भूगोलको गल्ती (Geographical mistake) हो । पश्चिममा जन्मनुपर्ने मान्छे पूर्वमा जन्मेछन् ।' अनि प्रेमा शाह पनि देवकोटाकै 'उडी छुन चन्द्र एक' का हिसाबमा आँखै चिम्लेर अघि सरिरहिन् । त्यस बेलाका पुस्तामाझ प्रेमा सिर्जनाकी एउटी हर्कुलस्, हाइडेलबर्ग र बाइपङ्खी नारी नै थिइन् । तर पनि उनको इहलीला समाप्त भएपछि मात्र धेरैजसोले उनलाई एउटी दूरदर्शी स्रष्टा रहेछिन् भन्ने बुझे । त्यसैले उनको निधनपछि तँछाड र मछाड गर्दै लेखक तथा पत्रकारहरूको एक्कासि बढोत्तरी भयो । वास्तवमा देवकोटाझैं प्रेमा शाह नेपालमा जन्मनु जोग्राफिकल मिस्टेक अथवा भौगोलिक गल्ती नै थियो । चिन्नुपर्ने बेलामा उनलाई नेपालले चिनेन र उनले पनि युगअनुसार नेपाललाई चिन्ने प्रयास गरिनन् । तर उनी देशभक्त भने थिइन् । यसै सन्दर्भमा प्रेमाका भाइटीका लगाएका भाइ उपेन्द्र घिमिरेले भनेका थिए– 'प्रेमा दिदीलाई मुलुकले चिनेन; उनी परिबन्दमा परेर नै मुलुकबाट पलायन भइन् । तर उनको आत्मा नेपालमा नै थियो । उनी ठूली राष्ट्रवादी थिइन् ।'

प्रेमा शाहको चिन्तन मूलत: यौनदर्शन विषयलेखनमा नै केन्द्रित थियो । उनी सानै उमेरमा पनि परिष्कृत सोच राख्ने गर्थिन् । त्यस

बेला खास गरेर यौन अथवा सेक्सबारे यसरी खुलेर लेख्ने यिनका जोडा नारीपुरुष नै थिएनन् । प्रेमाले त २०-२२ वर्षको उमेरमै यौन (Sex) लाई एउटा दर्शनका रूपमा 'एउटै सम्भोग' का नाउँबाट व्याख्या नै गरिसकेकी थिइन् । उनको त्यो धारा अहिले आएर चर्चित छ, मननीय छ र देशदेशान्तरव्यापी छ । त्यति मात्र होइन त्यसपछि साहित्यमा यौन (Sex) को विषयवस्तुभित्र जतिले विचरण गरे सो देन प्रेमा शाहकै हो भनेर द्वारिका श्रेष्ठदेखि कृष्णभक्त श्रेष्ठसम्मले भन्दै आएका छन् । कृष्णभक्त श्रेष्ठका शब्दमा भन्ने हो भने, 'जीवन र यौनबारे प्रेमा शाह अति नै खुलस्त थिइन् । उनी आडम्बरी (Hypocrite) छँदै थिइनन् । त्यस बेला उनीजस्ती हिम्मती, क्रान्तिकारी र साहसी लेखक अरू थिएनन् ।'

प्रेमा शाहले 'एउटै सम्भोग' आफू २०-२१ वर्षकी हुँदा लेखेकी थिइन् । त्यही उमेरमा उनको यौनबारेको परिभाषा उच्चस्तरीय थियो । तर उनको सङ्कलनमा यो कथा सङ्गृहीत भएन । त्यसैले यौनदर्शन र चिन्तनमा आधारित उनको सर्वचर्चित यस कथालाई 'मुकुट' साहित्यिक पत्रिकाबाट 'विद्रोही प्राज्ञ : प्रेमा शाह' मा साभार गरिएको हो । यसै कथाले उनको यौन कथाकारितालाई समेत स्पष्ट रूपमा परिभाषित गर्नेछ ।

••

## एउटै सम्भोग

कहिलेकाहीँ म यो सोच्न बाध्य हुन्छु, त्यसो त सबैको एउटै प्रतिक्रिया छ यस विषयमा, एउटै मुख छ; तैपनि अपराधी प्रशस्त हुन्छन् यदि अपराध स्वयम् आत्मसमर्पण गर्न आउँछ भने । के मलाई यति भन्ने हक छैन ? त्यसो भए म वास्तविक अपराधी होइन । म आफैं अपराधको पछाडि कुदेको होइन, त्यसैले त हो, मलाई पच्छ्याएको ।

म अनाचारी रे किन ? क्या हो अनाचार, सदाचार के हो ? आचारको पनि मापदण्ड हुन्छ र ? कस्तो उरन्ठ्याउलो कुरा ! कोठाबाहिरै, घरको बाहिरै मैले त्यस जघन्य काम गरें, ओहो ! यो भित्रबाहिर भन्ने कुरा त एउटा मर्यादा हो, मान्छेको विवेकको आभास ! मान्छे आफूमा कति तटस्थ छ, त्यो बेग्लै कुरा ! किनकि आफ्नो तटस्थतासित मान्छेले सन्धि गरेको छ । त्यसबाट ऊ अलग्गिन सक्तैन ।

म जे गर्छु आफैंमा अडेर गर्छु, तर कुनै बेला केही गर्दा मैले आफूलाई छाडेको हुन्छु, त्यस बेला भने मेरो स्वतन्त्रतामाथि आक्षेप भइहाल्छ । मलाई थाहा छ, यस आक्षेपलाई मैले वहन गर्नु छ तर म आफूलाई अपराधी कहिल्यै ठान्दिनँ । घरभित्रै पनि पापको डङ्गुर कुहिन सक्छ भने यत्रो बखेडा किन ? मैले त झन् धर्मै गरेको हुँ खुला पार्कमा, ओपन एयरमा कुमारी मरियमलाई ऋतुदान दिएको हुँ । एडभेन्चरका लागि नै एउटी केटीलाई नङ्ग्याएको होइन । मैले यथार्थलाई साँचो अवस्थामा स्विकार्नु के मेरो अपराध हो ? केटीको आतुरता, उच्छृङ्खलतालाई पनि नचिनेको होइन मैले । अपराधहरू यहाँ धेरै छन् जसले स्वत: अपराधीहरू तैयार पारिदिन्छन् । मभन्दा ठूला अपराधी ती हुन् जो मलाई कानुनभङ्गको दोषारोपण गर्दै छन् ।

कानुनले कहाँ निषेध गरेको छ यौनसम्पर्कलाई ? म मान्दिनँ दुई मुठी बाक्लो पर्दामा मान्छेको लाज र मर्यादा झुन्डिएको छ भनेर । लाजै हो भने दुई जनाको बीच एउटै कोठामा पनि लाज हुन्छ, अँध्यारोमा एउटाले अर्कोलाई नङ्ग्याइदिनु पनि कहाँको मर्यादा हो ? त्यसैले नग्नतामा पानीपानी भएर छ्यालब्यालिएका अँध्याराका व्यभिचारी लाटोकोसेराहरूमाथि किन अपराधको दोष लगाइन्न ? हाम्रो कानुन अधकल्चै छ यहाँ । अगाडि कोरिएको लक्ष्मणरेखा भित्र होइन, त्यसभन्दा बाहिरको निकटतामा मर्यादा रहेको छ; त्यसलाई स्याहार्न पो सक्नुपर्छ ।

ओहो ! हिस्टिरियाले खाएकी त्यस केटीको पनि म यो अपराध कसरी भनूँ जो स्वयम्लाई यस शताब्दीको महापापले झोल्याइदिएको छ । तिमी एक चोटि उसलाई अँगालोमा बाँधी हेर, उसका झोल्लिएका स्तनहरू मैदा पीठाका गिला लुर्काहरूभन्दा कम घृणित छैनन् । यस अभिशप्त यौवनलाई तिमीले किन बोकेनौ ? कमसेकम हुन त सक्छौ । त्यसबाट ऊ तरी भने उसको लामो चुल्ठो समातेर जोकोही पनि वैतरणी पार हुन सक्छ । हेर, तिम्रो नाक चेप्रियो, तिम्रो ओठ बाङ्गियो । जेसुकै होस् यो सरासर अन्याय हो । जब मलाई सजायँ दिन्छौ, कति महिना थुनिनुपर्ने हो म ? यति थोरै तीन महिना... ! ए मैले अलि पैसा दिएँ भने त थुनिनु पर्दैन हगि ? बस, धन्यवाद !

तिम्रो निधार गाँठो पऱ्यो । हरे; मसित त्यति कहाँ छ र छुट्नलाई ! हातमा पैसा भएको भए त त्यही विशाल होटेलमा लगिहाल्थेँ नि; त्यस केटीलाई । तर होइन तिमी मलाई बुझ या नबुझ; त्यसो गरेको भए मैले साँच्चै कहाँ न्याय गर्न पाउँथेँ र ? त्यस केटीमाथि जसको कुमारी मरियमको सेतो मूर्तिमा टाँगिने रहर छ । म तुहाउन पनि सक्तिनँ उसको नजन्मेको यीशुलाई पेटभित्रै । मेरो आवश्यकता छ, यस मरियमलाई एउटै सम्भोग ! म दिन सकूँ उसलाई, ऊ कति मात्रामा फलवती हुन सक्नेछे ? मेरो आवश्यकता छ उसलाई; ऊ कुखुरी पनि होइन नि बतासे फुल पार्नलाई ।

यदि तिमी अनाचार नै भन्छौ भने मैले के नियमलाई तोडेको छ र ! मलाई यति थाहा छ, एउटा अँध्यारो कोठाभित्र कुनै कुमारीमाथि बलात्कार गर्न म सक्तिनँ । म साँच्चै तर्सेको छु, यी लाखौं बरालिएका नाङ्गा कुमारीहरूदेखि, जसले जीवनका कुनै नियमलाई निर्धारित गर्न सकेका छैनन् र कुनै गतिलाई बाँध्न सकेका छैनन् । खै उनीहरूको सतित्वको प्रमाणपत्र ? सीतालाई छोडिदेऊ, सावित्रीलाई पन्छाइदेऊ, यी खालि बकवास हुन् । यहाँ छ प्रश्न एउटा यीशुको ।

प्यान्जीका लहरहरूमा, पपीका गन्धमा, ट्युलिपको फाँट यो खुला पार्कमा मैले कस्तो डकैती गरेँ, सम्साँझै ! यो बलात्कार होइन थाहा छ । ऊ रोइन, चिच्च्याइन । पीडा त मलाई भएको थियो; उसभित्रको प्रचण्ड अग्निमा म झन्डै डढेँ । श्रापको घाँडो झुन्डचाइएको यौवनसित जुध्नु कति गाह्रो छ ? म फेरि भन्छु– यो बलात्कार होइन, राजीखुसीको सम्भोग हो । बुझ, कुनै स्वास्नीमान्छेमाथि त्यसै जाइलाग्न सकिँदैन; यदि उसको स्त्रीत्वले मन्जुर गरेको छैन भने ।

केरे म डन्क्वीजोट ? बतासे घट्टासित जुध्नु जस्तो हो रे ! म कसैलाई सम्झाउन चाहन्नँ । म पनि स्वयम् हारेकै छु सोझै तिमीहरूसित । जानीजानी टुङ्ग्याइदिएको छु मैले आफूलाई । भित्र म निस्फिक्री छु । सफलता हो, मेरो तटस्थता ! आजको साँझ लयालु छ । मेरी मरियम ! तिमी त मसित साँच्चै सहमत छौ, होइन त ! मेरी हिस्टिरिक केटी ! तिमीलाई यो पनि थाहा छ– के तिम्रो एडभेन्चरस हिरो पनि कहिलेकाहीँ त कतिको थाक्छ । आफूमै थाक्छ । थाहा छ, तिमी आएर मेरो सामुन्ने नतेर्सिदिएकी भए म पनि त्यसको केही घडीअघि नै गलेर बिलकुल हराइसक्ने थिएँ हुँला । यो पहेँलो साँझदेखि मैले सधैं चोट खाएको छु, वचनको होइन, आशङ्काको ।

तिमीसित मात्र होइन, मेरी मरियम ! अरू लाखौं फाटेका योनीहरूसित म परिचित भइसकेको छु । बीउको साँढेजतिकै मैले आफ्नो वीर्यको ऋण चुकाउँदै हिँडिदिनुपर्छ । म पुरुष हुँ । ‘पुरुष’ यही चोटले त मलाई मार्छ । तिमीले र मैले यो अपराध गरेका होइनौं, मरियम !

भन्नेलाई भन्न देऊ न, यो खुला पार्क त नन्दन वन हो । यहाँ जे हुनुपर्छ कर्मकै निमित्त हुनुपर्छ । मेरो आशङ्का तिमी मेट्न सक्छचौ के ? एउटा यीशु ! नभए एउटा वर्द्धमान ! केवल एउटै वर्द्धमान भए पनि पुग्छ । ऋस ! त्यसो भए यी तिम्रा र मेरा

लठारिएका लामालामा तिघ्रा होइनन् । ऋस ! यो पवित्र अल्टार हो । बलि देऔं हामी आफ्ना चोटहरूलाई लामो सुनसानको समक्ष, शान्त हलचलको समक्ष !

हामीले एकअर्कोलाई सहयोग गरेका छौं, मरियम ! आपसी भानले । मलाई सजाय दिन तम्सेका तिमीहरू ! मेरो वीर्यको अन्तिम स्खलन एउटा वर्द्धमान ! वर्द्धमान मेरो र कुमारी हामी दुवैको अर्को भयङ्करता हो । म कोठामा लुक्दिनँ । तिमी यसलाई अर्को अपराध मान्छौ भने लौ म आफैं नाङ्गिएँ । सम्पूर्ण नङ्ग्याइदिन्छु म यस केटीलाई पनि, तिमी के गर्छौ ? मलाई समात्छौ ? म बहुला होइन । के मलाई सहज बहुला भन्छौ ? वाह ! म त सद्धे मान्छे हुँ, सद्धे ! के बिग्रेको छ मेरो बिनाकारण तिमीहरूलाई ठटाउँदै हिँडेको छु ? बोल्न नहुने बोलेको छु ? सत्य यो हो, मेरो मनोविज्ञान बिग्रेको छैन । न तिमीहरू मलाई समाजद्रोही भन्ने आक्षेप नै लगाउन सक्छौ । यही हाम्रै बीचमा रहेको खाँचोलाई मैले छोड्दिएको हुँ ।

यही खाल्टोमा लाखौं भोका छन्, लाखौं प्यासा छन्, लाखौं नाङ्गा छन् । खानाको कुरा गर्दिनँ, जतातते पानीको मुहान यहाँ फुटेको छ र पनि मान्छे सुकेको घाँटी लिएर भयको भूतझैं चिच्च्याइरहेछन् । पानीको भेल अगाडि देखेर पनि तर्सने र तर्साउनेहरूको सम्भावना देखेर मलाई अन्योल लाग्छ । साँच्चै मान्छेको कहिल्यै नटुङ्गिने प्यास देखेर मलाई रुन मन लाग्छ । काकाकुलको नियति बोकेको मान्छे आफू हीन भएर पनि एउटा सरमलाई उसले च्यापेकै छ । अझै पनि कहाँ पाएको छ र मान्छेले भरपूर लुगा लगाउन । ती लाटा र लाटीदेखि लिएर स्लिवलेस रुचाउनेहरूसमेत बानी नपरेझैं अप्ठ्यारो मानेर आङको लुगा तन्काउँछन् । यसैलाई सरम भनेर म कसरी भनूँ ? जिउनुको बाध्यतालाई असमर्थ गधाले झैं जसोतसो घिच्याएर हिँडेको मान्छेको ढौँगको परिणति कीरा लागेको स्याउमा छ । सद्धे स्याउको परिकल्पना गर्ने हो भने बेलैमा फूलले फलको

नाइटो छाडेझैं मान्छेले जीउको एउटै पुँजी लगौंटीलाई पनि छोडिदिनुपर्छ । एक धरो लगौंटीले मात्रै मान्छेको झन् दुर्गति बनाइदिएको छैन र ? मैले पनि कम हारेको छैन । म हारिरहेकै छु यी प्राचीन अर्वाचीनहरूले दिएको एक धरो लगौंटीको निमित्त; एउटा भरपूर उज्यालोको समक्ष । यो मेरो असामर्थ्य ! भुलक्कडै भएर मैले बाटो बिराएको होइन । लाखौं आँखाहरूको अगाडि आँखा जुधाएर अहिलेसम्म लथालिङ्ग आफूलाई छोडिदिएकै छु ।

हक छैन कसैको पनि आफूलाई बिगार्ने । हो, मैले पनि कहाँ बिगारेको छु र आफूलाई । म त झन् आफ्नो साथै यस केटीको पनि भलो गर्ने पक्षमा पो छु । कहाँसम्म म यथार्थ छु, त्यो त थाहा लाग्ने नै छ । यो खालि मेरो सेन्टिमेन्ट नै भए पनि म यसमा खर्लप्प डुबेको छु । एक पक्षमा यो मेरो आत्मस्वीकृति नै सम्झिदिए हुन्छ । यो आत्मस्वीकृति मेरो आफ्नो सेन्टिमेन्टको ! साँच्चै म एबनर्मल भइरहें या भइरहेको छु । जेहोस् मलाई मस्त बनाएका छन् मृगको पेटमा रहेको कस्तूरीले झैं मभित्रका आफ्नै अफसोसहरूले । म हैरान छु । म मान्छे भएर जन्में, मान्छे साह्रो हुनुपर्छ, यो मैले ठानेको छु । मान्छे सत्य हो नि; सत्य साह्रै हुन्छ र यथार्थको वरै बाँच्ने मान्छेले सधैं भयङ्कर सम्भाव्यलाई बोकेको हुन्छ । नौलो आकस्मिकता उसको सामर्थ्यको परिचायक हुन्छ ।

जम्नुको पर्यायमा मलाई बरफ हुनु थियो अनि उज्यालिनुको हकमा मलाई सिङ्गै सूर्य हुनु थियो । तर नहुनुको चोटले मेरो काकाकुलको नियतिलाई बेसरी खँगारेको छ । सूर्य बन्ने आकाङ्क्षी म खै नाङ्गिएको । जीउ त सिङ्गो जलाउनुपर्छ निर्वाङ्गै यो बल्दो सूर्यलाई आत्मसात् गर्न । उघारिदिनै पर्छ अब मैले सम्पूर्ण आफूलाई । अफसोस, यो केको अवरोध ? के नाङ्गिने जति सबै पशु हुन् ? यही त एउटा चोट छ मैले सहन परेको । चोटै न हुन् यी पनि यीशुका काँध र हत्केलाका, जसले स्वयम् उनको सामर्थ्य र गरिमालाई

दुखाएका थिए । हो, यीशु भन्नासाथ अवरोध गर्छ त्यस श्रेष्ठताले मेरो स्थितिको मोडलाई । तर फरक छैन म पनि त त्यतिकै लिवरल छु । यीशु ! हाम्रो फासला फरक छ तापनि अल्टार त एउटै हो जहाँ मैले बेवकुफ भनाएर आफूलाई सभ्यहरूका लामो जुलुसअगाडि एक दिन सुम्पिदिनैपर्छ ।

आओ ! नङ्ग्याइदेओ मलाई ! म यस कुमारी सूर्यसित पनि सम्भोग गर्छु, दिउँसै अनगिन्ती नाङ्गा आँखाहरूअगाडि । यसपछि मलाई क्रुन्डयाइदिए पनि हुन्छ, अर्को नयाँ क्रसमा । तब मात्र म जितेर प्रायश्चित गर्न सक्नेछु, मेरो असङ्ख्य हारहरूको । आओ ! मलाई नङ्ग्याइदेओ !

ए, मलाई बिथोल्ने आफसोसहरूहो ! साँच्चै म नाङ्गिन तयार छु । आफ्नै यी अवयवहरूभित्र म लुक्न चाहन्नँ । यी पातला लुगाहरूको मलाई सम्मोहन छैन । खालि नाङ्गिने रहरले होइन, भित्रैदेखिको सत्यले मलाई हुँडलेको छ । मेरो विवेकले मलाई नाङ्गो नै हो भन्छ । खै मैले पनि त देख्न सकेको छुइनँ सम्पूर्ण आफूलाई । खै मैले पनि देखाउन, चिनाउन सकेको आफूलाई ? आह ! यथार्थ ! अनि लाखौं नैतिकता र विश्वासहरूको हत्या भएको छ । यसैले हामी भित्रभित्रै खै न्याय गर्न पाएका हामीले आफ्ना सच्चा प्राकृतिक मान्यताहरूमाथि ? खै सास फेर्न पाएका हामीले आफ्ना सच्चा प्राकृतिक मान्यताहरूमाथि ? खै सास फेर्न दिएको गुम्सिएका हाम्रा गर्भहरूलाई ? कहाँ उन्मुक्त छन् र यी शुक्रकीटहरू ? भोलिको सम्पूर्ण दायित्वलाई बोक्ने भएका यी लुरेहरूले भित्रभित्रै पिरोलेका छन् मलाई । साँच्चै म यिनीहरूको फुक्ने बाटो विस्तृत गरिदिऊँ त ? त्यसो भए मसितै ए शुक्रकीटका बाबुहो ! तिमीहरूले पनि खप्न सक्नुपर्छ कुमारी मरियम र कुमारी सूर्यको नग्न तेजलाई । आनन्दभन्दा पीडा बढ्ता हुनेछ आजको सम्भोगमा । त्यसैले सहन सक्ने भए तयार होऊ । तर एउटै सत्य छ कि तिमीहरू पनि निर्वाङ्गिनै पर्छ । यो उज्यालोमा, यिनै प्यान्जी र टयुलिपहरूका

लहरमा । म त सक्छु दुवै कुमारी मरियम र सूर्यलाई सन्तुष्ट गरेर गर्भादान दिन । यदि नाङ्गिनु यहाँ अवरोध मानिन्छ भने अर्को क्रसको व्यवस्था गरियोस् ।

अन्त्यमा नाङ्गिनु त छ नै सम्पूर्ण इमानदारीका निमित्त । आफूले यथार्थमा पाइलो टेक्दाटेक्दै पनि, यो भुइँको चिसोलाई स्पर्श गर्दागर्दै पनि, सत्यलाई कति लुकाइराख्ने ? केवल लँगौटीवालाहरूले निर्धारित गरिदिएको मर्यादामा नियतिलाई छोडिदिनु महान् बदनामी हो । क्रस ! ल्याओ ! हो; नजिकै, विरोधको निमित्त विरोध गर्नै परेको छ, मलाई आज नाङ्गिएर ! आत्मस्वीकृति मेरो यही नग्नता ! यही नग्नतालाई खप, ए ! मेरा असन्तोषी कुमारीहो ! तिमीहरू अवश्यै फलवती हुनेछौ !

आह ! म नाङ्गिएर क्रस चढ्दै छु, यी आवरणमा म मेरो द्वीपलाई गुम्स्याएर बाँधै राख्न चाहन्नँ । लेप्रोसीले समातेका मेरा द्वीपवासीहो ! आँखा खोलेर आफ्नो नग्नतालाई हेर, तिमीहरू हलुङ्गिनेछौ ।

**• प्रेमा शाह**

# प्रेमा शाहको जागिर

प्रेमा शाहको वैवाहिक जीवन भङ्ग भएपछि उनी कामको खोजीमा लागिन् । त्यसै बेला उनले आफ्नै गाउँठाउँको ठाकुरराम क्याम्पसमा सहायक प्राध्यापकको काम पाइन् । त्यहाँ उनले २०३३ साल माघ २२ गतेदेखि २०३४ साल पुस मसान्तसम्म प्राध्यापनको काम गरेकी थिइन् । खासमा त्यस क्याम्पसका प्रमुखसँग कुरा नमिलेपछि उनी त्यहाँबाट बाहिरिएकी थिइन् ।

प्रेमा शाह कामको खोजीमा काठमाडौं पसिन् । तर उनले पढेको विषयको काम हात पार्नबाट उनी वञ्चित थिइन् । त्यस बेला अर्थात् २०३५ सालसम्ममा यिनका पुराना मित्रहरूमध्ये धेरैजसो यीदेखि टाढाटाढा पुगिसकेका थिए । अनि त्यसै बखत यिनले आफ्नै बुताबाट पाटन औद्योगिक क्षेत्रमा सानोतिनो काम पाएकी थिइन् । तर त्यस कामबाट उनलाई मानसिक शान्ति हुन सकेन । त्यसपछि यिनले बानेश्वरको एभरेस्ट सेराटन होटेलमा जागिरका लागि पहल गरिन् । अन्ततः त्यहाँ उनको जागिर पनि हाजिर भएको थियो । होटेलको जागिरबाट उनी सन्तुष्ट त थिइनन् तर पनि उनले रङ्गीबिरङ्गी दैनिकीमा आफूलाई नै भुल्न थालेकी थिइन् ।

एभरेस्ट सेराटन होटेलमा जागिर खाएकै फेरोमा प्रेमा शाहको दोस्रो विवाह भएको थियो । वैवाहिक जीवनबाट पुनः अलग भएपछि उनले छोरी पनि जन्माइसकेकी थिइन् । छोरी पाएपछि उनलाई

काठमाडौंमा बस्नै मन लागेन । २०३७ सालको कुरा हो; उनी सुत्केरी अवस्थामा नै सर्लाहीको जुटपानीतिर लागिन् ।

प्रेमा शाहलाई सर्लाहीको जुटपानीमा नेपाल पुनर्वास कम्पनीले डेढ बिघा जग्गा दिएको थियो । धनुषाको भिmजाका डाँकूलाई सरकारले बसोबास गराएकै ठाउँ पनि त्यही थियो । प्रेमाकी आमाले उनलाई त्यही जग्गामा सानो भिmगटी खपडाको छानो भएको झुप्रो बनाइदिएकी थिइन् । उनकी आमा वीरगन्जबाट उनलाई भेट्न त्यहाँ पुगिरहन्थिन् र छोरीलाई भेट्न आएका बेला उनी केही दिनसम्म त्यतै बस्ने गर्थिन् । वासुदेवशरण कोइरालाका अनुसार 'डाँकाहरू बस्ने ठाउँ भएकाले त्यहाँ बस्न डरमर्दो नै थियो । तर बाध्य नै भएर पनि होला उनी त्यहीँ बस्थिन् ।'

स्थानीय समाजसेवी तथा राजनीतिज्ञ वासुदेवशरण कोइरालाले त्यस डर लाग्दो ठाउँमा साहित्यकार प्रेमा शाह बस्छिन् भन्ने थाहा पाए । त्यही झुप्रेघरमा गएर उनले प्रेमासँग परिचय पनि गरे । त्यस बेला प्रेमासँग उनकी शिशु अवस्थाकी एउटी छोरी पनि थिइन् । प्रेमाको लगाउने, खाने र बस्ने स्थितिको कोइरालाले नजिकैबाट अध्ययन गरे । त्यस बेला उनी छक्कै परे । त्यो घटनाबारे कोइरालाले भने– 'मैले प्रेमा शाहको दयनीय अवस्था देख्तै जान थालेँ । उनी मान्छेसँग घुलमिल हुन पनि चाहन्नथिइन्; त्यस बेला उनी एकान्त ठाउँमा मात्रै बस्न मन पराउँथिन् । एउटी सम्पन्न परिवारमा जन्मेकी राजकुमारीजस्ती नारीलाई विपन्न अवस्थामा देख्ता मलाई धेरै नरमाइलो लागिरह्यो । त्यसमाथि उनको शिशुलाई देख्ता मेरो मन पनि कुटुकुटु खाइरह्यो ।'

वासुदेवशरण कोइराला प्रेमा शाहका घरमा प्राय: जान थाले । प्रेमा पनि क्रमश: कोइरालासँग खुल्न थालिन् । मानौं उनी त्यस बेला आफ्ना घरमा कोइराला आइरहे हुन्थ्यो भन्ने मनस्थितिमा पुगेकी थिइन् । अनि कोइरालाले पनि उनलाई आफ्ना घरमा बराबर

आउन अनुरोध गरे । साथै प्रेमाको विपन्न अवस्था देखेपछि उनलाई नवजीवन विद्याश्रममा आएर पढाउन अनुरोध गरे ।

नवजीवन विद्याश्रमका संस्थापकचाहिँ प्रेम प्रधान थिए । उनी दार्जिलिङको खर्साङनिवासी थिए तर जुटपानीमा पनि उनको घर थियो । उनले २०३७ सालमा आफ्नै घरमा त्यस स्कुलको स्थापना गरेका थिए । स्थापनाकालदेखिकै त्यस स्कुलका अध्यापक प्रेमप्रसाद आचार्यका अनुसार '२०४२ सालमा वासुदेवशरण कोइराला र प्रेम प्रधानले मतो गरेर स्कुलका लागि पुनर्वासबाट जग्गा लिएर भवन बनाएका थिए । प्रधान शिक्षासेवीका साथै इसाईधर्मका प्रचारक पनि थिए । तर उनले स्कुलमा कहिले पनि धर्मको प्रचार गरेनन् । उनले विदेशबाट पैसा ल्याएर उक्त स्कुल चलाएका थिए । त्यस स्कुलमा पाँच सयजति विद्यार्थी हुन्थे र प्रधानले अनाथहरूका लागि खोलेको छात्रावासमा ७५-८० जनाजति विद्याथीले निःशुल्क खाना खाएर बस्न पाउँथे ।'

प्रेम प्रधानले अनाथका लागि नवजीवन विद्याश्रमको स्थापना गरे तापनि त्यस स्कुलमा धनी, गरिब सबै पढ्थे । त्यसै स्कुलमा पढ्ने प्रेमाकी छात्रा रुक्मिणी त्रिपाठीका अनुसार प्रधान गाउँगाउँमा गएर गरिबका छोराछोरी र अनाथ खोजेर ल्याउथे । त्यस स्कुलमा शिक्षकलाई सर र मिस भन्न पाइँदैनथ्यो । सबैलाई दाजु र दिदी भन्नुपर्थ्यो ।

वासुदेवशरण कोइराला पनि जुटपानी सर्लाहीको नवजीवन विद्याश्रम स्कुलका दाता र स्कुलका संस्थापक सचिव थिए । कोइरालाको मानवतावादी नीतिबाट प्रेमा गल्न थालिसकेकी थिइन् । त्यसैले उनी २०३७ सालदेखि नै त्यही स्कुलमा पढाउन पनि जान थालिन् । उनले त्यहाँ आठ कक्षासम्मका विद्यार्थीलाई अङ्ग्रेजी, नेपाली र सामाजिक शिक्षा विषय पढाउँथिन् । स्कुलमा पढाउने क्रममा उनी आफ्नी छोरीलाई पनि सँगै लिएर जान्थिन् । उनी जाडोमा एउटा कालो

ओभरकोट लगाएर स्कुल जान्थिन् । कोइरालाका अनुसार उनी ओभरकोटको गोजीमा छोरीलाई राखेर हिँड्थिन् ।

वासुदेवशरण कोइरालाका अनुसार 'प्रेमा पहिला झोक्राएर बस्थिन् । तर उनी बिस्तारै सबैसँग खुल्न थालिन् । उनी स्कुलमा पढाउन थालेपछि केही हँसिलो हुन थालिन् । यति हुँदाहुँदै पनि उनी अव्यावहारिकचाहिँ थिइन् । तर उनले आफ्नो स्पष्टवादी नीतिको परिचय दिन पनि छाडिनन् । उनी छुवाछुतको विरोधी थिइन् । उनी मेहनत गरेर पढाउने गर्थिन् । उनका विद्यार्थी उनीसँग खुसी थिए । स्कुलमा कहिलेकाहीँ उनी कविता पनि सुनाउने गर्थिन् । विद्यार्थीले उनलाई सम्मान गरे तापनि अविभावकहरूले चाहिँ उनलाई रुचाउँदैनथे ।' यसै सन्दर्भमा उपेन्द्र घिमिरेले भनेका थिए– 'प्रेमा शाह अत्यन्तै खरो स्वभावकी थिइन् । उनी कसैलाई टेर्दिनथिइन् । उनी ज्यादै भावुक पनि थिइन् । उनी मसिना कुराले पनि चित्त दुखाउने गर्थिन् । उनलाई सम्मान गर्नेसँग उनी सारै नरम भएर प्रस्तुत हुन्थिन् र सहयोगी पनि बन्ने गर्थिन् ।' त्यसै गरेर त्यस स्कुलका प्रधानाध्यापक मेघराज कोइरालाले प्रेमा शाहको योग्यताको बयान गर्न कहिल्यै छाडेनन् । उनका अनुसार 'प्रेमाले नै शिशुकक्षामा अङ्ग्रेजी गीत सिकाउने सुरुवात गरेकी थिइन् । उनका पालामा त्यस स्कुलमा विद्यार्थी पनि अनुशासित थिए । उनी साह्रै लगनशील थिइन् । उनलाई फुर्क्याएर काम लगाउनुपर्थ्यो नत्र उनी कसैको अदबमा बस्तिनथिइन् । रिस उनको टाउकामा नै थियो तर उनी तुरुन्तै पानी हुन्थिन् । उनैका पालादेखि स्कुलमा साप्ताहिक कविता गोष्ठीको कार्यक्रम सञ्चालित थियो । कविता भनेर उनी पनि सबैलाई मुग्ध पार्थिन् ।'

प्रेमा शाहमा आर्थिक अनुशासन पटक्कै थिएन । साथै उनीमा पैसाको लोभ पनि थिएन । उनले स्कुलबाट तलब पाएको दिन कोही गरिब पाइन् भने आफूलाई महिनादिनसम्म खाने हिसाबै नराखेर पनि उनी पैसा बाँड्न थाल्थिन् । उनकी छात्रा रुक्मिणी त्रिपाठीका

अनुसार 'पैसा हात पर्नेबित्तिकै अरूलाई खुवाइहाल्ने र पैसा सकिहाल्ने प्रेमा शाहको बानी थियो । खास गरेर गरिबलाई खुवाउन पाएपछि उनलाई सन्तोष लाग्ने गर्थ्यो । त्यसैले उनले पैसाको जोहो पनि गरिनन् । उनी साह्रै कमलो हृदयकी थिइन् ।'

नेपाली काङ्ग्रेसका मध्यमाञ्चलका कार्यकर्ताहरूको राय बुझ्न बीपी कोइराला, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइरालाका साथमा पुरुषोत्तम बस्नेतसमेत रहेको टोली २०३७ साल फागुन १५ गते सर्लाही पुगेको थियो । त्यस दिन उनीहरू वासुदेवशरण कोइरालाकै घरमा बसेका थिए । त्यस बेला बीपीहरूलाई भान्सा गराउनेहरूमध्ये एक जना प्रेमा शाहले पनि सघाउने निधो भएको थियो । यसै सन्दर्भमा वासुदेवशरण कोइरालाले भने, "किन हो कुन्नि उनी त्यस बेला त्यहाँ उपस्थित हुन सकिनन् । पछिपछि मैले कुरा बुझ्दै जाँदा त्यस हूलमा पुरुषोत्तम बस्नेत पनि भएको थाहा पाएर उनी त्यस बेला त्यहाँ उपस्थित हुन सकेकी थिइनन् ।"

•

प्रेमा शाहले आफू प्राध्यापन पेसामा नै रहेर काम गर्ने रुचि राखेकी थिइन् । त्यसैले सो कार्यका लागि उनी २०४० साल मङ्सिरको मध्यतिर नेपालगन्ज लागिन् । त्यहाँ उनी महेन्द्र बहुमुखी क्याम्पसमा पढाउन थालिन् । सनत रेग्मीका अनुसार 'प्रेमा शाहका लागि नेपालगन्जमा बस्ने वातावरण अनुकूल थिएन । उनलाई स्थानीय प्राध्यापकहरूसँग मिलेर काम गर्न पनि सजिलो भएन ।' त्यसैले उनी त्यहाँ एक हप्तासम्म मात्र टिक्न सकिन् । त्यसपछि उनी त्यहाँबाट हिँडिन् र सर्लाहीकै नवजीवन विद्याश्रममा प्रवेश गरिन् । अनि उनी आफ्नो हरहिसाब मिलाउन र कागजपत्र लिन अर्को महिनातिर फेरि नेपालगन्ज गइन् । आफ्नो काम सकेर उनी फेरि सर्लाहीमा नै फर्केकी थिइन् । त्यसपछिका दिनहरूमा चाहिँ उनले आफ्नो र आफ्नी छोरीको भविष्यप्रतिको चिन्तामा मात्रै आफूलाई केन्द्रित गरिरहिन् ।

•

प्रेमा शाह स्तरीय जागिरकै खोजीमा थिइन् । त्यही सिलसिलामा उनले वीरगन्जको ठाकुरराम क्याम्पसमा उपप्राध्यापकको पद खुलेको थाहा पाइन् । अनि उनी २०४१ सालमा त्यता गइन् । उपप्राध्यापकको अन्तर्वार्तामा सामेल हुन उनले बौद्धिक कसरत गरिन् । त्यस बेला वासुदेव त्रिपाठी त्रिभुवन विश्वविद्यालयको नेपाली केन्द्रीय विभागका प्रमुख थिए । त्यही नाताले नेपालीविषयक उपप्राध्यापकको अन्तार्वार्ता लिन उनी वीरगन्ज गएका थिए । प्रेमा अन्तर्वार्ता दिन छोरी बोकेरै उक्त क्याम्पस पुगेकी थिइन् । त्यो दृश्य हेरेर उनका गुरु त्रिपाठीले उनलाई सोधेका थिए– 'घरमा नानी हेर्ने मान्छे थिएनन् र ?' अनि प्रेमाले मुन्टो हल्लाएर उत्तर दिएकी थिइन्– 'कोही छैनन्, सर !'

त्यस बेला त्रिभुवन विश्वविद्यालयको पदाधिकारीहरू गुहारेर प्रेमाकै सन्दर्भमा त्रिपाठीले उनीहरूलाई अनुरोध गरेका थिए– 'नेपाली साहित्यमा प्रेमा शाह एउटा बेग्लै आयाम बोकेकी नवोदित तर स्थापित स्रष्टा हुन् । उनी त्रिभुवन विश्वविद्यालयमा प्रवेश हुनु भनेको हाम्रो पनि इज्जत नै हो । उनी मेरी विद्यार्थी पनि हुन् । मैले उनलाई एमएमा दुई वर्ष पढाएँ । उनीजस्ती प्रतिभाशाली, मेहनती र योग्य छात्रा मैले कमै देखेको छु । उनीजस्ती उच्च कोटिकी स्रष्टा सानो काखेनानी बोकेर आएकी छिन् । उनलाई अरूहरूलाई झैं लामो अन्तर्वार्ता नलिई सामान्य औपचारिकताको अन्तर्वार्ता मात्र लिनुपर्ला ! एउटा उपप्राध्यापक पद सुरुमा नै प्रेमालाई छुट्ट्याइदिऊँ ।' त्रिपाठीका सल्लाहमा केन्द्रीय पदाधिकारीलगायत क्याम्पस प्रमुख डा. मोहनप्रसाद लाखे र अरू अन्तर्वार्ताकारहरूले आआफ्ना बूढी औंला थिचिदिएपछि प्रेमाले सहज रूपमा नै उपप्राध्यापक पदमा जागिर पाएकी थिइन् । तर दुर्भाग्य ! प्रेमा शाहले काम गर्न थालेपछि क्याम्पस प्रमुख डा.लाखेसँग उनको विचार र व्यवहार मिल्दै मिलेन । महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठीका अनुसार 'डा.लाखे अनुशासनप्रिय थिए ।'

अनि डा.लाखेसँग प्रेमाको कुरा नमिलेपछि उनले त्यहाँबाट हात धोएकी थिइन् । त्यस क्याम्पसमा उनी पाँच, छ महिनासम्म मात्र अडिएकी थिइन् ।

ठाकुरराम क्याम्पसबाट प्रेमा शाह पुनः आफूले पढाउँदै आएको नवजीवन विद्याश्रम स्कुलमा नै फर्केर आइन् । उनकी छोरी जलले पनि त्यही स्कुलमा पढेकी थिइन् । त्यही स्कुलमा पढाउने शिक्षक तथा उनका भाइटीका लगाएका भाइ उपेन्द्र घिमिरेका अनुसार त्यसै स्कुलबाट उनकी छोरी जल शाहले २०५२ सालमा एसएलसी परीक्षा दिएकी थिइन् । छोरीको परीक्षा सकिनासाथ जललाई नृत्य सिकाउनु छ भनेर प्रेमा शाह काठमाडौं आइन् । त्यसपछि उनी फर्केर त्यहाँ गइनन् ।

# प्रेमा शाहको उत्तरार्ध र जल शाह

रमेश कर्माचार्यबाट गर्भाधारण भएपछि कर्माचार्यको जीवनबाट प्रेमा छुट्टिएकी थिइन् । त्यसपछिका दिनमा पनि उनले खानु हन्डर खाएकी थिइन् । दयनीय आर्थिक अवस्थामा पनि उनले सन्तान जन्माएकी थिइन् ।

प्रेमा शाह कहिले कता लागिन्, कहिले कता हिँडिन् तर जताजता पाइला चाले तापनि उनको खोकिलामा जल शाह नै टाँस्सिएकी थिइन् । उनको ध्यान आफ्नी छोरीलाई शिक्षादीक्षा दिनमा नै केन्द्रित थियो । जल उनकी प्राण थिइन् । जललाई हुर्काउन उनले हरेक कसरत पनि गरिन् । त्यस बेला जल शाह अति नै राम्री थिइन् । छन्दविनोद दाहालका अनुसार 'जल शाह सानामा पनि बिछट्टै राम्री थिइन् । उनी गुडियाजस्ती लोभलाग्दी थिइन् । सर्लाहीको जुटपानीमा पुगेका बेला मैले शिशुकालमा नै उनलाई काखमा राखेर खेलाएको पनि थिएँ ।'

छोरीलाई लेखाउँदै र पढाउँदै प्रेमा पुनः काठमाडौंमा आइन् र उनले यतै डेरा जमाइन् । छोरी किशोरावस्थाबाट उक्लेपछि चलचित्रहरूमा अभिनय गर्न जान थालिन् । हुँदाहुँदै एक दिन उनकी छोरी जल शाह नेपाली चलचित्रजगत्की नायिका भएर देखा परिन् । जल शाहकै प्रसङ्गमा प्रा.डा. वासुदेव त्रिपाठीले भने– 'प्रेमा शाहलाई मैले जतिपल्ट भेटेँ उनीसँग जल शाह टाँस्सिएकै हुन्थिन् । उपप्राध्यापक पदको अन्तर्वार्ता दिन आँउदा पनि उनले बच्चा च्यापेर नै ल्याएकी

थिइन् । जल जन्मेपछि उनले जनसम्पर्कबाट पनि आफूलाई अलग्गै राख्न चाहेको देखियो । प्रेमाले आफ्नी छोरीबाट जति अपेक्षा राखेकी थिइन्, जल शाहले पनि त्यति नै नेपाली सिनेजगत्मा ख्याति कमाइन् । उनी चर्चित र प्रतिभाशाली नायिकाकै रूपमा स्थापित भइन् । त्यसैमा प्रेमा शाहलाई आत्मगौरव पनि थियो ।'

प्रेमा शाह ललितपुरको लगनखेलमा भाडाको घरमा बस्थिन् । त्यस बेला प्रेमाको काम छोरी जल शाहलाई चौबीसै घण्टा पहरा दिने मात्र थियो । जलको जताजता छायाङ्कन हुन्थ्यो त्यतात्यता प्रेमा जान्थिन् । छायाङ्कन समूहका प्रत्येकले प्रेमालाई आदर, सम्मान र जल शाहले भनेझैं ममी नै भन्थे । त्यसैले उनी छोरीको चलचित्रको छायाङ्कनमा थप रत्तिएकी पनि थिइन् ।

प्रेमापुत्री जलले १५ वर्षकै उमेरदेखि ३५ वर्षसम्म लगातार चलचित्रमा अभिनय गरेकी थिइन् । उनले 'श्रीस्वस्थानी व्रतकथा' चलचित्रबाट अभिनय आरम्भ गरेकी थिइन् । उनले पचासवटाजति चलचित्रमा अभिनय गरिन् । तर प्रेमा शाहलाई अत्यधिक मन परेका चलचित्रहरूचाहिँ– बुहारी, बादलपारि र नेपाली बाबु थिए ।

सुरुमा प्रेमा शाह, प्रेमा शाह नै भएर चिनिए तापनि छोरीको बढ्दो जनप्रियताका कारणले कालान्तरमा उनी जल शाहकी आमा भएर पनि चिनिन थालिन् । जल शाहले पनि आफ्नी आमाको प्रभावबाट कविता लेखिन् । जल शाहचाहिँ २०६३ सालको सुरुमा संयुक्त राज्य अमेरिका पुगिन् । अनि उनले आफ्नी आमालाई पनि त्यहीँ पुऱ्याइन् । यात्राको कुरा गर्ने हो भने प्रेमाले नेपाल राज्यका विभिन्न ठाउँका अतिरिक्त भारत, हङकङ, थाइल्यान्ड, जापान, कतारको भ्रमण गरिसकेकी थिइन् । जीवनको उत्तरार्धमा उनी आफ्नै छोरीसँग अमेरिकामा नै बस्न थालिन् ।

वास्तवमा जल शाह प्रेमाकी छोरी मात्र थिइनन् । उनी प्रेमा शाहको जीवनमा करुणा, भर र संरक्षणकी देवी पनि थिइन् । जल

शाहले पनि छोरी पाइन् र प्रेमाबाटै ती छोरीको नाउँ 'कलश' राखियो । जल, कलशकै मायामा बाँधिएर प्रेमाले आफ्नो सम्पूर्ण आकाशको परिक्रमा गरेकी थिइन् ।

•

नेपाली भाषासाहित्यकी अमर प्राज्ञ प्रेमा शाह आफ्नी छोरी जल शाहसँग युटाह राज्यको साल्टलेक सिटीमा बस्ने गर्थिन् । उनी आफ्नी छोरीज्वाइँ र नातिनीसँग खुबै रमाएर अमेरिकामा बसेकी थिइन् । तर उनी शारीरिक रूपबाट क्रमश: खस्कन थालेकी पनि थिइन् । पछिल्ला दिनहरूमा आफ्नी छोरी जलसँग उनी प्राय: सधैं पेट दुख्यो भनिरहन्थिन् ।

प्रेमा शाहलाई घाँटीमा थाइरायड भएको थाहा भयो । उनको शरीरले कष्ट भोग्न थालेपछि उनलाई अमेरिकाको युटाह राज्यको साल्ट लेकस्थित इन्टर माउन्टेन अस्पतालको आइसियुमा उपचारार्थ भर्ना गरिएको थियो । तर उनलाई अस्पतालमा भर्ना गरिएको सात दिनमा मात्र उनको वास्तविक रोग पत्ता लागेको थियो । त्यतिन्जेलमा उनलाई क्यान्सर (Non hodgkin's lymphoma) ले गाँजिसकेको रहेछ । अनि त्यो रोग लागेको थाहा पाएको भोलिपल्टै सोही अस्पतालमा उनको स्वर्गारोहण भएको थियो । भनौं २०७४ साल पुस ५ गते नेपाली भाषासाहित्यकी एउटी वीराङ्गनाको भौतिक चोलाको अन्त्य भएको थियो ।

प्रेमा शाहको अमेरिकामा नै निधन भए तापनि नेपाली हिन्दू परम्पराअनुसार भुटानी गुरुबाट अन्त्येष्टि गरिएको थियो । त्यस घडी प्रेमाका एमए पढेदेखिकै सहपाठी प्रा. पीताम्बर शर्मा दाहाल पनि प्रेमाको मलामी गएका थिए । उनका अनुसार अन्तिम समयमा पनि प्रेमाको मुहार चम्किरहेकै थियो । सुरेशदर्पण पोखेलका अनुसार प्रेमालाई नेपालको राष्ट्रिय झन्डा ओढाइएको थियो । उनको पार्थिव शरीरमा उनकी छोरी जल शाहले दागबती दिएकी थिइन् । यदि

मान्छेभित्र मन, वचन र कर्म जीवित रहन सक्यो भने संस्कार पनि बाँचिरहन्छ भन्ने सग्लो प्रमाण त्यस घडी जल शाहले प्रस्तुत गरिदिएकी थिइन् ।

प्रेमा शाहलाई दागबती दिएपछि जल शाहका लागि त्यहाँ साह्रै असजिलो अवस्थाको सिर्जना भएको थियो । त्यस समय उनी आफ्नी दिवङ्गत आमा प्रेमा शाहको छातीमा टाउको जोडेर डाँको छोडिरहेकी थिइन् । त्यसै बखत उनलाई त्यहाँबाट टाउको उठाउन शवयन्त्रले सूचना दिएको थियो । त्यसपछि यान्त्रिक मेसिनले एकैछिनमा बिजुलीको शवदाहगृहभित्र प्रेमालाई प्रवेश गराएको थियो । अनि केही समयभित्रै उनको भौतिक चोला भस्मसात् भएको थियो ।

•

जुनसुकै बेला पनि प्रेमा शाहको आफ्नो मुड थन्क्याउने भाँडो रचना नै हुन्थ्यो । स्वर्गको काखमा बस्नुअघि पनि उनले एउटा गीतिकविता कोरेकी थिइन् । अनि उनले आफ्नो डायरीमा कोरेका यही शब्दरचना उनको जिन्दगीकै अन्तिम गीतिकविता बन्यो । उनको भौतिक चोला कविता सिर्जनाबाट नै उदाएको थियो र कविता रचनासँगसँगै अस्ताएको थियो :

'सबै ऋतु उस्तै
दिनको उज्यालो, रातको अँध्यारो
मनको आँखालाई उस्तैउस्तै
यो मन
नाङ्गो, उदाङ्गो, रित्तो
संवेदनहीन मन
प्रलयपछिको शून्यजस्तै
न जन्म मन
न मृत्यु मन !'

# सन्दर्भस्रोत

**उत्तम कुँवर**
स्रष्टा र साहित्य (चौथो संस्करण : २०५०)

**कञ्चन पुडासैनी**
स्मृतिको यात्रा : मनको डोब (२०३७)

**घटराज भट्टराई**
नेपाली लेखक कोश (२०५६)

**प्रा.डा. दयाराम श्रेष्ठ**
नेपाली कथा र कथाकार (२०७०)

**नइ प्रसाई**
विश्व नारी नेपाली स्रष्टा कोश (२०७१)

**प्रा.डा. नयना प्रधान**
पहेँलो गुलाफ : फूलभित्रका कथाहरू (२०६९)

**नरेन्द्रराज प्रसाई**
नारीचुली (२०६३)

**नरेन्द्रराज प्रसाई**
पारिजातको जीवनकथा (दोस्रो संस्करण : २०६३)

**नरेन्द्रराज प्रसाई**
देवकोटाको जीवनशैली (२०६६)

**प्रमोद प्रधान**
नेपाली बालसाहित्यको इतिहास (२०५७)

**प्रा. राजेन्द्र सुवेदी**
समसामयिक नेपाली उपन्यास (२०७२)

**लक्ष्मीकुमारी घिमिरे**
प्रेमा शाहको जीवनी र व्यक्तित्व (२०७०)

**मुकुट** साहित्यिक पत्रिका (२०१९-२०२२)

**उपत्यका** सामयिक सङ्कलन (२०२८)

साथै–

इन्दिरा प्रसाई, उपेन्द्र घिमिरे, काशीनाथ तमोट, कृष्णभक्त श्रेष्ठ, गणेश रसिक, प्रा.छन्दविनोद दाहाल, जल शाह, टेकवीर मुखिया, द्वारिका श्रेष्ठ, प्रा.डा.डिल्लीराज शर्मा, डा.ध्रुवचन्द्र गौतम, प्रा.पीताम्बर शर्मा दाहाल, पुरुषोत्तम बस्नेत, पुष्कर लोहनी, प्रेमप्रसाद आचार्य, प्रेमा शाह, भागीरथी श्रेष्ठ, भानुप्रकाश जोशी, मेघराज कोइराला, राजकुमार श्रीवास्तव, रुक्मिणी त्रिपाठी, प्रा.डा.वासुदेव त्रिपाठी, वासुदेवशरण कोइराला, सनत रेग्मी, सुरेशदर्पण पोखेल, सोमनाथ घिमिरे, हिरण्य भोजपुरे ।

# लेखक परिचय

**नरेन्द्रराज प्रसाई**

**बुबा, आमा** : जयप्रसाद प्रसाई (१९७५-२०२०) तथा भागीरथा प्रसाई (१९७६-२०६८); **जन्म** : २०१२ साल वैशाख १ गते (हाङपाङ आठराई, ताप्लेजुङ); **शिक्षा** : स्नातक; **कृति** : ७७ पुस्तक (जीवनी, निबन्ध, प्रबन्ध, गीत, समीक्षा, अन्तर्वार्ता, सम्पादन); **विभूषण र पुरस्कार** : प्रबल गोरखादक्षिणबाहु, गद्दीआरोहण रजतपदक, वीरेन्द्रऐश्वर्य सेवापदक, भानुभक्त प्रज्ञा पुरस्कार, भानुभक्त स्वर्णपदक, राष्ट्रिय गौरव युवासम्मान, जेसिस साहित्य स्वर्णपदक, युवावर्ष मोती पुरस्कार, उत्तमशान्ति पुरस्कार, दीपज्योति पुरस्कार, भद्र घले पुरस्कार, देरुनीख पुरस्कार, भारती खरेल पुरस्कार; **भ्रमण** : १४ अञ्चलका ६१ जिल्ला तथा भारत, चीन, बङ्गलादेश, थाइल्यान्ड, द.कोरिया, बेलायत र अमेरिका; **परिकल्पना तथा प्रबन्धन** : राष्ट्रकविको उपाधि, देवकोटा शताब्दी महोत्सव, अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन, विश्व नारी नेपाली साहित्य सम्मेलन, शताब्दी पुरुषको उपाधि, आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समिति (नेपाल सरकार), सत्यमोहन जोशी शताब्दी महोत्सव, नेपाल-भारत नेपाली भाषासाहित्य प्राध्यापक सम्मेलन आदि; **संस्थापक** : त्रिमूर्ति निकेतन र नइ प्रकाशन ।

**कृति** :

**जीवनी**

१. अठतीस अनौठा अनुहारहरू (२०४१)

२. केही चर्चित अनुहारहरू (२०४२)

३. समाजका केही चिन्तक (२०४७)
४. नेपाली भाषाका प्रमुख समालोचक (२०५४)
५. पारिजातको जीवनकथा (२०५७)
६. नेपाली सङ्गीतका शिखर (२०५९)
७. बाङ्देलको जीवनयात्रा (२०५९)
८. The Glory of Nepal* (2003)
९. The Legend of Literature* (2003)
१०. आदिगायक सेतुराम (२०६०)
११. दौलतविक्रम विष्टको परिक्रमा (२०६०)
१२. कोइलीदेवीको जिन्दगानी (२०६१)
१३. नारीचुली (२०६३)
१४. प्रथम नारीस्रष्टा : ललितत्रिपुरसुन्दरी (२०६४)
१५. कीर्तिबाबु (२०६६)
१६. देवकोटाको जीवनशैली (२०६६)
१७. महाकवि देवकोटा (२०६६)
१८. त्रिमूर्ति (२०६९)
१९. रोहितको आकृति (२०६९)
२०. नेपाली साहित्यका विश्व नारी रत्न : वानीरा गिरी (२०७०)
२१. त्रिनारी रत्न (२०७१)
२२. विश्व नारी नेपाली स्रष्टाकोश* (२०७१)
२३. भानुभक्त आचार्यको जीवनवृत्त (२०७१)
२४. शताब्दी पुरुष : सत्यमोहन जोशी (२०७२)
२५. सूधपा (२०७३)
२६. The Great Poet of Nepal* (2017)
२७. Century Person : Satya Mohan Joshi* (2017)
२८. विद्रोही प्राज्ञ : प्रेमा शाह (२०७५)

**निबन्ध**

२९. मेरो प्यारो कञ्चनजङ्घा (२०४८)

३०. मेरो मोती पुरस्कार (२०४९)
३१. जनप्रियताको नाप (२०५३)
३२. अक्षरको प्रदर्शनी (२०५५)
३३. नमस्कार (२०५८)
३४. ठाँगे उक्लेपछि (२०६०)
३५. रेलको रमाइलो (२०६१)
३६. सहोदरी ठुङ (२०६२)
३७. प्रिय इन्दिरा (२०६२)

**प्रबन्ध र समीक्षा**

३८. दक्षिण एसियाली क्षेत्रीय सङ्गठन (२०४३)
३९. शान्तिक्षेत्र : प्रस्ताव र समर्थन (२०४४)
४०.श्री ५ ज्ञानेन्द्र र आजको नेपाल (२०५८)
४१. राजसंस्था र नेपाली जनता (२०५९)
४२. देवकोटाका कृति (२०६६)

**गीत**

४३. मेरो मनको देउराली (२०४६)
४४.पुग्नुपर्ने टाढा थियो (२०५४)

**अन्तर्वार्ता**

४५. सामाजिक सेवा अन्तर्दृष्टि (२०४४)
४६. एउटा महारथीको जबाफ (२०५७)

**लेखन तथा सम्पादन**

४७. सामाजिक सेवाको नालीबेली (२०४५)
४८.नेपाली साहित्यका समालोचक र समालोचना (२०५७)

**सम्पादन**

४९. चाँदनी शाह : आफ्नै आकाश, आफ्नै परिवेश (२०४३)
५०. चाँदनी शाहका रचना (२०४३)
५१. ज्ञानज्योति (२०४९)
५२. अरुणा लामा : कथा र व्यथा (२०५०)

५३. भारती खरेल : सृजना र समीक्षा* (२०५२)
५४. पौरखी पुरुष* (२०५२)
५५. एउटा अमर प्राज्ञ : बालकृष्ण सम* (२०५४)
५६. रुद्रराज पाण्डे : सृष्टि र दृष्टि* (२०५४)
५७. गणेश गुरु : साधनादेखि समाधिसम्म* (२०५४)
५८. भूपाल अर्चना* (२०५५)
५९. उकाली ओरालीहरूमा तारादेवी* (२०५६)
६०. ईश्वर बराल : कृति र कीर्ति* (२०५७)
६१. श्री ५ वीरेन्द्रको बहुआयामिक व्यक्तित्व* (२०५७)
६२. सङ्गीतशिरोभूषण : नातिकाजी* (२०५८)
६३. ईश्वरवल्लभ : आयाम र आकृति* (२०५९)
६४. कालो अक्षरदेखि सग्लो अक्षरसम्म* (२०६०)
६५. मिश्रका कृति : कविका दृष्टि* (२०६०)
६६. शरदचन्द्र भट्टराईको इतिवृत्त* (२०६२)
६७. The Summit of Women Writers* (2007)
६८. महाकवि देवकोटा शताब्दी निबन्ध (२०६६)
६९. नेपाली भाषासाहित्यको अन्तर्राष्ट्रिय विस्तार* (२०६७)
७०. विश्व नारी नेपाली साहित्यको रेखाङ्कन* (२०७१)
७१. चौध अञ्चलमा नारी साहित्य* (२०७१)
७२. वानीरा गिरीको कृतिस्तम्भ* (२०७१)
७३. कवितामा वानीरा* (२०७१)
७४. विश्व नारी नेपाली साहित्यको समीक्षा* (२०७२)
७५. भानु विमर्श* (२०७२)
७६. अविश्रान्त साधक : घटराज भट्टराई* (२०७४)
७७. कवितामा घटराज भट्टराई* (२०७४)

•••

• **पत्रिका सम्पादन** : कुटुम्ब, उपकार, भानुमोती, प्रज्ञापत्र

• **श्रव्य सिडी :** देवकोटाको जीवनशैली (जीवनी)

- **गीतलेखन** : दुई वटा श्रव्य सिडी र चार वटा श्रव्य क्यासेट
- फुटकर लेखरचना सात सय वटाभन्दा धेरै
- बाह्र वर्षसम्म स्तम्भकार (नेपालीपत्र साप्ताहिक, समकालीन साप्ताहिक, कान्तिपुर दैनिक, स्पेसटाइम दैनिक, राजधानी दैनिक, अन्नपूर्ण पोस्ट दैनिक र कान्तिपुर एफएम)

---

⋆ The Glory of Nepal (A Biography of Lain Singh Bangdel) & The Legend of Literature (A Biography of Parijat) Nepali to English Translated by Sangpo Lama. The Summit of Women Writers (Faces with Introduction) Drawings by Indra Khatri. The Great Poet of Nepal (A Biography of Devkota) Nepali to English Translated by Anukritika. Century Person : Satya Mohan Joshi (A Biography of Satya Mohan Joshi) Nepali to English Translated by Anu Raj Joshi)

⋆ **इन्दिरा प्रसाई**को समेत लेखन र सम्पादन ।

✈ **प्रा.डा.महादेव अवस्थी**को समेत सम्पादन ।